# मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका

**२०६८**

NJA - Nepal

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

**हरिहरभवन, ललितपुर**

**माघ, २०६८**

---

सहयोग

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

The Asia Foundation

**तयारी समूह :** मा.श्री राघब लाल वैद्य
मा.श्री तिल प्रसाद श्रेष्ठ
श्री श्रीधर सापकोटा
श्री लालबहादुर कुंवर

**कार्यक्रम व्यवस्थापक:**
श्री राजनकुमार के.सी., राष्ट्रिय न्यायिक प्रतिष्ठान

**डिजाइन :**
श्री विष्णुबहादुर बरुवाल, प्रकाशन सहायक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

**प्रकाशन प्रति : ५००**

**प्रकाशक**
राष्ट्रिय न्यायिक प्रतिष्ठान

**प्रकाशित:** मिति २०६८

**सहयोग:**
संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (***यूएसएआईडी***) तथा दि एसिया फाउन्डेसन

**मुद्रण:** फरम्याट प्रिन्टिङ्ग प्रेस

*यो मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ सम्बन्धित क्षेत्रका सरोकारवालाहरूको राय सुझावको आधारमा तयार पारी संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग ( यूएसएआईडी) र दि एसिया फाउन्डेसनमार्फत अमेरिकी जनताको सहयोगमा प्रकाशन भएको हो । यस निर्देशिकामा समाविष्ट विचार तथा विषयवस्तुको लागि राष्ट्रिय न्यायिक प्रतिष्ठान जिम्मेवार छ । यसले यूएसएआईडी वा अमेरिकी सरकारको दृष्टिकोण प्रतिविम्बित गर्ने छैन ।*

महान्यायाधिवक्ताको कार्यालय
(........................... शाखा)

पत्र संख्या :-
चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-............................

मन्तव्य

आजको विश्व संगठित अपराधको श्रृंखलाबाट मुक्त हुन सकेको छैन । संगठित अपराधको एउटा महत्वपूर्ण कडीको रूपमा मानव बेचबिखन तथा ओसारपसार जन्य कसूरलाई पनि लिइएको छ । संयुक्त राज्य अमेरिकाले सन् २०११ मा पनि मानव बेचबिखन सम्बन्धी प्रतिवेदन प्रकाशन गरेको छ । विश्वको १८४ मुलुकको मानव बेचबिखनको अवस्थालाई यस प्रतिवेदनले समेटेको छ । यस प्रतिवेदनको अनुसार टायर १ (एक) मा उल्लेख गरिएका मुलुकहरूको मानव बेचबिखन तथा ओसारपसारको अवस्था अरू टायर २ (दुई) र ३ (तीन) मा उल्लेख भएका मुलुकहरूको भन्दा केही कमी अर्थात ती मुलुकहरूमा यसको स्थितिमा कमी रहेको छ ।

नेपाल पनि विगत वर्षहरू देखि टायर २ (दुई) को चरणमा रहेको छ । अर्थात त्यो मुलुक जसको सरकारले अमेरिकी मानव बेचबिखनबाट पीडितको संरक्षण ऐन, २००० मा व्यवस्था भएको न्यूनतम मापदण्डको पूर्ण रूपमा पालना नगरेको तर ती मापदण्डको पालनाको लागि प्रयत्नरत रहेको अवस्थालाई बुझिन्छ । यस प्रतिवेदनले नेपालको मानव बेचबिखन तथा ओसारपसारको स्थिति सन्तोषजनक नरहेको भन्ने प्रष्ट देखिएको तर मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने आधारभूत मान्यताको क्रमशः अवलम्बन गरी रहेको भन्ने देखाउँदछ ।

मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रणको सन्दर्भमा हाम्रो राष्ट्रिय प्रयास पनि पर्याप्त मात्रामा नभएका होइनन् । तर पनि स्वाभाविक मात्रामा हामीले सफलता प्राप्त गर्न सकेका छैनौ । यसको पछाडि एउटा मात्र कारण होइन सामाजिक, आर्थिक र राजनीतिक जस्ता धेरै कारणहरू जिम्मेवार रहेका छन् । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी संरचना हुदाँहुँदै पनि प्रभावकारी बन्न सकेको छैन ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यू.एस.ए.आई.डी.) बाट नेपालको विद्यमान मानव बेचबिखन तथा ओसारपसार जन्य कार्यलाई नियन्त्रण गर्ने सन्दर्भमा पाँच वर्षे कार्यक्रम संचालन गर्ने जिम्मेवारी दि एशिया फाउण्डेशन, नेपालले पाएको थियो । उक्त कार्यक्रम अन्तर्गत राष्ट्रिय न्यायिक प्रतिष्ठानले सरकारी वकील तथा अदालतबाट प्रस्तुत विषयमा गरिने काम कारबाहीलाई सरल तुल्याउन **मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०६८** तयार गरेको छ । यस निर्देशिकाले ती निकायहरूको काम कारबाहीमा बिल्कुलै मद्दत पुग्न जाने नै देखिन्छ । परिणाम स्वरूप कानूनको प्रयोगको दृष्टिमा आगामी दिनहरूमा सरकारी वकील कार्यालय र अदालतबाट हुने यसको प्रयोगले मानव बेचबिखन तथा ओसारपसार जन्य कसूरलाई नियन्त्रण गर्न र पीडितहरूलाई यथोचित राहत प्रदान गर्न सहयोग सिद्ध हुनेमा विश्वास गर्न सकिन्छ ।

२०६८, फागुन

मुक्तिनारायण प्रधान
महान्यायाधिवक्ता

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"..... committed to Excellency of Nepalese Law and Justice Sector."

# भूमिका

प.सं.
Ref.

संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) र दि एसिया फाउन्डेसनको सहकार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट तयार भएको **"मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका"** न्यायाधीश, अदालतका कर्मचारी र सरकारी वकील कार्यालयका उच्च अधिकृतहरूसँग अन्तरक्रिया गरिएको र सोबाट प्राप्त सुझावहरूको सन्दर्भमा परिष्कृत भई अन्तिम रूपमा प्रस्तुत हुन आएको छ ।

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन र अदालती कारबाहीको सम्बन्धमा न्यायाधीशले न्याय सम्पादन गर्ने क्रममा बेहोर्नुपरेको समस्यालाई र सरकारी वकिलले पनि अभियोजन गर्नुपूर्व तथा अभियोजनको क्रममा आउन सक्ने द्विविधालाई तत्काल निकास दिन यस निर्देशिका, २०६८ ले मार्गदर्शन गर्न सकोस् भन्ने उद्देश्यले तयार भएको हो । यसबाट सम्बन्धित सबैलाई आफ्नो क्षेत्रमा काम गर्न सहयोगका साथै सफलता प्राप्त हुनेछ भन्ने आशा गरेको छु ।

न्यायिक क्षेत्रमा अभियोजन र अदालती प्रक्रिया सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०६८ जस्तो Standard Operating Procedure (SOP) ले नौलो प्रविधिको प्रारम्भ गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानसँगको सहकार्यमा एसिया फाउन्डेसनबाट प्राप्त सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

२०६८, चैत्र

राघबलाल वैद्य
उकार्यकारी निर्देशक

हरिहरभवन, ललितपुर
फोन नं. : +१-५५४९०५७, +१-५५४९०६७
फ्याक्स : +१-५५३०६६२
पोष्ट बक्स नं. २४८६५

E-mail : info@njanepal.org.np
URL : www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Tel : +01-5549057, +01-5549067
Fax : +01-5530662
Post Box No.: 24865

# विषयसूची


## परिच्छेद-एक

**प्रस्तावना**
**प्रारम्भिक** १ - ८
**(Introductory)**

१.१ मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधको प्रकृति
१.२ निर्देशिका तयार गर्नुपर्ने पृष्ठभूमि
१.३ निर्देशिकाको आवश्यकता
१.४ निर्देशिकाको प्रयोग

## परिच्छेद-दुई

**कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था** ९ - १४
**(Legal Framework of Crime and Punishment)**

२.१ परिचय
२.२ मानब बेचबिखन तथा ओसारपसारको कसुर सम्बन्धी व्यवस्था
२.३ दण्ड सजायको व्यवस्था
२.४ क्षतिपूर्ति सम्बन्धी व्यवस्था
२.५ बुझिराख्नुपर्ने मुख्य विषयहरू
२.६ कसुर र दण्ड सजायको संक्षिप्त झलक

## परिच्छेद-तीन

**अपराध अनुसन्धानदेखि अभियोजनपश्चात्सम्मको प्रक्रिया र सरकारी वकिलको भूमिका** १५ - ३०
**(Proceeding through Investigation to Post Prosecution and Role of the Prosecutors)**

३.१ परिचय
३.२ अपराध अनुसन्धानदेखि अभियोजनसम्म सरकारी वकिलहरूको संलग्नता र भूमिका
 ३.२.१ अपराध अनुसन्धान तहकिकातको क्रममा
 ३.२.२ पीडित व्यक्तिको बयान गराउँदा
 ३.२.३ शङ्कित व्यक्तिको बयान गराउँदा
 ३.२.४ अनुसन्धान अधिकारीबाट रायसहित प्रतिवेदन तथा मिसिल प्राप्त भएपछि
 ३.२.५ अभियोगपत्रमा खुलाउनुपर्ने कुराहरू
३.३ पूरक अभियोगपत्र पेस गर्न सकिने
३.४ सजायको मागदाबीमा छुट

३.५ मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार सरकारी वकिलले
ध्यानमा राख्नुपर्ने अन्य व्यवस्थाहरू
३.६ सरकारी वकिलका अन्य कार्यहरू
३.७ प्रमाण प्रस्तुति एवम् परीक्षण सम्बन्धी प्रक्रिया
३.८ बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी प्रक्रिया
३.९ पुनरावेदन सम्बन्धी प्रक्रियामा सरकारी वकिलले गर्नुपर्ने कार्यहरू
३.१० फैसला कार्यान्वयन
३.११ अपराध अनुसन्धान : अभियोजन तथा प्रतिरक्षा सम्बन्धमा विचार गर्नुपर्ने मुख्य सिद्धान्तहरू

## परिच्छेद-चार

**अदालती कारबाही प्रक्रिया** ३१ - ३८
**(The Trial Process)**
४.१ परिचय
४.२ पीडितको बयान प्रमाणित गर्दा अदालतले निर्वाह गर्नु पर्ने भूमिका
४.३ शङ्कित व्यक्तिलाई हिरासतमा राख्ने अनुमति दिंदाको प्रक्रिया,
४.४ अदालतमा अभियुक्तको बयान लिने प्रक्रिया,
४.५ अदालती हिरासत र थुनछेक सम्बन्धी प्रक्रिया,
४.६ अदालतले पीडितको साक्षी परीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया,
४.७ प्रहरी कर्मचारीसँगको समन्वय र प्रहरी कर्मचारीको कर्तव्य,

## परिच्छेद-पाँच

**पीडितको मानवअधिकार संरक्षण सम्बन्धी व्यवस्था** ३९ - ४६
**(Provisions Related to Human Rights Protection of the Victim)**
५.१ परिचय
५.२ पीडित संरक्षण सम्बन्धी मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा
रहेको कानुनी व्यवस्थाहरू,
५.३ पीडितको अधिकार संरक्षणमा सरकारी वकिलको भूमिका
५.४ पीडितको अधिकार संरक्षण सम्बन्धमा नागरिक समाजको भूमिका

**परिच्छेद-छ**

**मानव बेचबिखन र ओसारपसारका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिवादित महत्वपूर्ण नजिरहरू** ४७ - ५०

**परिशिष्टहरू** ५१ - ६१

परिशिष्ट १: विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४

परिशिष्ट २: अभियोगपत्रको ढाँचा

परिशिष्ट ३: आफन्तसँग भेटघाट र मानवोचित व्यवहार सम्बन्धमा विकशित अन्तर्राष्ट्रिय कानुन तथा अभ्यास

परिशिष्ट ४: महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्रको मुख्य व्यहोरा

परिशिष्ट ५: नेपालले अनुमोदन गरेको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा केन्द्रित विशेष तथा सामान्य अन्तर्राष्ट्रिय दस्तावेजहरू

**सन्दर्भ सामग्री** ६२ - ६२

## प्रस्तावना

नेपाल मानव बेचबिखन तथा ओसारपसारबाट अत्यधिक प्रभावित भइरहेको परिप्रेक्ष्यमा मानव बेचबिखन तथा ओसारपसारजन्य कसुरको अभियोजन तथा अदालती कारबाही प्रक्रियालाई सरल, सहज प्रभावकारी ढङ्गले सम्पादन गरी अभियुक्तलाई दण्ड दिलाई पीडितलाई न्याय प्रदान गर्ने उद्देश्यले यो निर्देशिका बनाई जारी गरिएको छ।

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "**मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८**" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) 'ऐन' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ सम्झनुपर्दछ।

(ख) 'नियमावली' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ लाई सम्झनुपर्दछ,

(ग) 'संस्था' भन्नाले ऐनको दफा १३ को उपदफा (२) बमोजिम केन्द्र सञ्चालन गर्न स्वीकृति प्राप्त संस्था सम्झनुपर्दछ र सो शब्दले त्यस्तो संस्थासँग संयुक्त रूपमा केन्द्र सञ्चालन गर्ने संस्थाका साथै नियमावलीको नियम ११ को उपनियम (२) बमोजिम व्यवस्थापन करारमा केन्द्र सञ्चालन गर्ने संस्थासमेतलाई जनाउनेछ।

(घ) 'व्यवस्थापन समिति' भन्नाले नियमावलीको नियम १२ बमोजिम गठित केन्द्रको व्यवस्थापन समिति सम्झनुपर्दछ।

(ङ) 'पुनर्स्थापना केन्द भन्नाले' मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूलाई संरक्षण तथा पुनर्स्थापना गर्नको निमित्त सञ्चालन गरिएको केन्द्रलाई सम्झनुपर्दछ।

३. **मार्गदर्शनका रूपमा रहने :** यो निर्देशिका ऐन अनुसार कसुर ठहरिने मुद्दाको अभियोजन तथा अदालती कारबाही प्रक्रियाका सम्बन्धमा सम्बन्धित पदाधिकारी र निकायका लागि सामान्य मार्गदर्शनको रूपमा मात्रै रहनेछ। यसमा रहेका व्यवस्थाहरू कानुनको रूपमा लागू हुने छैनन्। यस निर्देशिकामा रहेका व्यवस्थाहरू प्रचलित कानुनसँग बाझिएको अवस्थामा प्रचलित कानुनकै व्यवस्था लागू हुनेछन्।

# परिच्छेद-एक

## प्रारम्भिक

**१.१ मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधको प्रकृति**

विश्वका प्रायः मुलुकहरू कुनै न कुनै रूपमा मानव बेचबिखन तथा ओसारपसारको समस्याबाट ग्रसित छन् । मानव बेचबिखन तथा ओसारपसारजन्य कार्य विश्वमा अति नै लाभयुक्त आपराधिक कार्यको रूपमा द्रुततर गतिमा बढ्दै गइरहेको छ । यस प्रकारको कार्यबाट मात्र विश्वमा करिब ४२.५ अर्ब अमेरिकी डलर बराबरको अनधिकृत बजार सिर्जना भएको देखिएको छ । यसैगरी संयुक्त राष्ट्र सङ्घका अनुसार १२७ मुलुकहरूबाट करिब २५ लाख मानिसको ओसारपसार हुने गरेको छ । जसमध्ये दक्षिण एसियाबाट मात्र कम्तीमा २ लाख देखि २ लाख ५० हजारको सङ्ख्यामा महिला तथा बालबालिकाहरूको बेचबिखन हुने गरेको छ ।[१] मानव बेचबिखनको सम्बन्धमा मानव बेचबिखन प्रतिवेदन, २०१० ले १२ करोड ३० लाख मानिस दासत्वको आधुनिक रूप मानव बेचबिखन तथा ओसारपसारबाट आज विश्वमा पीडित छन् । उल्लिखित प्रतिवेदनले विश्वमा प्रति १ हजारमा १.८ जना र एसिया तथा प्यासिफिक क्षेत्रमा प्रति १ हजारमा ३ जना पीडित रहेको देखाएको छ ।[२]

त्यस्तै प्रत्येक वर्ष ८ लाखदेखि ९ लाख मानिस बेचबिखनको प्रक्रियाबाट देशको सीमा पार हुने गर्दछन् । त्यसमध्ये असी प्रतिशत (८०%) पीडित महिला र बालबालिका छन् भने सो अन्तर्गत पनि पचास प्रतिशत (५०%) पीडित सोह्र वर्षमाथि र अठार वर्ष नपुगेका व्यक्तिहरू छन् । अधिकांशतः अन्तरदेशीय सङ्गठित अपराधबाट पीडितहरू व्यापारिक यौनजन्य शोषणमा परेको पाइन्छ ।[३] महिलामध्येका सत्तरी प्रतिशत (७०%) भन्दा बढी महिला व्यापारिक यौनजन्य शोषणमा परेको अनुमान गरिएको छ भने तीस प्रतिशत (३०%) महिला पीडितहरू बलयुक्त श्रमको सिकार भएको पाइएको छ ।[४] मानव बेचबिखनको उत्पत्ति, मार्गस्थ र गन्तव्य देशका रूपमा यो अपराधले संसारका अधिकांश राष्ट्रलाई प्रभावित पारेको छ । युनिसेफका अनुसार पनि विश्वका २० लाख बालबालिका यौनजन्य व्यापारमा संलग्न रहेको देखाएको छ । उल्लिखित तथ्याङ्कलाई हेर्दा मानव बेचबिखन तथा ओसारपसारजन्य गम्भीर आपराधिक कार्य क्रमशः बढ्दै गइरहेको देखिनुले विश्वको सामाजिक आर्थिक विकासको लागि चुनौतीको रूपमा रहेको छ ।

नेपाल पनि यस प्रकारको विश्वव्यापी चुनौतीको रूपमा रहेको प्रस्तुत समस्याबाट अलग रहन सकेको छैन । नेपालमा विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन एक गम्भीर समस्या र चुनौतीको रूपमा बढ्दै गइरहेको छ । नेपाललाई मानव बेचबिखनको स्रोत मुलुकको रूपमा राखिएको र नेपालबाट विशेषगरी व्यापारिक यौनजन्य शोषणको लागि र बाल श्रमको लागि अन्तरदेशीय र स्थानीय रूपमा बेचबिखन गरिने गरिएको छ ।[५] नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको समस्याबाट बढी ग्रस्त २६ जिल्लालाई लिएको छ । महिलाको अतिरिक्त बालबालिका र पुरुष पनि व्यापारिक यौनजन्य शोषण, बलयुक्त श्रम शोषण र अन्य प्रकारका शोषण (जस्तो शरीरको अङ्ग बिक्री, भिक्षा माग्ने, ऊँट दौड,

---

१ http://en.wikipedia.org/wiki/Human_trafficking revisited 2011, March
२ US Department of State, TIP Report 2010, revisited at 2011, March
३ US Department of State TIP Report 2008,
४ http://www.unitar.org/ny/sites/default/files/Trafficking%20presentation_12%20June%202008.pdf, revisited 13th Feb 2010,
५ US Department of State, TIP Report 2010, revisited at 2011, March

सर्कस) को उद्देश्यले बेचिने गरेका छन् । यद्यपि महिला र बालबालिकाहरू नै बढी मानव बेचबिखन र ओसारपसारमा पर्ने गरेको अध्ययन अनुसन्धानले देखाएको छ ।[६]

मानव बेचबिखन तथा ओसारपसारजन्य कार्य भवितव्य वा आवेशप्रेरित कार्यको परिणाम नभई नियतपूर्वक मानिसलाई जनावरसरह बेचबिखन गरिने हुँदा यो एक गम्भीर अपराध, नैतिकताविरुद्धको र फौजदारी अपराध हो । त्यसैले मानव बेचबिखनको कार्य न इतिहासमा कहिल्यै क्षम्य थियो, न आज छ न त भोलि नै नैतिक हुनेछ । मानव बेचबिखनको कार्यले मानिसको सम्मानपूर्वक बाँच्न पाउने हक, आफ्नो इच्छा अनुरूपको काम गर्न पाउने हक, यातना तथा शोषणविरुद्धको हक, स्वास्थ्यको हक, तथा व्यक्तिको आत्मनिर्णयको अधिकारलाई कुण्ठित गर्दै ती हक अधिकारको उपयोगमा गम्भीर चुनौती ल्याइदिन्छ । त्यसैले मानव बेचबिखनको अपराध व्यक्ति, समाज वा राज्यविरुद्धको मात्र अपराध नभएर समग्र मानवताविरुद्धकै अपराध हो ।

**परिभाषा**

**(क) मानव बेचबिखन तथा ओसारपसार**

१. Global Alliance Against Trafficking in Women (GAATW) का अनुसार "कुनै पनि व्यक्तिलाई ललाई फकाई, डर देखाई, धम्काई, बल प्रयोग गरी बँधुवा बनाई वा आफ्नै हैकममा प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति भए तापनि एक ठाउँबाट अर्को ठाउँमा लग्नु" बेचबिखन हो ।[७]

२. बेचबिखनमा परेका व्यक्तिको उपचारको लागि मानवअधिकार निर्देशिका (Human Rights Standards for the Treatment of Trafficked Persons) का अनुसार "कुनै कार्यको लागि भर्ना गर्दा, देशको सीमाभित्र वा बाहिर ओसारपसार गर्दा, खरिद बिक्री गर्दा, स्थान्तरण गर्दा, धोखा दिएर कुनै व्यक्तिलाई ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरुपयोग वा धम्कीको प्रयोग लगायतका जबरजस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धकमा पारेर समातेर राख्ने, बिनापारिश्रमिक वा पारिश्रमिकसहित अनिच्छापूर्वक दासी बनाएर राख्ने (घरेलु, यौनदासी वा प्रजनन्को प्रयोजनको लागि) कार्यहरू तथा आफू सुरुको अवस्थामा रहेको समुदायभन्दा फरक समुदायमा कसैलाई जबरजस्ती श्रम लुटेर बँधुवा मजदुरका रूपमा वा दासतामूलक परिस्थितिमा राख्न बाध्य गराउने क्रियाकलापहरू" बेचबिखनको दायरामा पर्दछन् ।[८]

३. अन्तरदेशीय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिको पूरकको रूपमा रहेको मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधीन आलेख (पालेर्मो प्रोटोकल)[९] ले दिएको मानव बेचबिखनको परिभाषा अनुसार : 'शोषण गर्ने उद्देश्यले धम्की वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी, जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमी अवस्थाको दुरुपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ लिनु/दिनु गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने । शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमारा कमारी वा मानव अङ्ग झिक्नु' । साथै प्रोटोकलले कुनै बालबालिकाको शोषण गर्ने उद्देश्यले भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने आश्रय दिने वा प्राप्त गर्ने कार्य मानव बेचबिखन मानिनेछ[१०] भनी परिभाषा गरेको छ ।

---

[६] **मानव बेचबिखनको अपराध, यसविरुद्धको कानुन र रोकथामका उपायहरू** नृपध्वज निरौलाको लेखको आधारमा

[७] http://www.gaatw.org/index.php?option=com_content&view=article&id=94&Itemid=47

[८] http://gaatw.org/books_pdf/hrs_eng2.pdf

[९] Protocal to Prevent, Supress and punish trafficking in Person, Especially Women and Children, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000, Art 3(a),

[१०] *Ibid* Art 3(c)

४. संयुक्त राष्ट्रसङ्घद्वारा ओसारपसार एवम् बेचबिखनको बारेमा अध्ययन गरी प्रतिवेदन तयार पार्न नियुक्त विशेष प्रतिवेदक राधिका कुमारास्वामीले आफ्नो प्रतिवेदनमा मानव बेचबिखनको अर्थ गर्दै त्यस अन्तर्गत कुनै व्यक्तिलाई बलयुक्त श्रम वा दासत्वको रूपमा (जुन समाजमा अभ्यासमा रहेको छ) आश्रय दिने वा राख्ने उद्देश्यले, पैसा तिरेर वा नतिरी, धम्की दिई, हिंसा गरी, कब्जा गरी, शक्तिको दुरुपयोग गरी, जालसाजी गरी, छलछाम गरी, अधिकारको दुरुपयोग गरी वा ऋण बन्धकको रूपमा स्थानान्तरण गर्नेसमेतका कार्यलाई उल्लेख गरेको पाइन्छ ।[११] अतः मानव बेचबिखन तथा ओसारपसार भन्नाले मानवअधिकारको गम्भीर उल्लङ्घन हुने गरी वेश्यावृत्तिमा लगाउने, यौन शोषण गर्ने, यौनजन्य कार्यमा लगाउने, बिना वा कम पारिश्रमिकमा काममा लगाउने, इच्छाविरुद्ध दास तुल्याउने, बन्धक बनाउने, स्वतन्त्रतालाई कुण्ठित गर्ने लगायतका क्रियाकलापहरूलाई जनाउँछ ।

**(ख) पीडित**

१. पीडितको परिभाषा गर्ने सन्दर्भमा संयुक्त राष्ट्रसङ्घले सन् १९८५ मा जारी गरेको  मा गरिएको परिभाषाअनुसार,
पीडित भन्नाले "व्यक्तिगत वा सामूहिक रूपमा शारीरिक, मानसिक, भावनात्मक र आर्थिक क्षति बेहोरेको व्यक्ति वा मौलिक हक अधिकारमा व्यापक क्षति भएको व्यक्ति तथा राज्यमा लागू भएको फौजदारी कानुनले गर्न भनेको काम नगरेर वा शक्तिको दुरुपयोग गरेर उनीहरूको अधिकारको व्यापक उल्लङ्घन भएको व्यक्तिलाई र[१२] पीडक भन्नाले चिनिएको, समातिएको, अभियोजन गरिएको वा दोषी ठहर भएको वा भए वा नभए पनि त्यस्ता व्यक्तिलाई" जनाउँछ । सन्दर्भ अनुसार पीडित शब्दले प्रत्यक्षतः पीडित भएका व्यक्तिको परिवार आश्रित व्यक्ति तथा पीडितलाई दुःख र पीडाबाट जोगाउने वा सहयोग गर्ने क्रममा पीडा वा नोक्सानी बेहोरेको व्यक्तिलाई समेत जनाउँदछ ।[१३]

२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार; पीडित भन्नाले "बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनुपर्दछ",


उल्लिखित परिभाषाको अध्ययनबाट मानव बेचबिखन तथा ओसारपसार भनेको पीडितको सहमति वा मञ्जुरीबिना व्यापारिक उद्देश्यले कसैलाई यौनजन्य कार्य वा अन्य जुनसुकै प्रयोजनको लागि कुनै एक स्थानबाट अर्को स्थानमा लैजाने वा किनबेच गर्ने कार्य हो । पीडित भनेको उल्लिखित कार्यको परिणामस्वरूप शारीरिक, आर्थिक, मानसिक पीडा बेहोर्नुपरेको व्यक्ति हो । चित्रबाट मानव बेचबिखन तथा ओसारपसारको समग्र रूपलाई अध्ययन गर्न सकिन्छ ।

---

११ अभियोजन तथा न्यायिक कारवाही सम्बन्धी दिग्दर्शन २०५९, सेलर्ड, पृष्ठ ४

१२ Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, Adopted by General Assembly resolution 40/34 of 29 November 1985, Art 1.

१३ *Ibid* Art. 2




मानव बेचबिखन तथा ओसारपसारजन्य कसुरमा देखिने अन्य लक्षणहरू निम्न रहेका हुन्छन् । ती लक्षणहरूको आधारमा अभियोजनकर्ता तथा न्यायिक निर्णयकर्ताले आफ्नो कार्य सम्पादन गर्दा मानव बेचबिखनको कसुर भएको हो होइन भनी निष्कर्षमा पुग्न मद्दत पुग्ने हुन्छ ।

(क) पीडित व्यक्तिको सहमतिको अभाव हुनु,

(ख) जुनसुकै प्रकारको शोषण (यौनजन्य शोषण होस् वा दासको रूपमा प्रयोग वा अङ्ग निकाल्नको लागि गरिने शोषण) किन नहोस् सोको लागि गरिने ओसारपसार तथा बेचबिखनमा हिंसा, डर-त्रास, छलकपट, धम्की, प्रलोभन, झुक्यान, शक्तिको प्रयोग, अख्तियारको दुरुपयोग, धोकाजस्ता तत्वहरू समावेश भएका हनु,

(ग) एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण एवम् किनबेच हुनु,

(घ) जबरजस्तीपूर्बक, धम्की, डर-त्रास, शक्तिको प्रयोग, छलकपट, प्रलोभनमा पारेर यौन व्यापारको कार्यमा संलग्न गराइएको हुनु,

(ङ) यौन शोषणको लागि मानव बेचबिखन वा ओसारपसार गरिएको हो भने यौन व्यापारमा संलग्न गराउनुका अतिरिक्त कुनै पनि किसिमको यातना दिने वा खानबाट वञ्चित गर्ने, थुनामा राख्ने, बलात्कारजन्य कार्य भएको हुनु ।

## १.२ निर्देशिकाको पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसारजन्य कार्य अन्तरराज्यीय वा राज्यभित्रकै एक किसिमको सङ्गठित अपराध हो । गम्भीर प्रकृतिको अपराधको अनुसन्धान आफैंमा जटिल विषय रहेको छ । मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधलाई विश्वमा मानवताविरुद्धको गम्भीर अपराधको रूपमा लिइएको छ । यसप्रकारका अपराधजन्य कार्यले विश्वमा थप चुनौतीहरू खडा गरेका छन् । जसबाट नेपाल पनि अलग रहन सकेको छैन । प्रस्तुत समस्यालाई समाधान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विगत लामो समयदेखि नै अनेकौं प्रयासहरू नभएका भने होइनन् । तथापि आशातीत सफलता भने प्राप्त हुन सकेको छैन । मानब बेचबिखन तथा ओसारपसारजस्तो जघन्य आपराधिक कार्यमा संलग्न कसुरदारलाई कानुनको दायरामा ल्याउने, कसुरदार ठहरिएमा कानुन बमोजिम उचित दण्ड सजाय गर्ने र पीडितलाई उचित क्षतिपूर्ति एवम् राहत प्रदान गर्ने सम्बन्धमा छरिएर रहेका विद्यमान कानुनहरू प्रभावकारी नरहेको र

प्रस्तुत अपराधजन्य कार्यमा आएको विस्तृतीकरणलाई समेट्नसमेत नसकेको सन्दर्भमा त्यस्ता कमी कमजोरीलाई हटाई व्यवस्थापिका संसद्ले परिमार्जित कानुनको रूपमा नयाँ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ निर्माण गरी लागू गरेको छ । मानब बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ ले मूलतः निम्न लिखित विशेषताहरू बोकेको छ ।

(क) अपराधमा संलग्न अभियुक्तको सम्बन्धमा प्रभावकारी अनुसन्धान गर्ने,
(ख) मुद्दाको अभियोजनात्मक कार्यमा प्रभावकारिता ल्याउने,
(ग) न्याय सम्पादनमा छिटोछरितो र निष्पक्षता कायम गरी पीडितलाई न्याय दिलाउने,
(घ) पीडितको उद्धार, पुनर्स्थापना, क्षतिपूर्तिको उचित व्यवस्था गर्ने,

प्रस्तुत ऐन लागू भएपछि ऐनमा उल्लिखित कसुरको नियन्त्रण गर्न राज्यका सम्बन्धित निकाय तथा पदाधिकारीहरूले आफ्नो कर्तव्य निर्वाह गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रियाहरू सम्बन्धमा एकरूपता ल्याउने कुरामा ऐनले जोड दिएको छ । अपराध अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीमा संलग्न निकायहरू (जस्तो प्रहरी, सरकारी वकिल, अदालत, कानुन व्यवसायी, नागरिक समाज) का बीच समन्वय र सहकार्यको वातावरण निर्माण गरी प्रत्येक निकायको काम कारबाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले मानब बेचबिखन तथा ओसारपसार मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्य सञ्चालन निर्देशिका दि एसिया फाउन्डेसनको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले तयार गरी सम्बन्धित निकायहरूको प्रयोगमा ल्याउने उद्देश्यले प्रस्तुत निर्देशिकाको निर्माण गर्न लागिएको हो ।

### १.३ निर्देशिकाको आवश्यकता

कसुरको सफलताको महत्वपूर्ण आधारहरू प्रभावकारी अनुसन्धान, अभियोजन र अदालती फैसला नै हुन् । प्रस्तुत निर्देशिकामा अनुसन्धानको प्रक्रियाको विषयमा उल्लेख गरिएको छैन । अनुसन्धान प्रक्रियाको विषयमा छुट्टै निर्देशिका विद्यमान छ । मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको अभियोजनकर्ता सरकारी वकिलको काम कारबाही तथा अदालती काम कारबाहीमा एकरूपता ल्याउन, प्रभावकारी तुल्याउन र सरलता, सहजता एवम् पारदर्शिता कायम गर्न प्रस्तुत कार्य सञ्चालन निर्देशिका ले महत्वपूर्ण सहयोग गर्नेछ । प्रचलित कानुन अनुरूप यस प्रकारको अपराधको अभियोजन गर्ने सरकारी वकिल तथा अदालतलाई यस सम्बन्धमा विस्तृत कार्यविधिसहितको निर्देशिका तायर गरी प्रभावकारी ढङ्गबाट अनुसन्धान अभियोजन सम्बन्धी काम कारबाही गर्ने महत्वपूर्ण आधार हुने भएकोले प्रस्तुत निर्देशिका तयार गरिएको हो ।

### १.४ निर्देशिकाको प्रयोग

निश्चित रूपमा कार्य सञ्चालन निर्देशिका (SoP) ले कानुनको रूप धारण गर्न सक्दैन । मानव बेचबिखन तथा ओसारपसारका मुद्दाको गाम्भीर्यता एवम् पीडितको संवेदनशीलतालाई ध्यानमा राखी तद्अनुरूपका सिद्धान्त र प्रक्रियाहरूको अवलम्बन गर्नुपर्ने विषयलाई औंल्याउनु यसको प्रमुख विशेषता हो । साथै यस निर्देशिकामा प्रचलित संविधान र कानुन तथा अन्तर्राष्ट्रिय कानुन र मान्यता एवम् न्यायिक निकायको निर्णयसमेतको समुचित पालना गर्दै अभियोजन प्रक्रियालाई प्रभावकारी बनाउन सरकारी वकिलहरूले निर्वाह गर्नुपर्ने भूमिकाको सम्बन्धमा समेत उल्लेख गरिएको छ । त्यसैगरी यसमा अदालती प्रक्रिया वा कार्यविधिका बारेमा सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिएको हुँदा अभियोजन अधिकारी एवम् अदालतबाट निर्देशिकालाई आत्मसात् गर्न सकेमा अपराधको अभियोजन र मुद्दाको पुर्पक्ष प्रभावकारी हुन गई अपराधीलाई कानुन बमोजिम दण्ड सजाय हुने र यसबाट पीडितलाई न्यायको अनुभूतिसमेत मिल्न जाने हुँदा यसबाट दण्डहीनताको अन्त्य र कानुनको शासनको प्रवर्द्धनमा समेत टेवा पुग्न जाने अपेक्षा गरिएको छ ।

प्रत्येक मुद्दामा यही नै निर्देशिका लागू हुनुपर्छ भन्ने पनि छैन । यो निर्देशिकाले सहयोग पुऱ्याउने क्षेत्रहरू निम्न छन् :

(क) सारभूत कानुनको आधारमा कार्यविधिको निर्धारण गरी कानुन कार्यान्वयन गर्ने निकायको काम, कर्तव्य र जिम्मेवारीलाई सिलसिलाबद्ध र क्रमबद्ध रूपमा उल्लेख गरी सोको प्रयोगलाई सरलीकरण गर्ने,

(ख) अभियोजन प्रक्रियालाई प्रभावकारी बनाउन सरकारी वकिलले गर्नुपर्ने कामको क्रमबद्ध सूचीकरण गर्ने,

(ग) प्रभावकारी न्याय सम्पादनको लागि अदालतमा अपनाउनुपर्ने प्रक्रियाको विषयमा उल्लेख गर्ने,

(घ) सरकारी वकिल, अदालत, कानुन व्यवसायी र आवश्यकता अनुसार नागरिक समाजसमेतसँग समन्वय एवम् सहकार्यबाट कर्तव्य र जिम्मेवारी निर्वाह गर्न एकआपसमा समन्वय कायम गर्ने ।

[अपराधसंहिता, फौजदारी कार्यविधिसंहिता तथा फौजदारी कसुर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा तथा प्रतिवेदन, २०६७ को परिच्छेद ३ अभियोजन तथा मुद्दाको दायरी सम्बन्धी व्यवस्था, परिच्छेद ४ अदालतको अधिकारक्षेत्र सम्बन्धी व्यवस्था, परिच्छेद ५ मुद्दाको प्रारम्भिक कारबाही सम्बन्धी व्यवस्था, परिच्छेद ६ पक्राउ पुर्जी र समाह्वान सम्बन्धी व्यवस्था, परिच्छेद ७ थुनछेक धरौट तथा जमानत सम्बन्धी व्यवस्था पनि अति महत्वपूर्ण रहेको छ । यद्यपि यो ऐन व्यवस्थापिका संसद्‌मा विधेयकको रूपमा प्रस्तुत भई विचाराधीन अवस्थामा छ । यसमा भएका व्यवस्थाहरूलाई पनि यस निर्देशिकाको अभिन्न अङ्ग बनाउनु जरुरी छ ।]

# परिच्छेद-दुई

## कसुर र दण्ड सजाय सम्बन्धी कानुनी व्यवस्था

### २.१ परिचय

मुलुकी ऐन जीउ मास्ने बेच्नेको महलमा भएको कानुनी व्यवस्थाले तत्कालको मानव बेचबिखनको समस्यालाई सम्बोधन गर्न नसकेको परिप्रेक्ष्यमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ बनाई लागू गरिएको थियो । पछिल्लो ऐनले पनि मानव बेचबिखनको समस्यालाई सम्बोधन गर्न नसकेको महसुस भएर नै नयाँ कानुनको रूपमा मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी भई लागू भएको छ र जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ खारेज भएको छ । तर मुलुकी ऐनको जीउ मास्ने बेच्नेको महल अद्यापि छँदैछ । मानवको बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गर्ने उद्देश्यले नै पछिल्लो ऐन निर्माण गरिएको छ । प्रस्तुत परिच्छेदमा ऐनको सम्पूर्ण व्यवस्थालाई उल्लेख नगरी केवल कसुरको परिभाषा, कसुर ठहर्ने अवस्था र दण्ड सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थालाई मात्र उल्लेख गरिएको छ । यसबाट अभियोजनमा संलग्न अधिकारीहरूलाई र अदालती कारबाहीमा मानव बेचबिखन तथा ओसारपसारजन्य कसुर र त्यस्तो कसुरमा अभियुक्तलाई हुन सक्ने सजायका बारेमा जानकारी प्राप्त गर्न मद्दत पुग्नेछ ।

### २.२ मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको कानुनी व्यवस्था

प्रस्तुत ऐनले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कार्यलाई स्पष्टतः कसुरको रूपमा कायम गरेको छ । साथै ऐनले मानव बेचबिखन तथा आकेसारपसार मानिने कार्यहरूको बारेमा समेत विस्तृत रूपमा उल्लेख गरेको भए तापनि मुलुकी ऐन जीउ मास्ने बेच्नेको महलको ३ नं. ले व्यवस्था गरे बमोजिम कमारा कमारी बनाउने कार्यलाई समेटिएको छैन । मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनद्वारा निषेधित कार्य गर्ने गराउने वा त्यसका लागि सहयोग पुऱ्याउने व्यक्तिहरूलाई दण्ड सजायको समेत व्यवस्था गरेको छ । जुन व्यवस्था निम्न छ :

| कसुर सम्बन्धी व्यवस्था | |
|---|---|
| **दफा ३ः मानब बेचबिखन तथा ओसारपसार गर्न नहुने** : | (१) कसैले पनि मानब बेचबिखन तथा ओसारपसार गर्नु गराउनु हुँदैन ।<br>(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ । |
| **दफा ४ः मानब बेचबिखन तथा ओसारपसार गरेको मानिने** : | (१) कसैले देहायको कुनै कार्य गरेमा मानब बेचबिखन गरेको मानिनेछ ।<br>क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,<br>ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,<br>ग) प्रचलित कानुन बमोजिमबाहेक मानिसको अङ्ग झिक्ने,<br>घ) वेश्यागमन गर्ने ।<br>(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ :<br>क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,<br>ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई, फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक |

| | |
|---|---|
| | राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने । |

### २.३ दण्ड सजायको व्यवस्था

माथि उल्लेख भएका मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी निषेधित कसुरमा कार्यको प्रकृति र मात्रा अनुसार सजायको व्यवस्था गरेको छ । यस्ता कार्यहरूलाई मानवताविरुद्धको गम्भीर प्रकृतिको अपराधमा राखिएकोले दण्ड र सजायमा पनि त्यसै अनुसार कठोर व्यवस्था भएको छ । जस अनुसार अधिकतम पैंतीस वर्षसम्म कैद हुन सक्ने र दुई लाख रुपैयाँसम्म जरिवानासमेत गर्ने व्यवस्था रहेको छ । नेपालमा प्रचलित कानुनहरूमा भएको अधिकतम सजायभित्र सबैभन्दा बढी सजाय मानिस किन्ने र बेच्नेलाई सजाय हुने व्यवस्था गरिएको छ । यसका साथै पटके कसुर गर्नेलाई सार्वजनिक जवाफदेहीको पदमा बसी कसुर गर्नेलाई र आफ्नो संरक्षकत्वमा बसेको व्यक्तिको विरुद्ध कसुर गर्नेलाई कसुरको गम्भीरता बढाएको आधारमा थप सजायको व्यवस्थासमेत गरेको छ । ऐनको दण्ड सजाय सम्बन्धी व्यवस्था निम्न बमोजिम छ :

**दण्ड सजाय सम्बन्धी व्यवस्था**

**दफा १५ : दण्ड सजाय**

१) दफा ३ बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :

क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना,

ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना,

ग) प्रचलित कानुन बमोजिमबाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दस वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना,

घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना,

ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई :-

१) विदेश लैजानेलाई दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना,

२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दस वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दस वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना ।

च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

छ) खण्ड (ङ) र (च) मा लेखिएको बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दस वर्षसम्म कैद,

ज) मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछ :

क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचेबापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाएबापत छुट्टाछुट्टै सजाय,

ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचेबापत र त्यस्तो कसुर गरेबापत छुट्टाछुट्टै सजाय,

ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड ( ख) बमोजिम छुटाई लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाई लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेबापत छुट्टाछुट्टै सजाय ।

३) दफा ३ बमोजिमको कसुर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसुर गरेबापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

४) कसैले दफा ३ बमोजिमको कसुर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दस प्रतिशत थप सजाय हुनेछ ।

५) कसैले दफा ३ बमोजिमको कसुर पुनः गरेमा प्रत्येकपटक कसुर गरेबापत सो कसुर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ ।

६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

## २.४ क्षतिपूर्ति सम्बन्धी कानुनी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसारजन्य कार्यबाट पीडित भएका व्यक्तिलाई आवश्यक क्षतिपूर्ति भराउने, निजको उद्धार गर्ने र पुनर्स्थापना गर्ने उद्देश्यसहित ऐनमा प्रभावकारी कानुनी व्यवस्था गरेको छ । नेपाल पक्ष भएको सार्क महासन्धि, अन्तरराज्य सङ्गठित अपराध सम्बन्धी महासन्धि, अपराध र अधिकारको दुरुपयोगबाट पीडित भएकाहरूलाई न्याय प्रदान गर्ने विषयहरूमा भएका घोषणापत्रसमेतमा क्षतिपूर्ति दिलाउने, पुनर्स्थापना गराउने, हानिपूरण गराउनुपर्नेजस्ता पीडितलाई न्याय प्रदान गर्ने उद्देश्य राखेको छ । राज्यका यिनै दायित्वलाई प्रभावकारी कार्यान्वयनको लागि पीडकलाई दण्ड सजायको व्यवस्थाले मात्र पीडितमाथि पर्न गएको गम्भीर क्षतिको पनि हानिपूरण गरिनुपर्छ भन्ने मान्यता स्वरूप क्षतिपूर्तिको व्यवस्था भएको छ । यसै सिद्धान्तलाई अवलम्बन गर्दै पीडकबाट क्षतिपूर्तिबापत रकम भराई पाउने पीडितको अधिकारको रूपमा स्थापना गरेको पाइन्छ । जुन निम्न अनुसार छ :

| क्षतिपूर्ति सम्बन्धी कानुनी व्यवस्था | |
|---|---|
| **दफा १७: क्षतिपूर्ति** | (१) अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ ।<br>(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नुपर्नेछ । |

## २.५ बुझिराख्नुपर्ने सान्दर्भिक विषयहरू

१. मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कार्य गम्भीर प्रकृतिको फौजदारी कसुर, मानवताविरुद्धको अपराध, नैतिकताविरुद्धको अपराध र सङ्गठित अपराध पनि हो ।

२. यस्तो गम्भीर कसुर गर्ने व्यक्तिलाई कानुनी कारबाही गरी सजाय दिलाउने प्रमुख जिम्मेवारी प्रहरी, सरकारी वकिल र अदालतको रहेको छ ।

३. कसुरमा संलग्न व्यक्तिलाई यस ऐन अनुसार बढीमा पैंतीस वर्षसम्म कैदको सजाय हुने व्यवस्था रहेको छ ।

४. अभियुक्तलाई भएको जरिवानाको पचास प्रतिशत रकममा नघट्ने गरी पीडितले क्षतिपूर्ति पाउने व्यवस्था छ ।

५. मानब बेचबिखनजस्तो कसुरमा संलग्न व्यक्तिलाई पुर्पक्षको सिलसिलामा थुनामा राखी कारबाही हुने कानुनी व्यवस्था भए तापनि सर्वोच्च अदालतले यो व्यवस्थालाई अमान्य घोषित गरेको छ ।

## २.६ कसुर र दण्ड सजायको संक्षिप्त व्यवस्था

यो निर्देशिका प्रयोगकर्ताहरूलाई हेर्न र पढ्न सजिलो होस् भनी यो तालिका तयार गरिएको छ । प्रकरण २.३ मा उल्लेख गरिएको व्यवस्थालाई तालिकामा संक्षेपमा राखिएको हो ।

| | कसुरको किसिम | कैद सजाय | नगद जरिवाना |
|---|---|---|---|
| १ | मानिस किन्ने बेच्नेलाई | २० वर्ष | रु. २ लाख |
| २ | फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई मात्रा अनुसार | १० वर्षदेखि १५ वर्षसम्म | रु.५० हजारदेखि रु. १ लाखसम्म |
| ३ | मानिसको कुनै अङ्ग झिक्नेलाई | १० वर्ष | रु. २ लाखदेखि रु. ५ लाखसम्म |
| ४ | वेश्यागमन गर्नेलाई | १ महिनादेखि ३ महिनासम्म | रु. २ हजारदेखि रु. ५ हजारसम्म |
| ५ | किन्ने बेच्ने, वेश्यावृत्तिमा लगाउने उद्देश्यले :<br>(क) मानिसलाई बिदेशमा लैजाने | १० वर्षदेखि १५ वर्षसम्म | रु.५० हजारदेखि रु. १ |

| | | | |
|---|---|---|---|
| | (ख) बालबालिका भए<br>(ग) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने<br>(घ) बालबालिका लगेको भए | १५ वर्षदेखि २० वर्षसम्म<br><br>१० वर्ष<br>१० वर्षदेखि १२ वर्षसम्म | लाखसम्म<br>रु. १ लाखदेखि रु. २ लाखसम्म<br>रु.५० हजारदेखि रु. १ लाखसम्म<br>.................................<br>.......<br>रु. १ लाख |
| ६ | शोषण गर्ने उद्देश्यले दफा ४(२)(ख) बमोजिम<br>(क) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने,<br>(ख) विदेश लगेको भए | <br><br><br>१० वर्षदेखि २ वर्षसम्म<br>२ वर्षदेखि ५ वर्षसम्म | |
| ७ | किन्ने बेच्ने, वेश्यावृत्तिमा लगाउन वा शोषण गर्ने उद्देश्यबाहेक दफा ४(२) (ख) बमोजिम | ७ वर्षदेखि १० वर्षसम्म | |
| ८ | मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा मतियारलाई | कसुर गर्दा हुने सजायको आधा सजाय | ................................<br>.. |
| ९ | छुट्टाछुट्टै सजाय गर्नु पर्ने व्यवस्था :<br>(क) किन्ने बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई नलिई वेश्यावृत्तिमा लगाउने एकै व्यक्ति भएमा,<br>(ख) किन्ने बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४(२)(ख) को कसुर गर्ने,<br>(ग) दफा ४(२)(ख) बमोजिम छुटाई लैजाने र किन्ने बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने वा विदेश वा नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजाने | | |
| १० | सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो कसुर गरेमा २५% थप सजाय हुने, | | |
| ११ | आफ्नो संक्षण वा अभिभावकत्वमा रहेकोमा वा हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा कसुर गरेको भएमा सजायको १०% थप सजाय हुने, | | |
| १२ | पुनः कसुर गरेमा प्रत्येकपटक बापत एक चौथाई सजाय थप हुने, | | |
| १३ | (क) उजुर गर्ने व्यक्तिले एकपटक दिएको बयान विपरीत बयान दिएमा,<br>(ख) अदालतले बोलाएको समयमा,<br>(ग) अदालतलाई सहयोग नगरेमा, | | तीन महिनादेखि एक वर्षसम्म कैद |

# परिच्छेद-तीन

## अनुसन्धानदेखि अभियोजनपश्चात्सम्मको प्रक्रिया

**३.१ परिचय**

फौजदारी न्याय प्रशासनको प्रभावकारी कार्यान्वयनबिना मुलुकमा शान्ति र सुरक्षा कायम हुन सक्दैन । फौजदारी न्याय प्रशासनलाई प्रभावकारी कार्यान्वयनको लागि नेपालको अन्तरिम संविधान, २०६३ ले महान्यायाधिवक्तालाई एक महत्वपूर्ण पदाधिकारीको रूपमा स्थापित गरेको छ । संविधानको धारा १३५(२) ले सरकार वादी हुने फौजदारी मुद्दाको मुख्य अभियोजनकर्ताको जिम्मेवारी महान्यायाधिवक्तालाई सुम्पेको छ । महान्यायाधिवक्ताले आफूमा अन्तर्निहित अधिकार मातहतका सरकारी वकिलहरूलाई प्रत्यायोजन गर्नसक्ने संविधानको धारा १३५(६) को व्यवस्था अनुरूप प्रत्यायोजित अधिकार अन्तर्गत रही सरकारी वकिलहरूले मुद्दा चलाउने वा नचलाउने र अभियोजन सम्बन्धी अधिकार २०६३।१०।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम प्रयोग र पालना गर्दै आएका छन् । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले उल्लेख गरेका सो सम्बन्धी कसुरहरू सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गतको कसुरको रूपमा रहेकाले यस सम्बन्धी अभियोजनका कार्यहरू सरकारी वकिलहरूले गर्नुपर्ने हुन्छ ।

उल्लिखित कसुरहरूको सम्बन्धमा अनुसन्धान अधिकारीको रायसहितको प्रतिवेदन प्राप्त गरेपछि सरकारी वकिलले सो प्रतिवेदन र मिसिल संलग्न सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने विषयमा निर्णय गर्नुपर्ने हुन्छ । सरकारी वकिलको मुद्दा चलाउने वा नचलाउने निर्णयपश्चात् मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन गर्ने, अदालतमा थुनछेक, सबुद प्रमाणको परीक्षण तथा मुद्दाको सुनवाइको सिलसिलामा उपस्थित भई बहस पैरवी गर्ने लगायतका कार्यमा सरकारी वकिलको भूमिका वा उपस्थिति अनिवार्य रहन्छ । साथै मुद्दाको फैसलापछि पनि पुनरावेदन तथा फैसला कार्यान्वयनको अवस्थासम्म सरकारी वकिलको भूमिका रहेको हुन्छ । प्रस्तुत परिच्छेदमा सरकारी वकिलले अपराध अनुसन्धानको चरणदेखि अभियोजनका चरणसम्म गर्नुपर्ने कार्यको बारेमा उल्लेख गरिएको छ । जुन निम्न छन् :

**३.२ अपराध अनुसन्धानदेखि अभियोजनसम्म सरकारी वकिलहरूको संलग्नता**

- ३.२.१ अपराध अनुसन्धानको क्रममा,
- ३.२.२ पीडित व्यक्तिको बयान गराउँदा,
- ३.२.३ शङ्कित व्यक्तिको बयान गराउँदा,
- ३.२.४ अनुसन्धान अधिकारीबाट रायसहितको मिसिल प्राप्त भएपछि,
  - (क) पुनः अनुसन्धानमा पठाउने,
  - (ख) मुद्दा चलाउने निर्णय गर्ने,
  - (ग) मुद्दा नचलाउने निर्णय गर्ने,
  - (घ) तल्लो अदालतले गरेको थुनछेकको आदेश वा अन्तरकालीन आदेश उपर चित्त नबुझे सरकारी वकिलले सो आदेशविरुद्ध माथिल्लो अदालतमा निवेदन दिने प्रक्रिया अवलम्बन गर्ने, (मुलुकी ऐन, २०२० अ.ब. को १७ नं. र ११८ नं. न्याय प्रशासन ऐन, २०४८ को दफा १६),

**३.२.१ अपराध अनुसन्धान तहकिकातको क्रममा निर्वाह गर्नुपर्ने**

अनुसन्धान तहकिकात गर्ने अनुसन्धान अधिकृतले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरका सम्बन्धमा अनुसन्धान तथा तहकिकातको क्रममा प्रेषित प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा सरकारी

वकिलले जाहेरी दरखास्त र प्रतिवेदनमा उल्लेख भएका विषयका आधारमा निम्न कुराहरूमा ध्यान पुऱ्याई निर्देशन दिनुपर्दछ :

(क) प्रारम्भिक प्रतिवेदन गर्ने निकाय वा अधिकारी मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरमा मुद्दाको अनुसन्धान तहकिकात गर्ने अधिकार प्राप्त निकाय वा अधिकारी हो/होइन र अनुसन्धान सुरु भएको भए त्यसको उपयुक्तताको बारेमा जानकारी राख्नुपर्ने,[१४] जस्तो :

- कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरीले अनुसन्धान सुरु गरेको हो/होइन,
- प्रहरी सङ्गठनले अपराध अनुसन्धान गर्ने निकायको रूपमा अधिकार प्रत्यायोजन गरेको नगरेको,

(ख) अनुसन्धान गर्ने निकाय वा अधिकारीको भौगोलिक क्षेत्राधिकारभित्र छ/छैन जानकारी लिनुपर्ने,

(ग) पीडितले उजुर गरेको विषय मानव बेचबिखन तथा ओसारपसारको कसुरसँग सम्बन्धित हो/होइन यसै ऐनको दफा ४ को आधारमा यकिन गर्नुपर्ने,
उजुरीमा लेखिएको बिषयले यदि दफा ४ मा उल्लिखित कसुरको क्षेत्रलाई समेटिँदैन भने तुरुन्त अर्को मुद्दामा परिणत गर्न निर्देशन दिनुपर्ने,

(घ) तहकिकातको प्रक्रिया र पद्धतिबारे उल्लेख गरेको विवरणको उपयुक्तता सम्बन्धमा के के छन् हेर्ने र अनुपयुक्त लागेको विवरणको सम्बन्धमा संशोधन गर्न वा थप गरी पठाउने,

(ङ) अनुसन्धानको कार्यबिधि र सङ्कलन गर्नुपर्ने प्रमाणको वैधताको सम्बन्धमा निर्देशन दिनुपर्ने र त्यस्तो निर्देशनलाई मिसिल सामेल गर्नुपर्ने,[१५] जस्तो :

- खानतलासी गर्दाको मुलुकी ऐन अ.बं. १७२ नं. को प्रक्रिया,
- सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को अनुसूची ४, ५, ६ र ८ को ढाँचाको प्रयोग

(च) पक्राउ परेको शङ्कित व्यक्तिलाई चौबीस घन्टाभन्दा बढी हिरासतमा राख्नुपर्ने भएमा मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिएको छ/छैन हेर्नुपर्ने[१६]

(छ) शङ्कित व्यक्तिलाई म्याद थप गर्नुपूर्व आफूसमक्ष उपस्थित गराउन लगाउने,[१७]

(ज) पछिल्लोपटक म्याद थपका लागि अदालतसमक्ष प्रस्तुत गर्नुपूर्व पक्राउमा परेका शङ्कित व्यक्ति र सङ्कलित प्रमाणहरूको जानकारी लिने र आवश्यक परेमा प्रमाण सङ्कलनको विषयमा थप निर्देशन दिने,[१८]

(झ) वारदातको पुष्टि हुने र अभियुक्तको पहिचान हुने ठोस प्रमाणहरू प्रभावकारी ढङ्गले खोजी गर्ने विषयमा सम्भावित क्षेत्रसमेतलाई इङ्गित गर्नुपर्ने, जस्तो :

- बस, प्लेन वा रेलका टिकटहरू, होटेल वा लज वा अन्य आश्रय स्थलका बिलहरू, औषधि उपचार गराएको हुनसक्ने हुँदा त्यसको बिल, आदि

(ञ) दसी प्रमाण सङ्कलन गर्ने प्रक्रिया र पद्धतिको विषयमा कानुनले निर्धारण गरेको प्रक्रिया र रीत पुऱ्याउने विषयमा ध्यानाकर्षण गराउनुपर्ने, जस्तो :

- कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरीले अनुसन्धान गरेको हुनुपर्ने,
- जहाँसुकैको खानतलासी गर्दा पनि पर्चा खडा गरेको हुनुपर्ने,

---

१४ सरकारी वकिल दिग्दर्शन, २०६३ पृ ३७
१५ महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकिलहरूलाई जारी गरिएको कार्य निर्देशिका, २०६७
१६ ऐ ऐ
१७ ऐ ऐ
१८ ऐ ऐ

- सम्भव भएसम्म वा उपलब्ध भएसम्म स्थानीय निकायका प्रतिनिधिलाई रोहवरमा राख्नुपर्ने, यदि सम्भव नभए सोको कारण लिखित रूपमा राख्ने र अन्य व्यक्तिलाई रोहवरमा राख्ने,
- सम्भब नभएमा त्यस समयमा उपस्थित व्यक्तिलाई रोहवरमा राख्नुपर्ने,
- त्यसको मुचुल्का तयार गरी त्यसको प्रतिलिपि खानतलासी गरेको स्थानको धनीलाई दिनुपर्ने,

(ट) भौतिक प्रमाण सङ्कलन र परीक्षणको लागि आवश्यकतानुसार विशेषज्ञको संलग्नता, सहयोग र परामर्श जुटाउन सहयोग गर्नुपर्ने,

(ठ) पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने प्रयोजनको लागि अभियुक्तको आर्थिक स्थिति खुल्ने वा सम्पत्तिको विवरण खुल्ने प्रमाणसमेत सङ्कलन गर्न निर्देशन दिनुपर्ने, यसमा यस्तो कार्यबाट आर्जन गरेको जेथा वा सम्पत्तिको फेहरिस्त तयार गर्नुपर्ने,

(ड) प्रहरी अनुसन्धानकर्तासँग आवश्यक परामर्श गर्नुपर्ने,

(ढ) शङ्कित व्यक्तिप्रति अन्तराष्ट्रिय मान्यता बमोजिम र राष्ट्रिय मान्यताहरूले तोके बमोजिमको व्यवहार भए नभएको अनुगमन गर्नुपर्ने,[१९] जस्तो :

- स्वच्छ सुनुवाइको सिद्धान्त बमोजिमको प्रक्रियामा संविधानमा भएका व्यवस्थाहरू र मानवअधिकारका मान्य सिद्धान्तहरू,

(ण) महिला, असहाय, दलित, पछाडि परेका वर्गका नागरिक पीडित रहेको भएमा अत्यन्त संवेदनशील भई त्यस्ता व्यक्ति र शङ्कित व्यक्तिको रूपमा पक्राउ गर्दा ती वर्गले कुनै पनि किसिमको अपमान भोग्नु नपर्ने व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने, (सम्मानजनक व्यवहार र भाषाको प्रयोग गर्ने र गर्न लगाउने, बस्ने स्थानको राम्रो व्यवस्था)

(त) शङ्कित व्यक्तिको बयान गर्दा गराउँदा निजको फोटो बयानमा टाँस्ने र निजबाटै प्रमाणित गराउने,[२०]

### ३.२.२ पीडितको बयान गराउँदा

विश्वमै मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जघन्य आपराधिक कार्यबाट सबैभन्दा बढी जोखिममा पर्ने व्यक्ति महिला तथा बालबालिका हुन् । नेपाल पनि यसबाट मुक्त रहेको छैन । महिला तथा बालबालिकाजस्तो संवेदनशील पीडित वर्गको न्यायमा पहुँचलाई सुनिश्चित गर्नु हरेक राज्यको दायित्व रहेको हुन्छ । पीडितले आफूमाथि अन्याय भएको उजुर गरेको स्थान वा जिल्ला, वारदात भएको स्थान, मुद्दा दायर गर्ने निकाय र जिल्ला फरक फरक हुनसक्ने हुन्छ । यस्तै अन्य मुद्दामा जस्तो प्रमाण मुकरर गराउने मितिमा अरू साक्षी जस्तो उपस्थित गराउन सक्ने सम्भावनाको न्यूनतालाई विचार गरेर नै विधायिकाले कसुरबाट पीडित भएको व्यक्तिले जाहेरी दरखास्त दर्ता गराउनासाथ निजको बयान अभिलेख गरी सो बयान प्रमाणित गर्न नजिकको जिल्ला अदालतमा लैजाने र जिल्ला अदालतले पनि आवश्यक कुरा बुझी बयान प्रमाणित गरिदिनुपर्ने मान्यतालाई ऐनले सुनिश्चित गरेको छ । पीडितको बयान जाहेरी दरखास्त परेको प्रहरी कार्यालयले गराउने र नजिकको अदालतबाट सो बयान प्रमाणित गर्ने कानुनी व्यवस्था गरेको भए तापनि सरकारी वकिलले पनि त्यसपछिका न्यायिक प्रक्रियामा प्रत्यक्ष संलग्न रहनुपर्ने भएकोले निजको भूमिकासमेत वाञ्छनीय हुन्छ ।

यस्तै पीडितको जाहेरी दरखास्त पर्नासाथ पीडितको बयान अभिलेख गर्ने र सो बयानलाई अदालतबाट प्रमाणित गर्ने कानुनी व्यवस्था यो ऐनले गरेको विशेष र महत्वपूर्ण व्यवस्था हो । मुद्दाको सुनवाइको क्रममा पीडित व्यक्ति अदालतमा उपस्थित हुन नसक्ने अवस्था र पीडितले विभिन्न प्रभाव एवम्

[१९] माथिको ७ नं मा उल्लेख भए अनुसार
[२०] माथिको ७ नं मा उल्लेख भए अनुसार

प्रलोभनमा परी अदालतमा प्रतिकूल (Hostile) बयान गरिदिन सक्ने अवस्था आउन सक्छ । जसले गर्दा मुद्दामा सारभूत रूपमा नै प्रतिकूल प्रभाव पर्न गई यस्तो गम्भीर अपराधमा कसुरदारलाई सजाय गर्न नसक्ने परिस्थितिलाई रोक्न यो व्यवस्था प्रभावकारी मानिन्छ । सर्वोच्च अदालतले *कृष्णबहादुर लामा* वि. *श्री ५ को सरकार* भएको जीउ मास्ने बेच्ने मुद्दामा गरेको फैसला मननयोग्य रहेको छ । उक्त मुद्दामा प्रस्तुत व्यवस्थाको सन्दर्भमा सरकारी वकिलले निम्न विषयहरूमा ध्यान दिनुपर्छ :[२१]

(क) बयान गराइएको व्यक्ति स्वयम् पीडित हो/होइन जानकारी लिई निश्चित गर्नुपर्ने,
(ख) बयान गराइएको व्यक्ति वा पीडित स्वेच्छाले उपस्थित भएको हो/होइन यकिन गर्नुपर्ने,
(ग) पीडितले उजुर गरेको विषय मानव बेचबिखन तथा ओसारपसारको कसुरसँग सम्बन्धित हो/होइन यसै ऐनको दफा ३ र ४ को आधारमा यकिन गर्नुपर्ने,
(घ) पीडितको शरीरमा कुनै घाउचोट भए नभएको यकिन गर्ने यदि कुनै घाउचोट भए पीडितको स्वास्थ्य परीक्षण गरी प्रतिवेदन समावेश भएको छ/छैन हेर्नुपर्ने,
(ङ) स्वास्थ्य परीक्षण गरेको नभएमा नजिकको स्वास्थ्य केन्द्र वा अस्पतालमा परीक्षणको लागि पठाउनुपर्ने,
(च) पीडित व्यक्ति महिला हो भने उपलब्ध भएसम्म महिला चिकित्सकबाट परीक्षण गराउनुपर्ने,
(छ) पीडितउपर मानव बेचबिखन तथा ओसारपसारजन्य कार्य भएको हो/होइन निश्चित गर्न निजले दिएको बयानको व्यहोरालाई ऐनले निर्धारण गरेको कसुर (ऐनको दफा ३ र ४) को परिभाषाभित्र पर्ने नपर्ने निश्चित गर्नुपर्ने,

महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०६०।११।२० मा प्रारम्भिक निर्देशन दिने सम्बन्धमा भएको परिपत्रलाई पनि ध्यानमा राख्नु आवश्यक छ । जसले 'सरकारी वकिलले निर्देशन दिँदा मुद्दासँग सम्बद्ध कुराहरूमा मात्र सीमित रही आवश्यक कुराको निर्देशन दिनुपर्दछ । अनावश्यक कुराहरूमा निर्देशन दिन उपयुक्त नहुने । जिल्ला सरकारी वकिल कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ताले अपराध अनुसन्धानको प्रारम्भिक प्रतिवेदनउपर दिएको निर्देशन पालना भएको नभएको सम्बन्धमा समय समयमा अनुगमन गरी पुनः निर्देशन दिन सक्ने' व्यवस्था गरेको छ ।

| पीडितको बयान प्रमाणित गराउने कानुनी व्यवस्था | |
|---|---|
| **दफा ६: बयान प्रमाणित गराउने** | (१) दफा ५ बमोजिमको उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ ।<br>(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ, सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनुपर्नेछ । |

[२१] पीडितहरूलाई बम्बै वेश्यालयमा बिक्री गरेको र पछि विभिन्न मितिमा उम्की भागी आएको कुरामा विवाद नहुँदा पीडितहरूलाई बम्बै लगि बिक्री गर्ने अपराधीहरू को हुन् भन्ने कुराको बारेमा पीडितहरूको भनाइ विश्वसनीय हुने हुनाले प्रमाणको लागि बढी ग्राह्य हुने । (ने.का.प.२०६१ अंक ९ नि.नं. ७४३७ पृ. ११८३, ***रेनुका पौडेलसमेत*** वि. ***श्री ५ को सरकार*** मुद्दा : जीउ मास्ने बेच्ने) र मुद्दा कारबाहीरत अवस्थामा विद्यमान कार्यविधि व्यवस्था नै सो मुद्दामा अवलम्बन गर्नुपर्ने हुँदा पीडितले मौकामा दिएको बयान अदालतबाट प्रमाणितसमेत भएको कुरालाई आधार मान्दा प्रतिवादीले कसुर गरेको ठहर्ने । (स.अ.बु. वर्ष १० अंक १५ पृष्ठ ६ ***पासाङ्ग दावा तामाङ***विरुद्द ***श्री ५ को सरकार***)

### ३.२.३ शङ्कित व्यक्तिको बयान गराउँदा

(क) बयानको लागि सरकारी वकिलसमक्ष उपस्थित गराइएको शङ्कित व्यक्तिको बयान गराउँदा अवलम्बन गर्नुपर्ने एवम् निजलाई जानकारी गराउनुपर्ने विषयहरू:

- शङ्कित व्यक्तिको अधिकार सम्बन्धी नेपालको अन्तरिम संविधान र प्रचलित कानुनका प्रावधानहरू,
- फौजदारी न्यायका अन्तर्राष्ट्रिय मान्यताहरू,
- मानव अधिकारका न्यूनतम मापदण्ड जस्तो :
  - आफ्नोविरुद्ध साक्षी हुन कर नलाग्ने,
  - पक्राउ परेको शङ्कास्पद व्यक्तिलाई आफ्नो परिवारजनसँग र निजले रोजेको कानुन व्यवसायीसँग भेटघाट गर्न दिएको विषय,
  - शङ्कास्पद व्यक्तिले उल्लिखित व्यक्तिसँग भेटघाट गर्न नदिएको तर भेट्ने इच्छा व्यक्त गरेमा भेटघाटको व्यवस्था गर्न आदेश गर्नुपर्ने,

(ख) शङ्कित व्यक्तिले आफ्नो कानुन व्यावसायी राख्न पाउने र निजसँग सल्लाह गर्न पाउने कुरा स्पष्ट बुझिने गरी सम्झाउनुपर्ने ।

(ग) बयान सुरु गर्नुअघि मुद्दाको सम्पूर्ण तथ्यको बारेमा आफू मिसिल संलग्न प्रमाणको अध्ययन गरी पूर्ण परिचित हुने र शङ्कित व्यक्तिलाई पनि मुद्दाको तथ्यको बारेमा पूर्ण जानकारी गराउनुपर्ने ।

(घ) बयान गराउँदा शारीरिक वा मानसिक यातना वा डर, धाक, धम्की र प्रलोभन नदिने र अनुसन्धान अधिकारीबाट त्यस्तो कार्य भएको पाइएमा त्यसलाई अनुसन्धान अधिकारीको माथिल्लो निकायमा तुरुन्त जानकारी गराउनुपर्ने,

(ङ) शङ्कित व्यक्ति विदेशी नागरिक भई बयान गर्न कठिनाइ भएमा उपलब्ध भएसम्म अनुवादकको सुविधा उपलब्ध गराई बयान गराउनुपर्ने ।

(च) बयान गर्दा शङ्कास्पद व्यक्ति सचेत अवस्थामा रहेको, आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा भए नभएको निश्चित गर्नुपर्ने ।

(छ) शङ्कित व्यक्तिलाई बयान गराउँदा अपराधको विस्तृत तथ्यहरूको सम्बोधन हुने गरी सिलसिलाबद्ध रूपमा गराउनुपर्ने ।

(ज) बयान गराउँदाको क्रममा अनुसन्धान अधिकृतले गरेका प्रश्नहरूबाट प्राप्त भएका जवाफले द्विविधा उत्पन्न भएमा वा स्पष्ट नभएमा खोजिएको जवाफ प्राप्त नभएमा सङ्कलित प्रमाण र निजले अभिव्यक्त गरेको कथन र कानुनको व्यवस्थालाई समेत दृष्टिगत गरी प्रश्नहरू राख्ने र तुरुन्तै प्राप्त जवाफ लेखबद्ध गर्न लगाउने ।

(झ) शङ्कित व्यक्तिको बयान निजको स्वेच्छामा गराउनुपर्ने ।

(ञ) बयान गर्दा घटनाका बारेमा यथार्थ विवरण आउने गरी सविस्तार खुलाउनुपर्ने कुराहरू खुल्न सक्ने गरी बुँदागत आधारमा गर्न लगाउने ।

(ट) बयान गर्दा खुलाउनुपर्ने कुनै कुरा छुट भए ततिम्वा बयान गराई खुलाउन लगाउने ।

### ३.२.४ अनुसन्धान अधिकारीबाट रायसहित प्रतिवेदन तथा मिसिल प्राप्त भएपछि,

रायसहितको प्रतिवेदन र मिसिल प्रमाणहरूको प्रारम्भिक अध्ययन एवम् मूल्याङ्कन गरी मुद्दा चलाउने वा नचलाउने विषयमा निर्णय गर्नुपर्ने यकिन भएपछि सो राय प्रतिवेदनसहितको प्रमाण मिसिल दर्ता गर्नुपर्ने हुन्छ । प्रारम्भमा अनुसन्धान गरेको विषय र हाल प्राप्त रायको तादात्म्यता के रहेको छ र हदम्यादसमेतलाई विचार गर्नुपर्छ । एकपटक मुद्दा चलाउने निर्णय गरिसकेपछि सो निर्णय अन्तिम हुने हुँदा मुद्दाको सफलतामा पछिसम्म फरक नपर्ने गरी अति संवेदनशील भएर निर्णय गर्नुपर्छ । साथै प्रमाण भएर

मात्र हुँदैन ती सङ्कलित प्रमाणहरू कसुर प्रमाणित गर्न सम्बद्ध हुनुपर्ने, सान्दर्भिक, भरपर्दो एवम् बलियो प्रमाण पनि चाहिन्छ। अन्यथा कसैप्रति मुद्दा चलाउने प्रक्रिया अवलम्बन गर्न हुँदैन ।

**(क) पुनः अनुसन्धानमा पठाउने,**

१. अनुसन्धान अधिकारीबाट निजको रायसहितको प्राप्त सक्कल मिसिलसाथ संलग्न प्रमाण कागजातहरूले मानव बेचबिखन तथा ओसारपसारको कसुर प्रमाणित गर्ने प्रमाणहरूको दुरुस्तताको परीक्षण गर्नुपर्ने, जस्तो :
   - पीडितको जाहेरी तथा प्रारम्भिक बयान,
   - शङ्कित व्यक्तिको कसुर सम्बद्ध कथनहरू,
   - घटना देख्ने थाहा पाउने व्यक्तिको भनाइ,
   - अन्य भौतिक प्रमाणहरू

२. मिसिल अध्ययन गर्दा थप सबुत प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा थप प्रमाण सङ्कलन गरी पठाउन वा व्यक्तिसँग सोधपुछ गरी पठाउन निर्देशन दिनुपर्ने, (स.मु.स. ऐन, २०४९ को दफा १७(३)),

३. अनुसन्धान अधिकारीले बुझ्नुपर्ने प्रमाण नबुझ्री वा अनुसन्धान कार्य पूरा नगरी राय प्रतिवेदन पेस गरेको पाइएमा सम्बन्धित मिसिल फिर्ता पठाई थप अनुसन्धान गर्न निर्देशन दिनुपर्ने,

४. मिसिल फिर्ता पठाउँदा मुद्दा दायर गर्ने हदम्यादलाई पनि ध्यानमा राख्नुपर्ने ।

**(ख) मुद्दा चलाउने निर्णय गर्ने**

१. प्रमाण कागजातहरूको आधारमा सरकारी वकिलले मुद्दा चलाउने निर्णय गर्दा निर्णय पुस्तिकामा लेख्नु वा खुलाउनुपर्ने विषयहरू (जुन अनुसन्धानको क्रममा सङ्कलन भएको प्रमाणको आधारमा उल्लेख गरिने) जस्तो :
   - अभियुक्तको नाम,
   - मुद्दाको नाम,
   - वारदातबारे संक्षिप्त बिबेचना,
   - के कतिजना अभियुक्तहरू विरुद्ध अभियोग लगाउनुपर्ने हो सो व्यहोरा,
   - वारदातमा संलग्न व्यक्तिहरूको परिचयसहितको यकिन वतन जस्तो :
     - बाबु, पति, ससुराको नाम तथा वतन, इमेल आदि
   - प्रत्येक अभियुक्तलाई मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनको के कुन दफा तथा उपदफा बमोजिम के कस्तो अभियोग लगाई के कस्तो सजायको मागदाबी लिने हो सो कुरा अभियुक्त पिच्छे छुट्टाछुट्टै,
   - अभियुक्तहरूउपर लगाइएको अभियोग दाबी पुष्टि गर्ने भौतिक प्रमाण एवम् साक्षीहरू को के छन्,
   - मुद्दा चलाउनुपर्ने आधार र कारण,
   - क्षतिपूर्तिको विषय र रकमसमेत,
   - गोपनीयताको कुरा (कोड राखी अभियोग दाबी लिने)
   - नैतिक पतन देखिने फौजदारी कसुर भएको दाबी लिने
   - दाबीको सौदाबाजीको व्यवस्था (आवश्यक भए मात्र)

- सम्पत्ति, घरजग्गा, सवारी साधन जफतको मागदाबी
- संरक्षण अभिभावकत्व वा हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिले कसुर गरेमा १०% थप सजायको मागदावी सार्वजनिक
- सार्वजनिक पद धारण गर्नेले कसुर गरे २५% थपको मागदाबी
- पुनः अपराध गरेको भए पटक उल्लेख गरी प्रत्येकपटकको १/४ थप सजायको माग दाबी

२. निर्णय कानुनसम्मत, न्यायिक मनको प्रयोग, स्वतन्त्र, पारदर्शी एवम् आधारयुक्त हुनुपर्ने,

३. कसैउपर मुद्दा चलाउने निर्णय एकपटक मात्र गरिने भएकोले अर्थात् एकचोटि अभियोजन भइसकेपछि पुनः निर्णय हुन नसक्ने हुँदा निर्णय गर्नुपर्ने सबै विषयमा यकिन गरी निर्णय गर्ने ।

- मस्यौदा गरेर मात्र निर्णय पुस्तिकामा सार्दा निर्णयको व्यहोरा छुट्ने सम्भावना कम रहन्छ ।

४. मुद्दा चलाउने निर्णयमा उल्लेख गर्नुपर्ने थप विषयहरू :

(क) आवश्यकता अनुसार अभियोग दाबी सम्बन्धमा सैद्धान्तिक आधारहरू भए सोसमेत,

(ख) निर्णयकर्ताको राय,

(ग) आकर्षित हुने दफा उपदफाका अतिरिक्त त्यस दफा उपदफामा उल्लेख भएको व्यवस्था जस्तो :

- मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम मानिस बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना हुने ।

(घ) निर्णय भइसकेपछि तत्कालै अभियोगपत्र तयार गर्नुपर्छ ।

**(ग) पीडितको संरक्षणको दृष्टिकोणबाट निम्न विषयहरूलाई समेत ध्यानमा राख्दै निर्णय गरिनुपर्छ :**

(क) पीडकको सम्पत्तिबाट क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था रहेकोले पीडकको चल-अचल सम्पत्तिको विवरण सङ्कलन भएको छ/छैन, सङ्कलन नभएको भए सङ्कलन गर्न र सङ्कलन भएको विवरण अस्पष्ट रहेमा स्पष्ट गर्न पठाउनुपर्ने,

(ख) पीडितको स्वास्थ्य परीक्षण भएको भए परीक्षण प्रतिवेदन मिसिल संलग्न छ/छैन र सो प्रतिवेदनले सम्बद्ध तथ्यसँग सुसङ्गत छ/छैन यकिन गर्नुपर्ने,

(ग) अनुसन्धानको क्रममा पीडितको कुनै धनमाल (नगद, मोबाइल, सुन चाँदी, जुहारत आदि) लिएको भए सो सामान को कसको जिम्मामा कस्तो अवस्थामा रहेको छ र सो सम्बन्धी कागजात संलग्न छ/छैन, फिर्ता भएको हो भने भर्पाई संलग्न छ/छैन यकिन गर्नुपर्ने,

(घ) पीडितको परिचयात्मक बिबरण (निजको नाम, बाबुको नाम, ठेगाना आदि) निर्णय किताबमा पनि गोप्य राखिनुपर्ने,

(ङ) पीडितको उमेर यकिन गर्ने प्रमाणहरू जस्तो नागरिकता, राहदानी, बिद्यालयमा रहेको अभिलेख, जन्मदर्ता प्रमाणपत्र, समावेश गरेको हुनुपर्ने,

(च) निर्णय गर्दाको समयमा पीडितको अवस्था कस्तो छ खुलाउनुपर्ने ।

**(घ) मुद्दा नचलाउने निर्णय गर्ने**

१. कोही कसैउपर तत्काल मुद्दा चलाउन आवश्यक पर्ने यथेष्ट प्रमाण नदेखिएमा मुद्दा नचलाउने निर्णय गर्ने, तर मुद्दा चलाउन आवश्यक नदेखिएको आधार र कारण भने स्पष्ट हुने गरी निर्णय पुस्तिकामा खुलाउनुपर्ने,
२. शङ्कित व्यक्तिहरूमध्ये केहीलाई मुद्दा नचलाउने र केहीलाई मुद्दा चलाउने गरी निर्णय गर्नुपर्दासमेत दुवै अवस्थाको निर्णय पुस्तिकामा स्पष्ट कारण खोल्नुपर्ने,
३. यदि प्रहरी हिरासतमा कुनै व्यक्ति रहेछ भने तत्कालै हिरासतबाट मुक्त गर्न लेखी पठाउनुपर्ने,
४. मुद्दा नचलाउने निर्णय गरेको अवस्थामा सो कुराको जानकारी प्रहरी कार्यालयमार्फत सम्बन्धित जाहेरवाला वा पीडितलाई दिनुपर्ने । (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २०)
५. यस्तो निर्णय गरेको अवस्थामा निकासा माग गर्दै पुनरावेदन सरकारी वकिल कार्यालयमा सक्कलै मिसिल पठाउनुपर्ने,
६. पुनरावेदन सरकारी वकिल कार्यालयमा मिसिल प्राप्त भएपछि निर्णयको आधार र कारण स्पष्ट भएमा र सङ्कलित प्रमाणहरूबाट ती आधार र कारण पुष्टि भएमा आफ्नो रायसहित मुद्दा नचलाउने निर्णय गरेको मिसिल अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनुपर्ने,
७. महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचलाउने गरी अन्तिम निर्णय गरेको अवस्थामा दसी, प्रमाणसहितको कागजपत्रसहितको मिसिल अनुसन्धान अधिकृतसमक्ष पठाउनुपर्ने,
८. जिल्ला सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि पु.स.व.का. मा पठाएकोमा सो कार्यालयले मुद्दा चलाउने गरी निर्णय गरेमा वा सो कार्यालयले पनि अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाएकोमा उक्त कार्यालयले मुद्दा चलाउने गरी निर्णय गरी पठाएमा जिल्ला सरकारी वकिल कार्यालयले सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्ने ।

**(ङ) अन्य**

१. प्रभावकारी अभियोजनको लागि पर्याप्त सबुद प्रमाणको सङ्कलन भए नभएको र सङ्कलित प्रमाणहरू रीतपूर्वक भए वा नभएको जाँच गर्ने,
२. झिनो र अपर्याप्त सबुद प्रमाणका आधारमा अभियोजन गर्ने कार्यलाई निरुत्साहित गर्ने,
३. अभियोग दाबीमा मानव बेचबिखन तथा ओसारपसार ऐनले निषेध गरेको के कस्तो कार्यको उल्लघन हुन गई के कस्तो सजाय हुनुपर्ने स्पष्ट उल्लेख गर्ने,
४. संविधानद्वारा प्रत्याभूत मौलिक हक, मानवअधिकार र स्वच्छ न्यायको सिद्धान्तलाई ख्याल गर्ने,

**ध्यान दिनुपर्ने कुरा : सरकारी वकिलले मुद्दा चलाउने निर्णय गरेकोमा अभियोगपत्र तयारीको अवधिभर अभियुक्त र दसी प्रमाणहरू सम्बन्धित प्रहरी कार्यालयमा सुरक्षित राख्न पठाउनुपर्दछ ।** (सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को नियम १२)

### ३.२.५ अभियोगपत्रमा खुलाउने कुराहरू

१. अभियुक्तको सजिलै पहिचान हुनसक्ने गरी
   (क) अभियुक्तको नाम, उपनाम, थर, उमेर, पेसा तथा हुलिया
   (ख) अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम

२. अभियुक्तको बसोवासको ठेगाना उल्लेख गर्दा उपलब्ध भएसम्म घर नम्बर, गाउँ, नगर, टोल, गल्ली, मार्ग वा उक्त स्थानको कुनै विशेष पहिचान भएमा सो तथा निज फेला पर्नसक्ने कुनै विशेष स्थान वा कार्यालयसमेत (स.मु.स.ऐन, २०४९ को दफा १८ तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क)

३. अभियुक्तको वास्तविक पहिचान हुने विवरण र फेला पार्न सकिने माध्यमहरू;
   (क) निजको फोटो, नागरिकताको प्रमाणपत्र, राहदानी, सवारीचालक इजाजतपत्र, निजको वास्तविक पहिचान खुल्ने अन्य कागजातको प्रतिलिपि,
   (ख) इमेल, फ्याक्स तथा टेलिफोन नम्बरसमेत खुल्न सक्नेसम्मका विवरणहरू,
   (ग) अभियुक्तको भएसम्मको दुवै हातको चोरी औंलाको छाप,
   (घ) अरूको घरमा भाडामा बसेको भए घरधनीको नाम, थर र ठेगानासहितको विवरण,

४. मुद्दाको तथ्य तथा अनुसन्धानको क्रममा सङ्कलन भएका मुद्दाको प्रमाण आदिको सिलसिलाबद्ध रूपमा सारांश ।

५. प्रत्येक अभियुक्तको छुट्टाछुट्टै तथ्य र कसुरको विश्लेषण ।[२२]

६. प्रत्येक अभियुक्तले गरेको कसुर के हो, सो कसुर पुष्टि गर्ने आधार प्रमाण के के छन्, सो कसुरबारे मानव बेचबिखन तथा ओसारपसार ऐनअनुसार के अभियोग लाग्न सक्छ र उल्लिखित अभियोगको सम्बन्धमा के कस्तो दण्ड सजायको व्यवस्था रहेको छ सोसमेतको माग दाबी स्पष्ट रूपमा छुट्टाछुट्टै प्रकरणमा खुलाई उल्लेख गर्ने ।[२३]

७. अभियुक्तले पहिला पनि यस्तै अपराधमा सजाय पाइसकेको रहेछ भने निजले पहिले सजाय पाएको मुद्दाको नाम, मिति र सजाय गर्ने अदालतको नाम पनि अनिवार्य रूपमा उल्लेख गर्ने ।

८. मानव बेचबिखन तथा ओसारपसार ऐनले कुनै कसुरको सन्दर्भमा थप सजाय गर्ने व्यवस्था गरेको भए सो थप सजायको माग स्पष्ट रूपमा गर्ने ।

९. अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनुपर्ने वा क्षति नपुगेको भए पनि कानुन बमोजिम अभियुक्तको अंश वा कुनै रकम कलम पीडितलाई दिलाई भराई दिनुपर्ने भए सो कुराको माग दाबी ।

१०. पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने प्रयोजनको लागि उपलब्ध हुन सकेसम्म अभियुक्तको आर्थिक स्थिति खुल्ने वा सम्पत्तिको विवरण खुल्ने प्रमाणसमेत पेस गर्ने ।

११. अभियोग पत्रसाथ पेस गरिने साक्षी प्रमाण, दसी प्रमाण, भौतिक प्रमाण तथा लिखत प्रमाणहरूको विवरण ।

१२. साक्षीको रूपमा प्रस्तुत गरिने व्यक्तिहरूको परिचयात्मक विवरण जस्तो :
   - जाहेरवालाको नाम र हरेक कागजका व्यक्तिहरूको नाम, थर, ठेगाना आदि ।

१३. अनुसन्धानको क्रममा प्राप्त सबुत प्रमाणको प्राविधिक एवम् वैज्ञानिक परीक्षण प्रतिवेदनको निष्कर्ष ।

१४. पीडितको परिचय तथा विवरणहरू गोप्य राखिएको भए सो व्यहोरा ।

---

[२२] 'अपराध सम्बन्धी तथ्य र प्रमाणको जानकारी अदालतलाई स्वतः नहुने हुँदा अभियोग दाबी गर्ने पक्षले आपराधिक कार्यको प्रकृतिलाई विस्तारपूर्वक खुलाई त्यसलाई प्रमाणित गर्ने आवश्यक प्रमाणसमेत पुऱ्याउनुपर्ने ।' (स.अ.बु.२०५७ अंक १३ पृष्ठ ९ *श्री ५ को सरकार*विरुद्ध *वाबुराम थापा*),

[२३] फौजदारी मुद्दामा अभियुक्तमाथि लगाइएको आरोप वादी पक्षले पूर्ण रूपमा प्रमाणित गर्नुपर्ने (ने.का.प.२०४७ नि.नं. ४१३३ पृ. ३७८ श्री ५ को सरकार वि. राजाराम खटिक)

१५. अभियोगपत्र तयार गर्दाको अवधिसम्म पनि पक्राउ पर्न नसकेको अभियुक्तका हकमा "अदालतबाटै वारेन्ट, म्यादी पुर्जी अथवा समाह्वान म्याद जारी गरी पाऊँ" भन्ने व्यहोरासमेतको व्यहोरा ।

१६. पेस गरिने सबुत प्रमाणहरू साक्षी, भौतिक चिज वस्तुहरू, दसी प्रमाणहरू र लिखत प्रमाणहरू जे जस्तो छन् तिनको प्रस्ट फेहरिस्त ।

१७. अभियोजन गर्दा अभियोजन गर्नुपर्नाको आधार र कारण,

१८. प्रस्तुत मुद्दाको कारबाही बन्द इजलासबाट हुनुपर्ने व्यहोरा,

१९. प्रस्तुत मुद्दाको नैतिक पतन हुने फौजदारी कसुर भएको माग दाबी लिने विषय,

२०. अन्य:

(क) उल्लिखित विवरणसहितको अभियोगपत्र पेस गर्दा कसुरका सम्बन्धमा सङ्कलित सबुत प्रमाण, दसी तथा वस्तु र अभियुक्त हिरासतमा रहेको भए निजसहित पेस गर्नुपर्ने,

(ख) पेस गरिने अभियोगपत्रमा अभियुक्तउपर अभियोग लगाउन प्रस्ताव गरिएको कसुरको नामकरण गर्नुपर्ने, जस्तो मानव बेचबिखन तथा ओसासपसार भनी नामकरण गर्ने,

**३.३ पूरक अभियोगपत्र पेस गर्न सकिने**

एकपटक अभियोगपत्र दायर भएपछि सोही व्यक्तिउपर सोही कसुरमा अर्को अभियोगपत्र दायर गर्न सकिँदैन तर सङ्कलित थप सबुत प्रमाणहरूबाट अरू पनि अभियुक्त देखिन आएमा त्यस्ता अभियुक्तउपर सजायको मागदाबी गरी पुनः अर्को अभियोगपत्र दायर गर्न सकिन्छ । (मुलुकी ऐनको अ.बं. ८८ नं)

**३.४ सजायको माग दाबीमा छुट**[२४]

(क) अभियुक्तले आफूले कसुर गरेको स्वीकार गरी सो कसुरको सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी र सरकारी वकिललाई सघाउ पुऱ्याएको र निजले पहिलोपटक कसुर गरेको रहेछ भने २५ प्रतिशतसम्म सजाय छुट दिन प्रस्ताव गरी मागदाबी लिन सक्ने,

(ख) तर, निजले गरेको सहयोग अन्य सबुत प्रमाणबाट प्रमाण्ति नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालतसमक्ष बयान दिएमा निजउपर पुनः मुद्दा दायर गर्न सकिने,

**३.५ ध्यानमा राख्नुपर्ने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ का अन्य व्यवस्थाहरू**

अन्य सामान्य प्रकृतिका कसुरमा भन्दा यस ऐनमा भएका व्यवस्थाहरूको हकमा यसै ऐन बमोजिम हुन्छ । तसर्थ सरकारी वकिलले यस ऐनमा भएका कानुनी व्यवस्थाहरूको बारेमा जानकारी राख्नु आवश्यक छ । ऐनका अन्य सान्दर्भिक व्यवस्थाहरू निम्नानुसार छन् ।

१. **थुनामै राखी कारबाही हुने** : मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर (वेश्यागमन गरेको कसुरबाहेक) का अभियुक्तलाई थुनामै राखी कारबाही हुने भनी उल्लेख भए तापनि सर्वोच्च अदालतको मिति २०६६।३।११ को एउटा आदेशबाट बदर भएको छ, (मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी ऐन, २०६४ को दफा ८ को व्यवस्था तर यो व्यवस्था सर्वोच्च अदालतबाट खारेज भएको छ ।)

२. **क्षतिपूर्ति भराइने** : कसुरदारलाई भएको जरिवानाको रकममध्ये ५० प्रतिशतमा नघट्ने गरी पीडित वा निजको आश्रित व्यक्तिलाई क्षतिपूर्तिबापत भराइने, (ऐ. ऐ. दफा १७ को व्यवस्था)

[२४] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २१

३. **सम्पत्ति जफत हुने** : मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ वा कुनै सम्पत्ति यस्तो कसुर गर्न गराउन प्रयोग गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुने, (ऐ. ऐ. दफा १८ को व्यवस्था)

४. **पुरस्कार उपलब्ध गराइने** : मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अन्तर्गतको कसुर गरेको वा गर्न लागेको सूचना कसैले दिएको आधारमा कुनै व्यक्ति पक्राउ परी सजाय भएमा जरिवानाको दस प्रतिशत रकम पुरस्कार स्वरूप निजलाई उपलब्ध गराइने, (ऐ. ऐ. दफा १९ को व्यवस्था)

५. **सजाय छुट हुने** : अभियुक्तले कसुर स्वीकार गरी अपराध अनुसन्धान, अभियोजन तथा अदालती प्रक्रियालाई सघाउ पुऱ्याएमा निजलाई हुने सजायमा बढीमा २५ प्रतिशत सजाय छुट दिने मागदाबी लिनुपर्ने, (ऐ. ऐ. दफा २१ को व्यवस्था)

६. **नैतिक पतन देखिने फौजदारी कसुर हुने** : यस ऐन अन्तर्गतको कसुरमा मुद्दा दायर गर्दा नैतिक पतन देखिने फौजदारी कसुर गरेको हो भनी मागदाबी लिन सक्ने, (ऐ. ऐ. दफा २२ को व्यवस्था)

७. **प्रचार प्रसार गर्न नहुने** : पीडितको नाम, तस्बिर वा निजको व्यक्तिगत विवरण छाप्न वा प्रचारप्रसार गर्न नहुने, ( ऐ. ऐ. दफा २५ को व्यवस्था)

८. मुद्दाको सुनवाइ **बन्द इजलास**मा हुने । (ऐ. ऐ. दफा २७ को व्यवस्था)

९. **प्रमाणको भार प्रतिवादीमा हुने** : अभियोग लागेको व्यक्तिले कसुर गरेको छैन भन्ने कुराको प्रमाण पुऱ्याउनुपर्ने, (ऐ. ऐ. दफा ९ को व्यवस्था)

### ३.६ सरकारी वकिलका अन्य कार्यहरू

(क) अभियुक्तलाई अभियोगपत्रको प्रतिलिपि उपलब्ध गराउने : अदालतमा अभियोगपत्र दायर गरेपछि सोको जानकारी प्राप्त गर्न पाउनु अभियुक्तको मानव तथा मौलिक अधिकार भएको हुँदा अभियुक्तलाई अभियोगपत्रको एक प्रति तत्कालै उपलब्ध गराउने, (सबै पुनरावेदन तथा जिल्ला सरकारी वकिल कार्यालयहरूलाई महान्यायाधिवक्ताको कार्यालयको परिपत्र मिति २०६५।४।१३ च.नं. ३५८)

(ख) अनुसन्धान अधिकारीलाई अभियोगपत्रको प्रति उपलब्ध गराउने : मानव बेचबिखन तथा ओसारप्रसार (नियन्त्रण) ऐन २०६४ अन्तर्गत दायर गरेको मुद्दाको अभियोगपत्रको नक्कल सो वारदातको तहकिकात गर्ने प्रहरी कर्मचारीलाई उपलब्ध गराउने । (सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १३(१))

(ग) थप वा पूरक अभियोगपत्र दायर गर्ने : अदालतमा अभियोगपत्र दायर गरिसकेपछि प्राप्त हुन आएको थप सबुद प्रमाणको आधारमा सो कसुरमा अन्य अभियुक्त पनि संलग्न रहेको पाइएमा निजहरूको हकमा छुट्टै थप वा पूरक अभियोगपत्र अदालतसमक्ष पेस गर्ने ।[२५] (मुलुकी ऐन, अदालती बन्दोबस्तको ८८ नं.)

(घ) अनुसन्धान तहकिकातका क्रममा फेला पर्न नसकेका अभियुक्तहरूको विवरण राख्ने,

(ङ) मुद्दा दायर गरिसकेपछि मौकामा पक्राउ हुन नसकेका अभियुक्तहरूको खोजी गरी पक्राउ गर्न प्रहरीलाई आवश्यक निर्देशन दिने,

(च) तामेलीमा रहेको मिसिलसँग सम्बन्धित शङ्कित व्यक्तिको सम्बन्धमा समय समयमा अनुसन्धान अधिकृतलाई निर्देशन दिने,

(छ) पीडितलाई क्षतिपूर्ति दिलाउने प्रयोजनार्थ अनुसन्धानबाट खुल्न आएको विवरणको आधारमा अभियुक्तको सम्पत्ति रोक्का राख्न पहल गर्ने ।

---

[२५] *निमराजविरुद्ध श्री ५ को सरकार* ने.का.प. २०४३ पृ. २०९ र *श्री ५ को सरकारविरुद्ध जनकनारायणसमेत* ने.का.प. २०४४, पृ. ४९२

## ३.७ प्रमाण प्रस्तुति एवम् परीक्षण सम्बन्धी प्रक्रिया[२६]

मानव बेचबिखन तथा ओसारपसारजस्तो गम्भीर प्रकृतिको अपराधमा पीडितको बयान प्रमाणित गर्नुको सैद्धान्तिक आधार भनेको मुद्दाका अन्य प्रमाणमा भर पर्न कठिन, ठोस प्रमाण जुटने सम्भावना कम एवम् बयान गरिसकेपछि पनि पीडित प्रतिकूल () हुन सक्ने सम्भावना नै हो । अभियोगपत्र साथ प्रस्तुत भएका लिखत, पीडित, साक्षी तथा अन्य सम्बद्ध प्रमाणहरूलाई सूक्ष्म रूपमा परीक्षण गरेर मात्र अदालतले न्यायिक निरोपणको लागि ग्रहण गर्नुगर्दछ । अदालतमा प्रमाणको रूपमा प्रस्तुत भएका सबै चिज वस्तुहरू वा साक्षीहरू प्रमाण योग्य हुँदैनन् । अदालतको न्यायिक कसीमा खरो उत्रन सकेका प्रमाणहरू मात्र ठोस प्रमाणको रूपमा अदालतले ग्रहण गर्दछ । त्यस्तै अदालतले थप प्रमाण बुझ्नुपर्ने अवस्थामा समयमा नै त्यस्तो प्रमाण बुझ्नुपर्दछ ।

मानव बेचबिखन तथा ओसारपोसार सम्बन्धी मुद्दाको प्रकृति र यस्तो मुद्दामा प्रमाणको लोप वा नष्ट हुने सम्भावनासमेतलाई दृष्टिगत गरी समयमै प्रमाण बुझ्दा न्याय निरोपण गर्न सजिलो हुन्छ । यसका साथै सङ्कलित प्रमाणको मूल्याङ्कनका लागि प्रमाणको परीक्षण आवश्यक हुन्छ । सम्बद्ध प्रमाण र सोको उचित परीक्षणले मात्र मुद्दालाई सही निष्कर्षमा पुऱ्याउँदछ भन्नेतर्फ सबै सजग हुनुपर्दछ । तसर्थ अदालतबाट प्रमाण बुझ्ने तथा सोको परीक्षण गर्ने सम्बन्धमा मूलतः निम्न प्रक्रिया अनुसरण गर्नुपर्दछ ।[२७]

**(१) साक्षी परीक्षण**[२८]

(क) अदालतले साक्षी परीक्षणको लागि तोकेको समय र मितिमा आ-आफ्नो पक्षको साक्षी उपस्थित गराउनुपर्ने,

(ख) सरकारी पक्षको साक्षी अदालतको आदेशानुसार प्रहरी कार्यालयले सरकारी वकिलमार्फत पेस गर्नुपर्ने । (सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५),

(ग) सरकारी वकिलले आफ्नो मुद्दाको साक्षी तोकिएको दिन समयमै उपस्थित गराउन प्रहरी कार्यालयलाई समयमै जानकारी गराउनुपर्ने,

(घ) उपस्थित भएको साक्षीलाई बकपत्रको लागि इजलाससमक्ष पेस गर्ने,

(ङ) अदालतमा साक्षीको बकपत्र गराउँदा सरकारी वकिल स्वयम् उपस्थित हुने,

(च) साक्षीको बकपत्र हुँदा अ.बं. १५२ मा तोकिएको ढाँचामा बयान गराउन अदालतलाई सहयोग गर्ने,

(छ) साक्षीले झुट्टा बकेमा अदालतले अ.बं. १६९ नं. बमोजिम १ वर्षसम्म कैद सजाय गर्न सक्ने कानुनी व्यवस्थाको बारेमा साक्षीलाई जानकारी गराउने,

(ज) साक्षी बकाउँदा उपस्थित भएका पक्षको रोहवरमा बकपत्र गराउन अदालतलाई सहयोग पुऱ्याउने, (प्रमाण ऐन, २०३१ दफा ४९ (२) र मुलुकी ऐन, २०२० अ.ब. को १५६ नम्बर)

---

२६ पीडितलाई विदेशमा वेश्यावृत्तिमा लगाएको कार्य पीडितको किटानी जाहेरी, जाहेरीलाई सोही रूपमा अदालतमा आई गरेको बकपत्र एवम् साक्षीको बकपत्रबाट प्रतिवादीहरूले कसुर गरेको पुष्टि हुने । (स.अ.बु.२०६१ वर्ष १३ अंक ११ पूर्णाङ्क २९३ पृष्ठ १६ कमल बस्नेत वि. श्री ५ को सरकार)

२७ जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी थमबहादुर बाहेकका अन्य प्रतिवादीहरूले बिक्री गरेको भनी आफ्नो मौकाको अदालतबाट प्रमाणित भएको बयान विपरीत हुने गरी बयान गरेको सम्म देखिए पनि निजको सो बयान मिसिल संलग्न अन्य प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन । आफ्नो सहोदर दाजु र छोरालाई सामान्य रिसइवीका कारणले मात्र जीउ मास्ने बेच्नेजस्तो संगीन अपराधमा बहिनी र बाबुसमेतले फसाएको होला भनी सहज रूपमा अनुमान गर्न मिल्ने अवस्थासमेत मिसिलबाट देखिन नआएकोले अभियोग दाबीको कसुर ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने । (थमबहादुर थापाविरुद्ध श्री ५ को सरकार, मुद्दा जीउ मास्ने बेच्ने, संवत् २०५७ सालको फौ.पु.नं. २३५४, फैसला मिति २०५८ भाद्र १४ गते ।)
जाहेरवाली तारा बदेनीले अदालतमा प्रतिवादीहरूलाई सफाइ दिने गरी बकपत्र गरे पनि दिल्लीसम्म गएको तथ्यलाई स्वीकार गरेको छ । ... यस स्थितिमा प्रतिवादी अपिसरा बदेनीले जाहेरवाली तारा नेपाली बदेनीलाई दिल्ली लगी बिक्री गरेको उपरोक्त आधार प्रमाणबाट पुष्टि हुन आएको देखिँदा सुरु बाँके जिल्ला अदालतले अभियोग दाबी अनुसार ठहर गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन्छ । (अपिसरा बदेनीविरुद्ध श्री ५ को सरकार, मुद्दा जीउ मास्ने बेच्ने, संवत् २०६० सालको फौ.पु.नं. ३३२४, फैसला मिति २०६१ जेष्ठ २९ गते ।)

२८ फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको भन्ने तथ्यगत सबुदहरूको आधारमा निर्णय गर्ने कुरा हो । अपराधीलाई बचाइदिने नियतले स्वयम् पीडितले प्रतिकूल बकपत्र दिँदैमा ऐनको व्यवस्था निष्क्रिय हुने गरी निर्णय गर्नु न्यायसंगत नठहर्ने । (श्री ५ को सरकार वि. श्याम माझी ने.का.प. २०६१ अंक ७ पृ. ८९३ नि.नं. ७४११)

(झ) साक्षी बकपत्रको समयमा वादीपक्षका पीडित एवम् साक्षीसँग अनावश्यक प्रश्न सोध्ने, झिझ्याउने तथा बेइज्जत गर्ने कार्यलाई रोक्न सरकारी वकिलले इजलाससमक्ष अनुरोध गर्ने । (प्रमाण ऐन, २०३१ दफा ५१),

(ञ) साक्षीलाई बकपत्रको लागि अदालतसमक्ष उपस्थित गराउँदा निजहरूले कानुन बमोजिम पाउने सुविधा उपलब्ध गराउन सिफारिस गर्ने ।

**(२) दसी प्रमाणको प्रस्तुति तथा विशेषज्ञको परीक्षण**

(क) अदालतमा मुद्दा दायर भइसकेपछि प्रमाण लाग्ने कुनै माल, वस्तु प्रहरीले फेला पारेमा सम्बन्धित सरकारी वकिल कार्यालयमा दाखिल गरी सरकारी वकिलले पनि त्यस्तो माल, वस्तु वा लिखत तत्काल अदालतमा प्रस्तुत गर्नुपर्ने । (सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १४)

(ख) दसीको रूपमा अदालतसमक्ष प्रस्तुत भएका चिज वस्तुहरूको परीक्षण गरी अदालतले प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने । (प्रमाण ऐन, २०३१ दफा २२),

(ग) विशेषज्ञले आधार र कारणसहित किटानीसाथ दिएको रायलाई प्रमाणमा लिन मिल्ने, (प्रमाण ऐन, २०३१ दफा २३ तथा दफा ५२)

(घ) विशेषज्ञले दिएको राय परीक्षण गर्नुपर्ने भएमा त्यस्ता विशेषज्ञलाई अदालतले खोजेका दिन उपस्थित गराउन सरकारी वकिल एवम् प्रहरीले आवश्यक पहल गर्ने ।

## ३.८ बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी प्रक्रिया

सरकारवादी मुद्दामा सरकारी वकिलले नेपाल सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने संवैधानिक एवम् कानुनी व्यवस्था रहे अनुरूप सरकारी वकिलहरूले अदालतमा उपस्थित भई बहस पैरवी गर्दा मूलतः निम्न कुरालाई ध्यानमा राख्नुपर्छ : (नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ दफा ३३)

(क) घटना सम्बन्धी तथ्यको विश्लेषण,
(ख) कानुनको विवेचना,
(ग) कार्यविधि सम्बन्धी कानुनको विवेचना,
(घ) प्रमाण कानुनको विवेचना,
(ङ) कानुनका सामान्य सिद्धान्तको विवेचना,
(च) सर्वोच्च अदालतका नजिरहरूको प्रस्तुति ।

## ३.९ पुनरावेदन सम्बन्धी प्रक्रियामा सरकारी वकिलले गर्नुपर्ने कार्यहरू

(क) आफूले बहस पैरवी वा प्रतिरक्षा गरेको मुद्दामा भएको आदेश वा फैसला उचित समयमा प्राप्त गर्न सक्रिय रहने,

(ख) अदालतबाट भएको फैसला कानुन बमोजिम समयमै प्राप्त गरी अभियोग मागदाबी गरिएका के कुन अभियुक्तहरूउपर के कस्तो र कति दण्ड सजाय वा जरिवाना भएको छ सो सम्बन्धी अध्यावधिक अभिलेख तयार गरी राख्ने,

(ग) फैसला प्राप्त भएपछि उक्त फैसलाउपर पुनरावेदन गर्नुपर्ने देखिए तोकिएको म्यादभित्रै मस्यौदा तयार गरी तालुक कार्यालयमा पठाउने,

(घ) सरकारवादी मुद्दामा बादी पक्ष तारेखमा बस्नु नपर्ने भएको हँदा अदालतले फैसलाको प्रतिलिपिसहित सरकारी वकिल कार्यालयलाई लिखित जानकारी गराउने र यस्तो लिखित जानकारी गराएको मितिबाट पुनरावेदनको म्याद सुरु भएको मानिने व्यवस्थालाई पुनरावेदनको आधार लिने । (सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १३(२) तथा १९)

(ङ) सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा समावेश भएका सरकारवादी फौजदारी मुद्दामा ७० दिनको पुनरावेदनको म्याद दिनुपर्दछ । मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण)

ऐन अन्तर्गतको मुद्दा अनुसूची १ अन्तर्गत समावेश गरिएको हुँदा ७० दिनको पुनरावेदनको म्याद पाउँछ । यस म्यादलाई ख्याल राख्नुपर्ने (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ र मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा २८)

(च) प्रचलित कानुनले निर्धारण गरेको माथि उल्लिखित म्यादका अतिरिक्त मुलुकी ऐन अदालती बन्दोबस्तको ५९ नम्बर अनुसार ३० दिन तथा सरकारी मुद्दा सम्बन्धी ऐनको दफा २६ (२) अनुसार ३० दिन गरी जम्मा ६० दिनको गुज्रेको म्याद थमाउन पाउने व्यवस्था रहेको छ । यिनै म्यादलाई आधार मानी पुनरावेदन गर्नुपर्ने ।

(छ) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा सुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन गर्ने सन्दर्भमा पीडितको हितलाई बढी जोड दिनुपर्ने ।

(ज) अदालतबाट भएको फैसला अन्तिम भएको अवस्थामा कार्यान्वयनको प्रयोजनको लागि अभिलेख राख्ने ।

## ३.१० फैसला कार्यान्वयन

(क) अदालतबाट मुद्दामा कानुन बमोजिम आदेश वा निर्णय भएपश्चात् सो आदेश वा निर्णयको पालन सबैले गर्नुपर्दछ । सरकारवादी फौजदारी मुद्दाको कार्यान्वयन पनि जिल्ला अदालतबाटै हुने व्यवस्था रहेको यो प्रक्रियामा सम्बन्धित व्यक्ति, कानुन व्यवसायी, सरकारी वकिल, प्रहरी तथा नागरिक समाजले समेत अदालतलाई सक्दो सहयोग पुऱ्याउनुपर्दछ । फैसला कार्यान्वयनको सन्दर्भमा नेपाल सरकारले आवश्यक सहयोग पुऱ्याउनुपर्ने ।

(ख) विधिवत् रूपमा फैसला प्राप्त भएपछि सो फैसला कार्यान्वयनतर्फ अदालतलाई आवश्यक पर्ने सहयोग सरकारी वकिलले पुऱ्याउने,

(ग) सरकारी वकिलले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कार्यान्वयनको सिलसिलामा अदालतले माग गरेको आवश्यक सहयोग पुऱ्याउने,

(ग) सरकारी वकिलले फैसला कार्यान्वयनका लागि नेपाल सरकार वा नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरूबाट सहयोग उपलव्ध गराउनुपर्ने देखिएको अवस्थामा पत्राचार गरी अनुरोध गर्ने,

(घ) पीडितको प्रतिरक्षाको जिम्मेवारी स्वयम् राज्यले लिएको हुँदा र सरकारी वकिलले राज्यको प्रतिनिधिको हैसियतमा काम गर्ने हुँदा मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको फैसला कार्यान्वयनमा सरकारी वकिल बढी सजग र क्रियाशील रहने ।

## ३.११ अपराध अनुसन्धान : अभियोजन तथा प्रतिरक्षा सम्बन्धमा विचार गर्नुपर्ने मुख्य सिद्धान्तहरू

### ३.११.१ निष्पक्ष सुनुवाइको अधिकार

मानवअधिकारको आधारभूत मान्यता भनेको फौजदारी अभियोगमा शङ्कित व्यक्तिमाथि के कस्तो व्यवहार रहेको छ भन्ने मापन गर्ने प्रक्रिया पनि हो । कुनै पनि अपराधको अनुसन्धानदेखि मुद्दाको सुनुवाइको चरणसम्म त्यस्ता शङ्कित व्यक्तिमाथि हुने व्यवहार निम्न अनुसार हुनुपर्छ भन्ने निर्देशिका निर्धारण भएको छ । यसैले अभियोजनकर्ता र अदालती कारबाहीको प्रक्रियामा निम्न विषयहरूमा पनि ध्यानाकर्षण गर्नु जरुरी देखिन्छ ।

१. कानुनको दृष्टिमा समानता र कानुनद्वारा समान उपचारको हकको संरक्षणको प्रत्याभूति,
२. कसुर ठहर नभएसम्म निर्दोषिताको अनुमान गर्नुपर्ने, (शङ्काको सुबिधा अभियुक्तले पाउने),
३. कुनै पनि व्यक्तिको निजी जीवन, आवास तथा पत्राचार, खानतलासी तथा बरामदी, टेलिफोन संवादको संरक्षणको अधिकारको संरक्षण गराउने प्रक्रियाको सुनिश्चितता,
४. मानबोचित व्यवहारको अधिकार तथा यातनाविरुद्धको अधिकारको संरक्षण,

५. आफूविरुद्धको अभियोग बुझिने भाषामा जानकारी प्राप्त गर्ने अधिकारको संरक्षण,
६. कानुनी सहायता प्राप्त गर्ने अधिकारको संरक्षण,
७. आफूबिरुद्ध साक्षी हुन कर नलगाइने अधिकारको संरक्षण,
८. प्रतिरक्षाको लागि पर्याप्त समय र सुविधा प्राप्त गर्ने अधिकारको संरक्षण,

माथि उल्लेख भएका मानवअधिकारको स्वच्छ सुनुवाइको आधारभूत मान्यताको अवलम्बन गर्दै र पीडितप्रति पनि उत्तिकै जिम्मेवार भएर मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएका व्यक्ति वा निजका परिवारको संरक्षणको लागि उचित क्षतिपूर्ति वा अन्य यस्तै सुविधा उपलब्ध गराउनुपर्छ ।

### ३.१२ फौजदारी न्यायका मान्य सिद्धान्तहरू

मानव बेचबिखन तथा ओसारपसारजन्य मुद्दा सरकारी वकिल वा अदालती प्रक्रियामा रहँदा फौजदारी न्यायका मान्य सिद्धान्तहरूलाई पनि अनुसरण गर्नुपर्छ । ती मान्यताहरू निम्न छन् :

१. अतीतप्रभावी कानुनको सिद्धान्तको प्रयोग,
२. एउटै कसुरमा दुईपटक खतरामा नराखिने,
३. स्वेच्छाविरुद्धको बयान दिन कर नलगाउने,
४. निर्दोषिताको अनुमान,
५. पक्राउको कारण थाहा पाउने,
६. कानुनी प्रतिनिधित्वको अधिकार,
७. मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई पाउने अधिकार,
८. कानुनद्वारा स्थापित सक्षम अदालत ।

## सरकारी वकिलले सम्पादन गर्ने कार्यसूची

**१.** अनुसन्धान कार्य सम्पन्न भई अनुसन्धान अधिकारीको रायसहितको प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले सम्पादन गर्नुपर्ने कार्यको सूची निम्नानुसार उल्लेख गरिएको छ :
(क) प्राप्त प्रमाण कागजात दुरुस्त छ/छैन परीक्षण गर्ने,
(ख) सबुद प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्ति बुझ्नुपर्ने देखिएमा बुझ्न आदेश दिने,
२. मुद्दा दायर गर्नुपर्ने हदम्यादलाई मध्यनजर राखी मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने,
३. मुद्दा चलाउने निर्णय गर्दा कतिजना अभियुक्तहरूउपर के कस्तो अभियोगमा के कति सजायको मागदाबी गर्ने विषयमा यकीन गर्ने,
४. मुद्दा चलाउने निर्णयपश्चात् निर्णयमा लिइएका आधारहरूलाई ध्यानमा राखी अभियोगपत्र तयार गर्ने,
५. तयार भएको अभियोगपत्रलाई गम्भीरतापूर्वक अध्ययन गरी सम्बन्धित अदालतमा दायर गर्ने,
६. अभियोगपत्रसाथ अनुसन्धानको क्रममा सङ्कलन भएका सम्पूर्ण सबुद प्रमाण एवम् हिरासतमा रहेका अभियुक्तहरूसमेत अदालतमा दाखिल गर्ने,
७. अभियोगपत्रको प्रतिलिपि उपलव्ध गराउने,
(क) अभियुक्त वा निजको पक्षलाई,
(ख) अनुसन्धान अधिकारीलाई,
८. थुनछेकको सिलसिलामा अभियुक्तको अदालतमा बयान हुँदा सरकारी वकिल स्वयम् उपस्थित हुने,
९. अदालतबाट हुने थुनछेकको बहसमा उपस्थित हुने,
१०. अभियोगपत्र दायर गर्दासम्म पनि पक्राउ पर्न नसकेका फरार अभियुक्तलाई खोजी गरी उपस्थित गराउन प्रहरी कार्यालयलाई निर्देशन दिने,
११. पीडितलाई क्षतिपूर्ति दिलाउनको लागि अभियुक्तको सम्पत्ति रोक्का राख्न आवश्यक पहल गर्ने,

१२. अदालतले खोजी गरेका साक्षीहरू समयमै उपस्थित गराउन सम्बन्धित प्रहरी कार्यालयसँग समन्वय गरी उपस्थित गराउने,
१३. अदालतमा उपस्थित गराएको आफ्नो साक्षीको बकपत्र गराउने र विपक्षीको साक्षीको जिरह गर्ने,
१४. अनुसन्धानको क्रममा सङ्कलन भएका सबुद प्रमाणहरूको परीक्षण प्रतिवेदन मुद्दा दायर भइसकेपछि प्राप्त हुन आएमा अदालतमा पठाउने,
१५. अदालतमा मुद्दा दायर भइसकेपछि प्राप्त हुन आएका थप सबुद प्रमाणहरू रीतपूर्वक अदालतमा पठाउने ।

# परिच्छेद-चार

## अदालती कारबाही प्रक्रिया

### ४.१ परिचय

फौजदारी न्याय प्रशासनको अर्को महत्वपूर्ण अङ्ग न्यायपालिका हो । सरकारवादी हुने र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ भित्रपर्ने भनी कानुनमा उल्लेख भएका फौजदारी मुद्दाहरूमा अभियोगपत्र तयार गरी सरकारी वकिलले अभियोगपत्रसमेत अदालतमा दायर गर्नुपर्दछ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गतको मुद्दा पनि अनुसूची-१ अन्तर्गत मुद्दा हो । अभियोगपत्रसाथ पेस हुने शङ्कित अभियुक्तसँग बयान लिनेदेखि सो मुद्दामा पेस भएका सम्बन्धित सबुद प्रमाणहरूको परीक्षण तथा थप प्रमाण सङ्कलन गर्ने र मुद्दाको सुनुवाइ गरी इन्साफ गर्ने कार्य अदालतको क्षेत्राधिकारभित्रको विषय हो ।

अदालतमा मुद्दा सुनवाइको क्रममा अभियोजनकर्ता र निजी कानुन व्यवसायीको प्रत्यक्ष संलग्नता रहन्छ भने अनुसन्धान अधिकारी, पीडित, जाहेरवाला, नागरिक समाजका प्रतिनिधिहरू, विशेषज्ञहरू, प्रमाणसँग सम्बन्धित अन्य व्यक्तिहरूको भने अप्रत्यक्ष संलग्नता रहेको हुन्छ । अदालती कारबाही प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा प्रवेश गर्दादेखि निर्णय हुँदासम्मका थुप्रै कार्यविधिहरू पर्दछन् । ती सबै प्रक्रिया वा कार्यविधिका बारेमा उल्लेख गर्नु सम्भव छैन । त्यस्तै सामान्यतः अदालतमा अवलम्बन गरिने कार्यविधिका बारेमा उल्लेख गर्नु आवश्यक र सान्दर्भिकसमेत नहुन सक्दछ । तसर्थ मानव बेचबिखन तथा ओसारपसारमा ऐनमा गरिएका अदालतली कारबाही प्रक्रियासँग सम्बन्धित विशेष व्यवस्थाहरू, अदालतबाट प्रतिपादित तथा प्रस्तुत गम्भीर प्रकृतिको मुद्दाको कारबाही प्रक्रिया छिटोछरितो एवम् प्रभावकारी हुन सकोस् र न्यायमा पहुँचलाई सुनिश्चित गर्न मद्दत पुग्ने दृष्टिकोणबाट तत्सम्बन्धी कारबाही प्रक्रियालाई यस परिच्छेद अन्तर्गत संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

### ४.२ पीडितको बयान प्रमाणित गर्दा अदालतले निर्वाह गर्नुपर्ने कुराहरू

१. पीडितको बयान प्रमाणित गर्ने कामलाई प्राथमिकता दिई छिटोछरितो रूपमा सम्पन्न गर्नुपर्ने,
२. पीडितको पहिचान गोप्य राख्नुपर्ने हुँदा बयान प्रमाणित गर्ने प्रयोजनको लागि पनि बन्द इजलास कायम गर्नुपर्ने,
३. पीडितले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानको व्यहोरा पढी वाची सुनाई निजले भने बमोजिम लेखिएको भएमा दुरुस्त प्रमाणित गरिदिनुपर्ने,
४. बयानको व्यहोरा फरक पर्न गएमा के कति फरक छ सो व्यहोरा बुँदागत रूपमा प्रस्टसँग उल्लेख गरी प्रमाणित गरिदिनुपर्ने,
५. पीडित बालक रहेछ भने बालकको संरक्षक वा अभिभावकको उपस्थिति यथासम्भव सुनिश्चित गर्नुपर्ने,
६. बयान प्रमाणित गर्ने कार्य न्यायाधीश स्वयम्ले गर्नुपर्ने,
७. न्यायाधीश कुनै पनि कारणले उपस्थित नरहेको अवस्थामा स्रेस्तेदारले, निज पनि नभएमा तहसिलदारले प्रमाणित गर्नुपर्ने,
८. पीडितले अदालतमा प्रयोग गर्ने भाषा नबुझ्ने भएमा दोभाषेको सहयोगमा सोधपुछ गर्नुपर्ने,
९. बयान प्रमाणितको क्रममा अदालतमा उपस्थित गराइएका पीडितको स्वास्थ्य उपचार, संरक्षण, आश्रय, खानपिनजस्ता न्यूनतम मानवीय आवश्यकता पूरा भए/नभएको, सुरक्षाको स्थिति, के कस्तो कुरामा सहयोग र संरक्षणको आवश्यकता छ, सम्मानजनक र सहयोगी व्यवहार भएको

छ/छैन भन्नेजस्ता कुराहरू बुझी आवश्यकता अनुसार अनुसन्धान अधिकारीलाई उचित व्यवस्था मिलाउन निर्देशन दिनुपर्ने ।

### ४.३ शङ्कित व्यक्तिलाई हिरासतमा राख्ने अनुमति दिँदाको प्रक्रिया

१. पीडितलाई पुनः थप पीडा पुर्‍याउने सम्भावना के कस्तो छ भन्नेमा विचार गर्नुपर्ने,
२. अनुसन्धान तहकिकातमा बाधा पुर्‍याउने, प्रमाण नष्ट गर्ने, प्रमाण लोप गर्ने, अभियुक्त भागी जाने सम्भावनाहरूको मूल्याङ्कन गर्नुपर्ने,
३. अभियुक्तबाट पीडितलाई तत्काल कुनै राहत दिलाउन सकिने स्थिति भए सम्भावनाको बिचार गरी पहल गर्न सरकारी वकिल र अनुसन्धान अधिकारीलाई निर्देशन दिनुपर्ने,
४. अनुमति दिने सन्दर्भमा सुनुवाइ गर्ने क्रममा पीडित वा निजको कानुन व्यवसायी पनि उपस्थित रहेमा निजको जिकिरको सुनुवाइ हुनुपर्ने,
५. हिरासतमा राख्ने अनुमति दिनेसम्बन्धी कारबाही र सुनुवाइ बन्द इजलासबाट गर्नुपर्ने,
६. हिरासतमा रहँदा तपाईंलाई यातना भएको थियो/थिएन भनी सोध्नुपर्ने,

### ४.४ अदालतमा अभियुक्तको बयान लिने प्रक्रिया[२९]

१. अभियुक्तको बयान न्यायाधीशले नै प्रश्न गरी कर्मचारीबाट लेखबद्ध गराउने प्रचलित कानुनमा व्यवस्था रहेको हँदा सो बमोजिम अभियुक्तको बयान गराउने (न्याय प्रशासन ऐन, २०४८ को दफा २४ (१) (ख) र मुलुकी ऐन, २०२० अ.बं. को १४७ नं),
२. मुद्दाको कारबाही बन्द इजलासमा गर्नुपर्ने कानुनी व्यवस्था भएको हुँदा अभियुक्तको बयान पनि बन्द इजलासमा गराउनुपर्ने (मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २७),
३. बयानको क्रममा अभियुक्तलाई निजउपर लागेको अभियोग र सो अभियोगसँग सम्बन्धित कागज पढी, वाची सुनाई मिसिल संलग्न प्रमाणहरू देखाई सनाखत गराउनुपर्ने,
४. बयानको क्रममा सहजताका लागि अभियुक्तलाई आवश्यक बस्ने ठाउँ लगायत पिउने पानी र अन्य न्यूनतम मानवीय सुविधाहरू उपलब्ध गराउनुपर्ने,
५. बालक, वृद्ध, महिला तथा शारीरिक वा मानसिक रूपले अशक्त अभियुक्तका सम्बन्धमा विशेष ध्यान दिनुपर्ने,
६. नेपाली भाषा नबुझ्ने अभियुक्तको बयान गराउँदा उपलब्ध हुन सकेसम्म निजको भाषा बुझ्न सक्ने दोभाषेको सेवा उपलब्ध गराउन आवश्यक पहल गर्नुपर्ने र सोही आधारमा बयान गराउनुपर्ने,
७. बयान वा थुनछेकको आदेश गर्दा अभियुक्तलाई निजले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिने र निजको तर्फबाट उचित प्रतिनिधित्व गर्ने अवसर उपलब्ध गराउने, अदालतबाट बैतनिक वकिलको व्यवस्था गरिएको बिषय पनि जाकमारी गराउनुपर्ने,
८. नाबालक, शारीरिक रूपले अशक्त अभियुक्त (कान नसुन्ने, बोल्न, देख्न नसक्ने वा होस ठेगानमा नभएका वा मानसिक स्थिति ठीक नभएको मानिस) को बयान गराउँदा कानुन बमोजिमको रीत

---

[२९] प्रतिवादीको अदालतमा भएको इन्कारी बयान बमोजिम जाहेरी व्यहोरा झुठा हो भन्ने कुराको ठोस एवम् तथ्ययुक्त प्रमाण पुष्टि गराउन सकेको नदेखिँदा प्रतिवादीले कसुर गरेको ठहर्ने । (स.अ.बु.२०६१ वर्ष १३ अङ्क १५ पूर्णाङ्क २९७ पृष्ठ २२ द्रोणबहादुर डागी वि. श्री ५ को सरकार) र प्रतिवादी अदालतमा बयान गर्दा इन्कार रहे पनि अदालतबाट प्रमाणित पीडित जाहेर वालीको बयानमा उल्लिखित कुरा झुठा हुन् भन्ने कुराको प्रमाण प्रतिवादीले गुजार्न सकेको नदेखिँदा कसुरदार ठहर्ने । (स.अ.बु. वर्ष ८ अङ्क ११ पृष्ठ ६ कृष्णबहादुर तामाङ्ग विरुद्ध श्री ५ को सरकार, ने.का.प.२०५६ अङ्क ५ नि.नं. ६७२३ पृ. ३७३ गीता परियार वि. श्री ५ को सरकार मुद्दा : जि.मा.वे.)

पुऱ्याई उपलब्ध भएसम्मका संरक्षक वा हकवालासमेतलाई रोहवरमा राख्ने (मुलुकी ऐन, २०२० अदालती बन्दोबस्तको २४ तथा २५),

९. महिला अभियुक्तको बयान गराउँदा अनावश्यक ठट्टा मस्करी नगरी शिष्ट भाषामा सोधपुछ गर्ने ( मुलुकी ऐन, २०२० अदालती बन्दोबस्तको १३४),

## ४.५ अदालती हिरासत र थुनछेक प्रक्रिया

१. अभियुक्तको बयान गर्ने कार्य पूरा भएपश्चात् मुद्दाको गाम्भीर्यता एवम् सजायको मात्राको आधारमा अदालतले अभियुक्तलाई थुनामा राख्ने वा धरौट वा जमानी वा साधारण तारेखमा राख्ने,

(क) मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर (बेश्यागमन गर्नेबाहेक) का अभियुक्तलाई थुनामै राखी कारबाही गर्ने विशेष कानुनी व्यवस्था भए तापनि सर्बोच्च अदालतबाट मिति २०६६।३।११ मा भएको फैसलाले खारेज गरेको ले हाल कायम नरहेको,[३०] (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८)

(ख) मुलुकी ऐनको अ.बं. ११८ नं. को व्यवस्था बमोजिम तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने वा प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा निम्न अवस्थामा थुनामा राखी कारबाही गर्नुपर्ने :

- मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा १५ मा ३ वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने भनी उल्लेख भएको अपराध, (परिच्छेद २ को कसुर र दण्ड सजायको व्यवस्था हेर्नुपर्ने) जस्तो :
  - मानिस किन्ने बेच्ने कसुरदारलाई,
  - फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई,
  - मानिसको कुनै अङ्ग झिक्नेलाई,
    - किन्ने बेच्ने वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, बालबालिका, नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने र बालबालिका लगेको भए,
    - शोषण गर्ने उद्देश्यले दफा ४(२)(ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने र विदेश लगेको भए,
    - किन्ने बेच्ने, वेश्यावृत्तिमा लगाउन वा शोषण गर्ने उद्देश्यबाहेक दफा ४(२)( ख) बमोजिम आदि ।

---

३० मानव बेचबिखन तथा ओसारपसार( नियन्त्रण) ऐन, २०६४ को दफा ८ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ द्वारा प्रदत्त समानताको हक, धारा २४ को न्याय सम्बन्धी हक तथा धारा १०० मा उल्लिखित न्याय सम्बन्धी अधिकारको प्रयोग अदालतबाट हुने भन्ने व्यवस्थासमेतसँग स्पष्टतः बाझिएकोले अमान्य घोषित गरिपाउन परेको रिट नं.२०६४-WS-००२७ *निवेदक अधिवक्ता कमलेश द्विवेदी* विपक्षी *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको रिटमा सर्वोच्च अदालतले विवादित व्यवस्था निर्णय मिति अर्थात् २०६६।३।११ देखि अमान्य र बदर घोषित गऱ्यो । उक्त विवादित कानुन अमान्य घोषित गर्दा सर्वोच्च अदालतले भनेको छ- **अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गर्ने र मुद्दाको सुनुवाइ हुने तर मुद्दा हेर्ने अधिकारले थुनछेक सम्बन्धमा न्यायिक मन एवम् विवेक प्रयोग गर्ने अवस्था नदिने कार्य राज्यको पक्षपोषण नभई उपहास मात्र हुन्छ । न्यायिक अधिकारीलाई न्यायपूर्ण कारबाही अगाडि बढाउन मौका नदिई थुनामा राखी कारबाही गर्न बाध्य तुल्याउने गरी गरिएको व्यवस्थाले मुद्दा हेर्ने अधिकारीलाई न्यायिक मनको प्रयोगमा ताला लगाई अधिकारशून्यको स्थितिमा पुऱ्याउँछ...। यति मात्र होइन स्वतन्त्र न्यायपालिका सम्बन्धी आधारभूत मान्यताहरू समाप्त हुन जान्छ । मुद्दा हेर्ने अधिकारीको आफूसमक्ष पेस भएका कागज प्रमाणको मूल्याङ्कन गरी निष्कर्षमा पुग्ने अधिकारलाई निष्क्रिय र निस्तेज पार्ने विवादित प्रावधान संविधानप्रदत्त न्याय सम्बन्धी हक र न्यायका मान्य सिद्धान्तसँग मेल खाने देखिएन । ...मुद्दा दायर हुनासाथ प्रमाणबाट कसुरदार नदेखिने अवस्थामा समेत अभियुक्तलाई थुनामा नै राख्नुपर्ने भन्ने संविधान र न्यायका मान्य सिद्धान्त प्रतिकूलको उक्त दफा ८ लाई आजैका मितिदेखि अमान्य र बदर घोषित गरिदिएको छ ।**

- नेपालमा स्थायी बसोवास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने कसुरमा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा (परिच्छेद २ को कसुर र दण्ड सजायको व्यवस्था हेर्नुपर्ने)
- अदालतबाट माग भएको धरौट वा जमानत नदिने अभियुक्तलाई,
- अभियुक्तसँग लिएको धरौट वा जमानत नपुग देखिन आएमा थप धरौट वा जमानत माग्न सक्ने त्यस्तो धरौट वा जमानत दिन नसकेको अवस्थामा,

[**तत्काल प्राप्त प्रमाण** भन्नाले अभियुक्तउपर लगाइएको अभियोगको साथ अनुसन्धान अधिकारीले सङ्कलन गरेको लिखित, मौखिक वा भौतिक सबुत जुन मुद्दा दायर गर्ने अधिकारीले वा अभियोजकले अदालतमा प्रस्तुत गरेको छ वा उल्लेख गरेको छ त्यसलाई बुझिन्छ । सबुत भनेको साक्षी सर्जमिन लिखित कागजात हुन् ।]

[**अन्य प्रमाण** भन्नाले प्रचलित कानुनद्वारा प्रमाणमा लिन सकिने मुद्दाको सम्बन्धमा सम्बद्ध त्यस्ता प्रमाणहरू जसले कसुर सिद्ध गर्न सहयोग गर्छन् वा त्यस्ता प्रमाणहरू, तथ्यहरू, जसले कर्तव्यवाला हो भन्न सकिने परिबन्द पुऱ्याउन मद्दत गर्दछ अथवा परिबन्द पुऱ्याउन स्पष्ट रूपमा सान्दर्भिक र सम्बद्ध हुन्छन्, त्यस्ता प्रमाणहरूलाई पनि अन्य प्रमाणको रूपमा राख्नुपर्ने हुन्छ ।[३१]

२. अभियुक्तको अवस्थालाई समेत विचार गरी थुनामा नराखी धरौट वा जमानत लिई छाड्नुपर्छ,
   (क) नाबालक (बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ लाई समेत विचार गर्नुपर्ने)
   (ख) शारीरिक वा मानसिक रोग लागेको कारण थुनामा राख्न अनुपयुक्त भनी अदालतले ठहऱ्याएको व्यक्ति,
   (ग) अपराधको परिस्थिति, अभियुक्तको उमेर, शारीरिक मानसिक अवस्था र पहिलेको आचरणलाई पनि विचार गर्नुपर्ने,

३. अभियुक्तलाई कानुन बमोजिमको आधार र कारण परी धरौट वा जमानत लिई तारेखमा राख्दा अपराध हुँदाको परिस्थिति, अभियुक्तको उमेर, शारीरिक एवम् मानसिक अवस्था, पूर्वआचरण, अभियुक्तबाट पीडितलाई पुग्न सक्ने सम्भावित थप क्षति वा खतरा, निज भागी जाने सम्भावनालाई पनि विचार गर्नुपर्ने,

४. अभियुक्तलाई धरौट वा जमानत लिई तारेखमा राख्दा पीडितलाई दिलाउने भराउने क्षतिपूर्तिको रकमसमेतलाई दृष्टिगत गर्नुपर्ने,

५. पीडितका कानुन व्यवसायीहरूको जिकिरलाई समेत ध्यानमा राख्नुपर्ने,

६. थुनछेकको आदेश गर्दाको क्रममा पीडितको लागि औषधोपचारको व्यवस्था, अन्तरकालीन राहतको व्यवस्था र संरक्षणको लागि मनासिब माफिकको व्यवस्था मिलाउन अनुसन्धान अधिकारी, सरकारी वकिल र अन्य सम्बद्ध निकायलाई आदेश जारी गर्नुपर्ने,

७. थुनछेकको आदेश गर्ने क्रममा पनि बन्द इजलासबाट सुनुवाइ गर्नुपर्ने र पीडितको गोपनीयता कायम राख्नुपर्ने,

८. थुनछेकको आदेश गर्दा अदालतले अनुसन्धान तहकिकातका सन्दर्भमा सङ्कलित सबुत प्रमाणलाई नै आधार लिनुपर्ने ।

---

[३१] *नेत्रबहादुरसमेत* विरुद्ध *पूर्वाञ्चल क्षेत्रीय अदालत* समेत ने. का. प ४२, पृष्ठ १०३०

### ४.६ अदालतले पीडितको परीक्षण गर्दा अपनाउनुपर्ने प्रक्रिया[३२]

१. मानिसको भीडभाड नहुने गरी पीडितको बकपत्रको लागि मिति निश्चित गर्नुपर्ने,

२. पीडित बस्ने आराम गर्ने व्यवस्था र बकपत्रको काम छिटोछरितो रूपमा सम्पन्न हुने गरी व्यवस्था मिलाउनुपर्ने,

- बस्ने सिट, पिउने पानी, बकपत्र लेख्ने कर्मचारी र कागजको बन्दोबस्त गर्नुपर्ने,

३. पीडितलाई लगातार लामो अवधिसम्म साक्षीको रूपमा परीक्षण गर्न हुँदैन, पीडितको उमेर, शारीरिक मानसिक स्थिति र अवस्थासमेतलाई बुझी मनासिब विश्राम दिनुपर्ने,

४. यदि बालबालिका पीडितको अवस्थामा रहेकोमा निजको शारीरिक एवम् मानसिक विकासको अवस्था विचार गरी उनीहरूलाई साक्षीको रूपमा परीक्षण गर्दा प्रश्न सोध्ने तरिका निर्धारण गर्नुपर्ने जस्तो :

(क) सत्य जवाफ आउन सक्ने गरी सरल र प्रस्ट रूपमा प्रश्न सोध्नुपर्ने,
(ख) सरल भाषा प्रयोग गर्ने, नबुझ्ने गरी वा क्लिष्ट भाषाको प्रयोग नगर्ने,
(ग) पीडितको मानसिक अवस्थासँग मेल खाने प्रश्न सोध्नुपर्ने,
(घ) हैरानी वा अप्ठ्यारो हुने, झिँझ्याउने र अलमल पार्ने किसिमको प्रश्न सोध्न नहुने,
(ङ) यथासम्भव छोटो समयमा सोधपुछको कार्य सम्पन्न गर्नुपर्ने,

५. पीडितको परीक्षण गर्ने क्रममा अदालतले आवश्यक ठानेको छ भने अभियुक्तको तर्फबाट पीडितलाई सोधिने प्रश्न कानुन व्यवसायीले लेखेर न्यायाधीशलाई दिई न्यायाधीशमार्फत प्रश्न सोध्ने व्यवस्था मिलाउनुपर्ने,

६. सिसिटिभीको व्यवस्था भएको अदालतमा सोही माध्यमबाट सोधपुछ वा जिरह गर्न सक्ने,

७. पीडितलाई साक्षीको रूपमा परीक्षण गर्दा अभियुक्तको उपस्थितिको कारणबाट पीडित भयभीत हुने, त्रसित हुने मनासिब कारण भएमा निजले अभियुक्तलाई नदेख्ने गरी पर्दा वा अरू कुनै छेकबारको व्यवस्था मिलाएर अभियुक्तको उपस्थिति अप्रत्यक्ष तुल्याएर पनि परीक्षण गर्न सकिने व्यवस्था मिलाउनुपर्ने,

८. पीडित महिला तथा बालबालिकालाई अभिभावकको संरक्षणको आवश्यकता महसुस गरेमा अभिभावकको उपस्थिति मिलाइदिनुपर्ने,

९. अदालतले न्यायको लागि उपयुक्त देखेमा पीडितसँग जवाफसूचक प्रश्न सोध्न अनुमति दिन सक्ने,

१०. कुनै प्रश्नमा आपत्ति जनाउँदा पीडित व्यक्ति भ्रमित हुने वा डराउने गरी आपत्ति जनाउन दिन नहुने,

११. महिला पीडितको बयान वा बकपत्र सम्भव भएसम्म दक्ष महिला कर्मचारीको सहयोगमा न्यायाधीशले गराउनुपर्ने, दक्ष महिला कर्मचारी नभएको अवस्थामा अरू दक्ष कर्मचारीले गराउने,

१२. अदालतले पीडितसँगको व्यवहार र बयान बकपत्रको लागि पीडितमैत्री वातावरणमा हुनुपर्छ,

१३. बकपत्रको समग्र प्रक्रिया अदालतको नियन्त्रण र निगरानीमा हुनुपर्ने,

१४. पर्याप्त र मनासिब कारण परी पीडितप्रति न्यायका लागि जिरह गर्न दिनु उचित नदेखिएमा पीडित महिला वा बालबालिकाको बकपत्र गराउँदाको क्रममा जिरह गर्न नपाउने वा सीमित प्रश्न खास तरिकाबाट मात्र सोध्न पाउने व्यवस्था मिलाउनुपर्ने,

१५. पीडितको परीक्षण गर्ने विशेषज्ञलाई अदालतमा झिकाएको अवस्थामा बिशेषज्ञको बकपत्र गराउँदा लगायत पीडितको बयान वा बकपत्र गराउँदा न्यायाधीश स्वयम् उपस्थित रही सरकारी वकिलको पनि उपस्थिति गराई छिटोछरितो रूपमा निर्धारित समयमा नै कार्य सम्पन्न हुने व्यवस्थापन मिलाउनुपर्ने,

---

[३२] अपराध पीडित महिला तथा बालबालिका तथा साक्षीको संरक्षण दिग्दर्शन २०६५

१६. यस प्रकारको गम्भीर प्रकृतिको मुद्दामा अदालतले इजलासलाई पनि व्यवस्थापन गर्नुपर्ने
- (क) बन्द इजलासको व्यवस्थापनको साथै निष्पक्ष र स्वच्छ सुनुवाइको सुनिश्चितता गर्नुपर्ने,
- (ख) पीडितलाई साक्षीको रूपमा परीक्षण गर्दा इजलासको वातावरण औपचारिक तरिकाले सञ्चालन गर्नुपर्ने,
- (ग) इजलासको भौतिक व्यवस्थापनको उपयुक्तता र पीडितमैत्री वातावरणको सम्भावनाहरूलाई विचार गरी मुद्दाको कारबाही प्रक्रिया सुरु हुनुभन्दा पहिले नै आवश्यक व्यवस्था मिलाउनुपर्ने,
- (घ) इजलासमा कर्मचारीहरूको व्यवस्थापन गर्दा पीडितहरूप्रति संबेदनशील, सरल र शिष्ट स्वभाव भएका तथा यस विषयमा तालिम प्राप्त कर्मचारी खटाउनुपर्ने ।

१७. पीडितको बयान वा बकपत्र गराउँदा प्राथमिकता दिनुपर्ने ।

## ४.७ अदालतमा प्रहरी कर्मचारीले पालना गर्नुपर्ने कर्तव्य

अदालतको स्वतन्त्रताको रक्षा र नागरिकको शान्ति सुरक्षाको जिम्मा राज्यको तर्फबाट प्रहरीले लिएका हुन्छन् । आजको हाम्रो फौजदारी कानुनी प्रणालीमा अदालतको भिन्दै प्रहरीको व्यवस्था गर्न सिद्धान्ततः मिल्दैन । फौजदारी अपराध अनुसन्धानको प्रमुख जिम्मेवारी पाएको प्रहरीले आफ्नो भूमिकालाई अनुसन्धान मात्र सीमित राख्न सक्दैन । यस निकायको भूमिका अदालतको फैसलाको कार्यान्वयनको तहसम्म पनि हुन्छ । यसै सन्दर्भमा प्रहरीको निम्न भूमिका रहेको हुन्छ ।

१. अनुसन्धान अधिकारीले समय समयमा अदालतमा दायर भएका मुद्दाहरूको स्थिति बुझी मुद्दाको सुनवाइको समयमा पुर्‍याउनुपर्ने आवश्यक सहयोगको लागि सरकारी वकिलसँग नियमित सम्पर्क र समन्वय कायम राख्ने,
२. अदालतबाट वारेन्ट जारी भएका व्यक्तिहरूको खोजतलास गर्ने, पक्राउ गर्ने र न्यायिक कारबाहीको लागि अदालतसमक्ष पेस गर्ने,
३. पुर्पक्षका लागि कारागारमा रहेका थुनुवाहरूलाई मुद्दाको पेसीको दिन अदालतसमक्ष उपस्थित गराउने,
४. सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५ बमोजिम साक्षी एवम् प्रमाण सरकारी वकिलमार्फत अदालतसमक्ष उपस्थित गर्ने गराउने, प्रमाण पेस गर्ने चिज वस्तु व्यक्ति उपस्थित वा दाखिला गराउने,
५. मुद्दा दायर भएपश्चात् सङ्कलन हुन आएका थप सबुत प्रमाण सरकारी वकिल कार्यालयमार्फत अदालतसमक्ष पेस गर्ने,
६. वारेन्ट जारी भएका फरारी व्यक्ति पक्राउ भएमा अदालतसमक्ष पेस गर्ने,
७. साक्षीलाई बकपत्रको लागि अदालतसमक्ष उपस्थित गराउँदा सरकारी वकिल कार्यालयको सिफारिसमा निजहरूले कानुन बमोजिम पाउने सुविधा उपलब्ध गराउन पर्ने । (स.मु.स. नियमावली २०५५ को नियम १५ (३))

## अदालतबाट गरिनुपर्ने कार्यसूची

१. अदालतमा अभियोगपत्र दायर भएपछि अभियुक्तको बयानको क्रममा सरकारी वकिलको अनिवार्य उपस्थिति,
२. अदालतमा अभियुक्तको बयान कार्य पूरा भएपछि तत्कालै थुनछेकको बहसमा उपस्थित हुने,

३. अदालतको आदेश अनुसार अभियुक्तलाई थुनामा वा धरौट वा तारिखमा राखिएपश्चात् मुद्दाको सुनुवाइमा सहयोग पुऱ्याउने,
४. सुनुवाइ प्रक्रियामा साक्षी बुझ्ने वा अन्य प्रमाण परीक्षण गर्ने क्रममा सक्रिय भूमिका निर्वाह गर्ने (साक्षीलाई समयमै अदालतमा उपस्थित गराउने, आवश्यकता अनुसार जिरह र सोधपुछ गर्ने, जो सुकैले साक्षीलाई दुःख हैरानी दिन लागेमा त्यसलाई रोक्नु, अदालतलाई सहयोग गर्नु),
५. अदालतले तोकेको दिन र समयमा मुद्दाका साक्षीलाई उपस्थित गराउन सरकारी वकिलले सम्बन्धित प्रहरी कार्यालयलाई पत्राचार गरी जानकारी गराउने र उपस्थित गराउन नसक्ने जानकारी भएमा सोको लिखित जानकारी माग गर्ने र अदालतमा पेस गर्ने,
६. मुद्दामा सरकारी साक्षीको रूपमा उपस्थित हुने साक्षी तथा जाहेरवालाहरूको सुरक्षा र उपस्थितिलाई सहज बनाउन सरकारी वकिलले प्रहरी कार्यालयलाई जानकारी गराउने र आवश्यक सङ्ख्यामा सुरक्षाकर्मीहरूको व्यवस्था मिलाउनुपर्ने,
७. पीडितले मुद्दाको सुनवाइको क्रममा छुट्टै कानुन व्यवसायीमार्फत प्रतिनिधित्व गराउन चाहेमा अदालतले त्यस्तो सुविधा उपलब्ध गराउने,
८. सरकारी वकिलले मुद्दामा बहस पैरवीको लागि आवश्यक सामग्रीहरू पुस्तक, पत्रिका, कानुन पत्रिका, अन्य सामग्रीहरू सङ्कलन गर्ने,
९. सरकारी वकिल आफैं मुद्दामा बहस पैरवीको लागि उपस्थित हुने र बहस पैरवी गर्ने,
१०. सरकारी वकिलले अदालतबाट भएको आदेश र फैसला समयमै प्राप्त गर्ने,
११. अदालतको फैसलापश्चात् सरकारी वकिलले माथिल्लो अदालतमा पुनरावेदन गर्नुपर्ने देखिए म्यादभित्रै पुनरावेदन गर्ने निवेदनको मस्यौदा र रायसहित आफू माथिल्लो निकाय (पुनरावेदन सरकारी वकिल कार्यालय) मा पठाउने,
१२. पुनरावेदन सरकारी वकिल कार्यालयले पनि त्यसरी प्राप्त हुन आएको मस्यौदा अध्ययन गरी पुनरावेदन अदालतमा पुनरावेदन दर्ता गरी मुद्दाको सुनवाइमा उपस्थित भई बहस पैरवी गर्ने,
१३. मुद्दाको अन्तिम फैसलापश्चात् फैसला कार्यान्वयनको कार्यमा आवश्यक सहयोग पुऱ्याउने,
१४. सरकारी वकिलले फरारी अभियुक्तका सम्बन्धमा पक्राउ गर्न परिपत्र गर्नुपर्ने ।

# परिच्छेद-पाँच

## पीडितको मानवअधिकार संरक्षण सम्बन्धी व्यवस्था

### ५.१ परिचय

कुनै पनि आपराधिक कार्यको परिणाम स्वरूप अर्को पक्षप्रति शारीरिक, मानसिक वा आर्थिक क्षति पुगेको हुन्छ भने त्यस्तो व्यक्तिलाई पीडित भनिन्छ । दायित्व, परिणाम वा क्षतिका आधारमा कुनै पनि अपराधले दुई पक्ष जन्माउँछ पहिलो हो अपराध गर्ने व्यक्ति अर्थात् पीडक र दोस्रो त्यस्तो अपराधबाट पीडित हुन पुगेको व्यक्ति वा पीडित पक्ष । अपराध कायम हुनको लागि पीडकले पीडितलाई कुनै चोट पुऱ्याउने वा कुनै चिज वा वस्तुमा कब्जा गर्ने प्रमुख उद्देश्य राखेको हुन्छ । कतिपय अपराधबाट व्यक्ति मात्र नभई सिङ्गो समाज नै पीडित हुन पुग्दछ । जस्तो मानव बेचबिखन तथा ओसारपसार, लागूऔषधको कारोबार, हातहतियारको अवैध कारोबार आदि । अपराध पीडित हुनु पीडित व्यक्तिको दोष नभई अपराधको परिणाम हो । फौजदारी न्यायको सिद्धान्त निर्दोष व्यक्तिलाई दोषी ठहर हुनबाट बचाउने मात्र होइन दोषीलाई कानुन बमोजिम दण्ड र पीडितलाई न्याय दिनु पनि हो । अभियुक्त, पीडित र राज्यका बीचको न्यायिक सन्तुलन कायम नभएसम्म राज्यको तर्फबाट प्रदान गर्ने न्याय पूर्ण हुन सक्दैन । पीडितले न्याय पाउनु भनेको अपराधको कारणबाट पुगेको क्षतिको कानुन बमोजिम क्षतिपूर्ति पाउनु र पीडितको न्यायमा सरल पहुँच हुनु हो ।[३३]

आपराधिक कार्यबाट मात्र नभई कतिपय अवस्थामा अख्तियारको दुरुपयोगका कारणबाट पनि मानिस पीडित बन्न पुग्दछ । सुशासनको अभावका कारण हुने पीडा समाजका लागि हानिकारक हुन्छ । आपराधिक कार्यबाट पीडित हुँदा व्यक्तिको जीउ ज्यान जाने, चोटपटक लागी अङ्गभङ्ग, घाइते हुने, सम्पत्तिको हकबाट वञ्चित हुनुपर्नेजस्ता भौतिक र आर्थिक क्षति बेहोर्नुपर्ने हुन्छ । मानव बेचबिखन र अन्य यौनजन्य अपराधबाट मानवीय मर्यादा, प्रतिष्ठा र अस्मितामा नै ठूलो आघात पुगी पीडित हुनुपर्ने अवस्था रहन्छ ।

राज्यको न्याय प्रशासनमा संलग्न निकायको ध्यान अभियुक्तलाई दण्ड जरिवाना गरी भविष्यमा अपराध हुनबाट रोक्नेतर्फ मात्र सीमित नभई पीडितले बेहोर्नुपरेको क्षतिको परिपूरण गर्नेतर्फ पनि संवैधानिक एवम् कानुनी संरचना निर्माण हुन आवश्यक हुन्छ । अपराधका कारण पीडित पक्षको आर्थिक अवस्था मात्र होइन शारीरिक र मानसिक अवस्थासमेत तहसनहस हुन पुग्छ । पीडितमाथि आइपर्ने यस्ता सम्पूर्ण विपत्तिको पूर्ण समाधान सम्भव नभए पनि आर्थिक क्षतिको परिपूरण गरी केही हदमा समाधान गर्न सकिन्छ । ज्यानजस्तो गम्भीर अपराधमा मृतकका हकदार पीडित व्यक्तिले कुनै क्षतिपूर्ति पाउने व्यवस्था छैन ।

फौजदारी न्यायको हालसम्मको प्रयोगका आधारमा अपराध र अपराधीका बारेमा मात्र सम्बोधन गर्ने गरिन्छ तर पीडितलाई कम मात्र ध्यान दिने गरेको पाइन्छ । पीडितले सहयोग नगरेको खण्डमा न्यायिक कार्यमा आशातीत सफलता हासिल गर्न सकिँदैन । गहन प्रकृतिका फौजदारी मुद्दाहरूको अनुसन्धान तहकिकात गरी अभियुक्तलाई सजाय दिलाउने कर्तव्य राज्यको रहेको छ । सोको लागि पीडित पक्षलाई साक्षी वा प्रमाणको रूपमा प्रस्तुत गर्ने गरिन्छ । उनीहरू त्यसरी प्रस्तुत भएबापत थप पीडित हुनुपर्ने जोखिम पनि त्यत्तिकै हुन्छ । पीडितको प्रभावकारी संरक्षण हुन कानुनी संयन्त्र निर्माण हुन नसकेको स्थितिमा पीडितले मनोवैज्ञानिक त्रास (Psychological stress) मा रहनुपर्ने हुन्छ ।

---

[३३] मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको अनुन्धान तथा अभियोजन सम्बन्धी कार्य सञ्चालन मापदण्ड, राष्ट्रिय न्यायिक प्रतिष्ठान र द देवाल्का फाउन्डेसन, २०६५

### (क) पीडितको न्याय सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेजले गरेको व्यवस्था[३४]

मानवअधिकारको विश्वव्यापी घोषणापत्र को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार प्रत्याभूत गरेको छ । यो स्वतन्त्रताले मानवीय मर्यादा र प्रतिष्ठाको साथै जीवनको स्वतन्त्रताबाट वञ्चित हुनु नपर्ने निश्चिन्तता प्रदान गरेको पाइन्छ । पीडितका न्याय सम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणापत्र, १९८५[३५] ले पीडितका निम्न अधिकारहरू उल्लेख गरेको छ -

(क) आफ्नो भनाइ राख्न पाउने अधिकार,
(ख) जानकारी पाउने अधिकार,
(ग) संरक्षणको अधिकार,
(घ) क्षतिपूर्ति पाउने अधिकार ।
(ङ) पुनर्स्थापनाको अधिकार,
(च) गोपनीयताको अधिकार,
(छ) सम्बन्धित अधिकारी/निकायमा उपस्थित हुन पाउने अधिकार,

यो घोषणापत्रले अख्तियारको दुरुपयोग लगायतका फौजदारी कानुनको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामूहिक वा व्यक्तिगत रूपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानवअधिकारको सारभूत क्षति लगायतको हानि बेहोर्नुपर्ने व्यक्तिलाई पीडित भनी परिभाषा गरेको छ । घोषणापत्र अनुसार पीडितका निम्न लिखित चार प्रकारका अधिकार छन्-

१. **न्यायमा पहुँच र स्वच्छ व्यवहारको अधिकार (Right to access to justice and fair treatment) :** पीडितले भोग्नुपरेका क्षतिका निम्ति न्यायको पहुँच सहज हुनुपर्ने, छिटोछरितो, स्वच्छ र कम खर्चिलो प्रक्रियाको माध्यमबाट उद्धार एवम् उपचार पाउनेबारे उनीहरूलाई सूचित गर्नुपर्ने, पीडितको हितमा असर परेको कुरामा सरोकार र दृष्टिकोण राख्न पाउने, न्यायिक प्रक्रियाको क्रममा कानुनी सहायता पाउने, गोपनीयताको संरक्षण हुनुपर्ने, धाक धम्की एवम् प्रतिशोधबाटे संरक्षण पाउने, न्यायिक प्रक्रियामा दोभाषेको सुविधा पाउने आदि विषय पर्दछन् ।
२. **पुनर्स्थापकीय अधिकार (Right to restitution) :** पीडितले गुमेको सम्पत्ति फिर्ता पाउने, हानि वा क्षति पुगेको क्षति वा खर्चको सोधभर्ना पाउने, गुमेको अधिकारको पुनर्बहाली हुने, वातावरणीय नोक्सानी भएको खण्डमा त्यसको पुनर्स्थापना, विस्थापित हुँदा लागेको खर्चको सोधभर्ना पाउनेजस्ता अधिकारहरू पुनर्स्थापकीय अधिकारको रूपमा राखेको देखिन्छ ।
३. **क्षतिपूर्तिको अधिकार (Right to compensation) :** ठूलो शारीरिक चोटपटक वा स्वास्थ्यमा क्षति पुगेको भए सो वा मृत्यु भएमा वा शारीरिक मानसिक रुपले असक्षम बनेका व्यक्तिको परिवारले कसुरदार वा अन्य स्रोतबाट क्षतिपूर्ति नपाउने भएमा क्षतिपूर्ति पाउने हकभित्र पर्दछ ।
४. **सहायताको अधिकार (Right to assistance) :** स्वास्थ्योपचार र सामाजिक सहायता एवम् सोबारेको जानकारी दिनुपर्ने, सार्वजनिक क्षेत्रमा पीडितका आवश्यकताप्रति संवेदनशील तुल्याउन उचित र शीघ्र सहायतालाई सुनिश्चित तुल्याउने सार्वजनिक निकायको कर्तव्य हुने उल्लेख छ। यो घोषणापत्रले पीडितका अधिकारलाई अपराध पीडित र अख्तियार दुरुपयोगका पीडित गरी दुई वर्गमा विभाजन गरी न्यायमा पहुँचदेखि सुरक्षासम्मका अधिकार समेटेको छ ।

कसुर गर्ने व्यक्तिलाई सजाय गर्नेमा मात्र फौजदारी न्याय सीमित नभई त्यसका पीडितलाई न्याय दिलाउने कार्यसम्म विस्तार हुन आवश्यक छ भन्ने दृष्टिकोणको वकालत गर्नेको सङ्ख्या बढ्दो रहेको छ । अपराध गर्नेलाई सजाय गर्ने र पीडितलाई बेवस्ता गर्ने हो भने प्रकारान्तरले सबैलाई कानुनको समान संरक्षण प्राप्त हुन सक्तैन न त न्यायको अभीष्ट नै पूरा हुन सक्छ । यसबाट एकातर्फ अपराधको अनुसन्धानमा प्रभावकारिता आउन सक्तैन भने अर्कोतर्फ अपराधका पीडितको राज्यप्रतिको असन्तुष्टिलाई पनि बढाउँछ । विशेष परिस्थितिका कारण अपराधको परिणाम स्वरूप पीडामा परेका र संरक्षणको

---

[३४] Global Alliance Against Traffic in Women Foundation Against Trafficking in Women Global Rights, 1999

[३५] अपराध र अख्तियार दुरुपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५ तयार भई महासभाको २९ नोभेम्बर १९८५ को प्रस्तव नं ४०/३४ द्वारा जारी गरी हस्ताक्षरका लागि खुला गरिएको नरम कानुन (Soft Law) पीडितका अधिकार सम्बन्धी व्यवस्था भएको पहिलो अन्तर्राष्ट्रिय दस्तावेज हो ।

आवश्यकता भएका पीडितहरूलाई संरक्षण गर्न संरक्षकीय दायित्व भएको राज्य अझ बढी उत्तरदायी हुनुपर्दछ । पीडितको सम्मानपूर्वक बाँच्न पाउने अधिकारका साथै मानव मर्यादा र प्रतिष्ठाको संरक्षण गर्न अपराधीलाई सजाय गर्दै पीडितको हकसमेत सुरक्षित र संरक्षित गर्नु आवश्यक हुन्छ ।

अपराधका पीडितको हक अन्तर्गत आफू पीडित भएको अपराधको सम्बन्धमा हुने अनुसन्धान, तहकिकात, अभियोजन लगायत मुद्दाको कारबाहीको सूचना र जानकारी पाउने अधिकार, अभियुक्तसरह न्यायमा समान र सहज पहुँचको अधिकार, औषधोपचार पाउने अधिकार, अपराधको परिणाम स्वरूप पुग्न गएको क्षतिबापत उचित क्षतिपूर्ति पाउने अधिकार तथा पुनर्स्थापनाको अधिकार पर्दछन् ।

नेपालको आजसम्मको कानुनी तथा फौजदारी न्याय सम्बन्धी अभ्यास अपराध र अपराधीमा केन्द्रित रही यसले अपराधबाट पीडितका सम्बन्धमा उचित ध्यान दिन सकेको छैन । कसुरदारबाट दण्ड जरिवाना असुल गरी राज्यको कोषमा जम्मा हुने तर पीडितले राज्यबाट कुनै राहत नपाउने विद्यमान व्यवस्था वितरणमुखी न्यायअनुकूल छैन । सबै प्रकारका अपराधका पीडितले क्षतिपूर्ति पाउने गरी कानुनी व्यवस्था हुन सकेको छैन । क्षतिपूर्ति पाउने मुद्दामा पनि अभियुक्तको आर्थिक अवस्था वा अभियुक्त फरार भएको कारण क्षतिपूर्ति नपाउने अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ क्षतिपूर्ति पाउने गरी भएको फैसला बमोजिमको क्षतिपूर्ति पाउन वर्षौं कुर्नुपर्ने अवस्था छ । साथै राज्यले मुद्दा फिर्ता लिँदा अपराधका पीडितको सरोकार तथा संवेदनशीलतालाई ध्यान दिने गरेको पाइँदैन ।

पीडितको सूचना वा जानकारी पाउने हक र न्यायमा सहज र सरल पहुँचको हकलाई कारबाहीको जानकारी पाउने हक अन्तर्गत सम्बोधन भइसकेको तथा असमर्थ पीडित पक्षले समेत निःशुल्क कानुनी सहायता पाउने अधिकारलाई निःशुल्क कानुनी सहायता प्राप्त गर्ने हक अन्तर्गत सम्बोधन भइसकेको सन्दर्भमा राज्य सबैको संरक्षक हुने, कानुनले सबैलाई समान संरक्षण प्रदान गर्ने र न्यायको अभीष्ट सबैलाई न्याय प्रदान गर्ने भएकोले अपराधका पीडितको हक संरक्षण गर्न पीडित व्यक्तिलाई तत्काल स्वास्थ्योपचार गर्न तथा सबै प्रकारका अपराधका पीडितले पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था सुनिश्चित गर्नुपर्ने टड्कारो आवश्यक छ भन्ने महसुस गरिएको छ ।

### (ख) पीडितप्रति राज्यको दायित्व

मानव बेचबिखनमा परेका पीडितहरूको मानवअधिकार मापदण्डको विषयमा पनि राज्यबाट न्याय सम्पादन गर्ने कार्यमा दायित्व रहेको हुन्छ । यसै सन्दर्भमा राज्यले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित पक्षको लागि केही दायित्व पनि निर्वाह गर्नुपर्ने हुन्छ । जस अनुसार :

(क) कानुन, नीति र व्यवहारमा विभेद गर्न नहुने,
(ख) सुरक्षित र असल व्यवहार गर्नुपर्ने,
(ग) न्यायमाथिको पहुँच,
(घ) व्यक्तिगत कार्यमा पहुंच र परिपूरणको व्यवस्था ।
(ङ) बसोवासको व्यवस्था,
(च) स्वास्थ्य र अरू सेवाहरूको सुविधा,
(छ) क्षतिपूर्तिको व्यवस्था,

परिवर्तित फौजदारी न्याय प्रशासनको दृष्टिकोणको रूपमा पीडितलाई राहत एवम् क्षतिपूर्ति उपलब्ध गराउनु राज्यको दायित्व रहेको छ । मानव बेचबिखन तथा ओसारपसारजस्तो अपराधबाट पीडित भएका व्यक्तिहरूलाई तथा निजको परिवारलाई सरकारी वकिल, न्यायिक निकाय, निजी कानुन व्यवसायी तथा नागरिक समाजका व्यक्तिहरूले गर्नुपर्ने व्यवहार तथा पुऱ्याउनुपर्ने राहत एवम् सहयोग समयमै पुऱ्याउनु निजहरूको प्रमुख दायित्व एवम् कर्तव्य पनि हो । पीडितप्रति गर्ने व्यवहारले उनीहरूमाथि झन् पीडा थप्ने अवस्था हुनु हुँदैन । तसर्थ पीडितको अधिकार संरक्षण गर्ने सम्बन्धी कानुनी व्यवस्था र सम्बन्धित निकायहरूको भूमिकालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ । मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को परिच्छेद ३ मा केही यस्ता व्यवस्थाहरू राखिएका छन् जुन निम्न छन्ः

## ५.२ पीडितको संरक्षण सम्बन्धी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा रहेको कानुनीव्यवस्थाहरू

१. **पीडितको परिभाषा** : पीडित भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्भनुपर्ने भन्ने उल्लेख ।[३६]

२. **पीडितको बयान प्रमाणित** : मानब बेचबिखन तथा ओसारपसारजन्य कसुरमा पीडित व्यक्ति स्वयम्को उजुरी परेपछि प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान नजिकको जिल्ला अदालतबाट प्रमाणित गराउनुपर्छ । बयान प्रमाणित गराउनका लागि पीडित व्यक्तिलाई पनि अदालतमा उपस्थित गराउनुपर्ने ।[३७]

३. **पीडितले कानुन व्यवसायी राख्न सक्ने** : अदालतमा मुद्दाको सुनुवाइ हुँदा पीडितले छुट्टै कानुन व्यवसायीमार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानुन व्यवसायी राख्न सक्ने व्यवस्था रहेको छ ।[३८] यसप्रकार पीडितद्वारा कानुन व्यवसायी नियुक्त भएको अवस्थामा सरकारी वकिलले मुद्दामा मुख्य कानुन व्यवसायीको रूपमा बहस गर्ने र पीडितद्वारा नियुक्त भएको कानुन व्यवसायीले सरकारी वकिलसँग समन्वय गरी पीडितको तर्फबाट अदालतमा बहस पैरवी गर्न सक्ने ।

४. **दोभाषे वा अनुवादक राख्न पाउने**[३९] : मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न पाउने व्यवस्था रहेको ।

५. **नेपाल सरकारले उद्धार गर्ने**[४०] : कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्ने गरी राज्यको दायित्व तोकिएको छ ।

६. **पुनर्स्थापना केन्द्र स्थापना**[४१] : पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्ने, संस्थाद्वारा स्थापना भएकोमा नियमित र प्रभावकारी अनुगमन गर्नेजस्ता राज्यको अर्को दायित्व निर्धारण गरेको छ । साथै पुनर्स्थापना सम्बन्धी निम्न कार्यहरू पनि गर्नुपर्ने गरी तोकिएको छ :

   (क) **पुनर्स्थापना केन्द्र स्थापना** : कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्ने ।

   (ख) **पारिवारिक पुनर्मिलन गराउने** : केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रूपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्ने ।

   (ग) **औषधि उपचार र परामर्श सेवा तथा सुविधा** : केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्ने ।

   (घ) **इच्छा विपरीत काममा लगाउन नहुने** : केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन नहुने ।

---

[३६] दफा २ (ग)
[३७] दफा ६ (१)
[३८] दफा १०
[३९] दफा ११
[४०] दफा १२
[४१] दफा १३

(ङ) केन्द्रको व्यवस्थापन, सञ्चालन निर्देशिका, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने ।

७. **पुनर्स्थापना कोषको स्थापना**[४२] **:** पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापना कोष स्थापना गर्ने र सो कोषमा नेपाल सरकारबाट र स्वदेशी वा विदेशी सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त रकम, कसुरदारलाई भएको जरिवानाबापत प्राप्त हुने रकमको आाधा रकम जम्मा गरिने व्यवस्था गरेको छ । सो कोषको सञ्चालन तोकिए बमोजिम हुने व्यवस्था गरेको छ ।

८. **सजायमा छुट**[४३] **:** पीडितले आफू नियन्त्रित भएको स्थानबाट उम्कन, भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा, पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी उम्किन भाग्न सकिँदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा कुनै प्रकारको चोटपटक लाग्न गएमा निजलाई कुनै प्रकारको सजाय नहुने ।

९. **क्षतिपूर्ति भराई दिने**[४४] : अदालतले कसुरदारलाई भएको जरिवानाको कम्तीमा पचास प्रतिशत बराबरको रकम पीडितलाई वा पीडितको मृत्यु भइसकेको भएमा निजको नाबालक छोराछोरी वा बाबुआमालाई क्षतिपूर्तिबापत भराई दिनुपर्ने ।

१०. **पीडितको प्रचारप्रसार गर्न नहुने**[४५] **:** पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचारप्रसार गर्न नहुने व्यवस्था रहेको ।

११. **पीडित र साक्षी सुरक्षाको व्यवस्था**[४६] **:** कसुर सम्बन्धी उजुर गर्ने पीडितले उजुर गरेको वा अदालतमा बयान वा साक्षीको रूपमा बकपत्र गरेको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई नजिकको प्रहरी कार्यालयमा सुरक्षाको लागि अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई सुरक्षाको व्यवस्था गर्नेछ ।

१२. **बन्द इजलासमा सुनवाइ गर्ने**[४७] : मुद्दाको सुनुवाइ हुँदा इजलासमा मुद्दाका पक्ष (पीडित), सरकारी वकिल, विपक्ष (अभियुक्त), निजको कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र प्रवेश गर्न पाउने गरी बन्द इजलासमा सुनवाइ गर्ने व्यवस्था रहेको छ ।

## ५.३ पीडितको अधिकार संरक्षणमा सरकारी वकिलको भूमिका

### (क) प्रारम्भिक अवस्थामा विचार गर्नुपर्ने

१. सरल, शिष्ट, सभ्य तथा हौसलापूर्ण तरिकाले पीडितसँग व्यवहार गर्ने,
२. महिला, शारीरिक रूपले अशक्त, कानुनको द्वन्द्वमा परेका बालबालिका पीडित व्यक्ति भएमा यस्ता व्यक्तिको हित संरक्षण गर्न स्थापित सामाजिक संस्थाका प्रतिनिधिलाई समेत पीडितको हितकार्यमा लाग्न अनुरोध गर्ने,
३. मुद्दाको स्थिति, कार्यविधि एवम् प्रक्रियाको बारे आवश्यक जानकारी गराउने,
४. आवश्यकतानुसार कानुनी सहायता तथा परामर्श सेवा उपलब्ध गराउने,
५. पीडितको हितलाई ध्यानमा राखी अदालती कार्यमा सहयोग पुऱ्याउने,

---

[४२] दफा १४
[४३] दफा १६
[४४] दफा १७
[४५] दफा २५
[४६] दफा २६
[४७] दफा २७

६. सरकारी वकिल कार्यालयमा पीडित तथा साक्षी उपस्थित हुँदा प्रतीक्षा गर्ने प्रयोजनको लागि छुट्टै प्रतीक्षालयको व्यवस्था गर्नुपर्ने,
७. पीडितको सम्पत्तिको सुरक्षाको व्यवस्था गर्नेतर्फ पहल गर्ने ।

**(ख) मुद्दा सुनुवाइको क्रममा**

१. पीडितको उपचार वा शारीरिक जाँच एवम् संरक्षणका सम्बन्धमा के कस्तो कार्य भइरहेको छ वा उपलब्ध गराउनुपर्ने कानुनी एवम् मानबीय संरक्षण प्रदान भएको छ/छैन भन्ने सम्बन्धमा जानकारी राख्ने र नभएमा निम्न विषयमा अनुसन्धान अधिकारीलाई निर्देशन दिनुपर्ने :
   (क) उपचार नभएमा नजिकको स्वास्थ्य केन्द्र वा अस्पतालमा लगी जाँच एवम् उपचार गराउने,
   (ख) संरक्षणगृहमा राख्ने,
   (ग) कानुन बमोजिमको अधिकारको बारेमा जानकारी गराउने ।
२. पीडितलाई निजको सुरक्षा, बसोवास र स्वास्थ्य उपचारको सम्बन्धमा कुनै समस्या छ/छैन बुझी सम्भव भएसम्म आवश्यक सहयोगको लागि गैरसरकारी संस्था, स्वास्थ्य उपचार केन्द्रहरू, स्थानीय निकाय, समाजसेवीसँग समन्वय गरी व्यवस्था गर्ने,
३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने अवस्थामा सर्वोच्च अदालतबाट जारी भएको गोपनीयता सम्बन्धी निर्देशिका बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने, बन्द इजलासबाट हेरिनुपर्ने मुद्दा भए सोको दाबी लिने,
४. पीडितलाई क्षतिपूर्ति दिलाउनुपर्ने भएकोले अभियुक्तको सम्पत्तिको लगत लिने कार्य गर्न र त्यस्तो सम्पत्ति रोक्का राख्न मागदाबी लिने,
५. स्थानीय तहमा रहेका संरक्षण गृहहरूको विवरण सङ्कलन गरी पीडितलाई सेवा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,
६. अदालतले दिएको आदेश तथा निर्देशनहरूको छिटोछरितो रूपमा कार्यान्वयन गर्ने,
७. पीडितमैत्री न्यायिक प्रक्रिया कायम गर्न प्रहरी, अदालत र पीडितलाई सहयोग गर्ने,
८. पीडितलाई प्रचलित न्यायिक प्रक्रियाको बारेमा जानकारी दिलाउनुपर्ने,
९. मुद्दामा भइरहेको काम कारबाही र प्रक्रियाको बारेमा समय समयमा पीडितलाई जानकारी गराउने,
१०. मुद्दाको कारबाहीमा कुनै प्रकारको अनुचित ढिलाइ वा बेरीतको देखिएमा छिटोछरितो गराउन पहल गर्ने,
११. पीडितको हित रक्षाको लागि कानुनी उपचारको बाटो अवलम्बन गर्ने,
१२. पीडितको उपचारको लागि लामो समयसम्म टाढाको स्थानमा जानुपर्ने भएमा वा अन्य कुनै कारणले विशेषज्ञ वा साक्षीको तत्काल बकपत्र गराउनुपर्ने भएमा सो सम्बन्धी कारण खुलाई अदालतसँग बकपत्र गर्ने व्यवस्थाको लागि अनुरोध गर्ने,
१३. पीडितको बकपत्र गराउने कार्यमा पूर्वतयारीका साथ उपस्थित भई पीडितमैत्री ढङ्गबाट बकपत्र गराउने,
१४. पीडित संरक्षण सम्बन्धी आधारभूत ज्ञान सीप आर्जन गरी तदनुकूलको कारबाही दुरुस्त गर्ने,
१५. मुद्दा सुनुवाइको क्रममा पीडित संलग्न हुन चाहेमा सोको व्यवस्था मिलाउनुपर्ने,
१६. पीडितले पाउने क्षतिपूर्ति रकम भराउने सम्बन्धमा तयारी गर्ने,

१७. पीडित संरक्षणको सम्बन्धमा अदालत, प्रहरी, स्थानीय प्रशासन, सरकार र स्थानीय निकायबीचको सम्पर्क माध्यम तथा सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने,
१८. अदालतबाट भएको फैसलाको जानकारी पीडितलाई दिने,
१९. फैसला कार्यान्वयनको लागि पीडितको तर्फबाट काम गर्ने,
२०. क्षतिपूर्ति भराउने गरी अदालतबाट फैसला भएकोमा अदालतको फैसला कार्यान्वयन शाखासँग समन्वय गरी क्षतिपूर्ति दिलाउने भराउनेतर्फ सक्रिय रहने,
२१. पीडितको संरक्षणको लागि राज्यको प्रतिनिधिको हैसियतले उत्तरदायित्व निर्वाह गर्नुपर्ने ।

**(ग) पुनरावेदन सम्बन्धी कारबाही**

१. अदालतबाट फैसला हुँदा अभियोगपत्र मागदाबी बमोजिम नभएमा वा कम सजाय भएमा वा मागदाबी बमोजिम क्षतिपूर्ति भराउने फैसला नभएमा पीडितलाई न्याय उपलब्ध गराउने उद्देश्यले माथिल्लो अदालतमा पुनरावेदन गर्नुपर्ने,
२. पुनरावेदन गर्ने कुनै आधार नभएमा पुनरावेदन नगर्ने निर्णय गर्दा निम्न कुरा गर्नुपर्छ :
   (क) पुनरावेदन नगर्ने भनी गरिएको निर्णयको जानकारी दिने,
   (ख पीडितको संरक्षण गर्न संरक्षण सम्बन्धमा सरकारको तर्फबाट भए गरेको व्यवस्थाको निरन्तरता कायम रहने/नरहने, कायम रहने हो भने कहिलेसम्म कायम रहने, संक्षणका थप उपायहरू अपनाउनुपर्ने नपर्ने, थप उपायहरू आवश्यक छ भने कस्तो उपायहरू अपनाउनुपर्ने भन्ने बिषयहरूमाथि विचार गरी सरकारको सम्बद्ध निकायमा सिफारिस गरी पठाउने,
३. पुनरावेदन सम्बन्धी समस्त प्रक्रियामा पनि पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता कायम गर्नुपर्नेमा सो गर्ने, बन्द इजलासबाट मुद्दाको सुनुवाइ गर्नेलगायतका पीडितसँगको व्यवहारमा विचार गर्नुपर्ने विषयमा सोही अनुसार गर्ने ।

## ५.४ पीडितको अधिकार संरक्षण सम्बन्धमा नागरिक समाजको भूमिका

मानब बेचबिखन सम्बन्धी कसुर मानवअधिकार तथा मानववविरुद्धको अपराध हो । यस्तो गम्भीर अपराधको नियन्त्रण गर्न, कसुरमा परेका व्यक्तिहरूको उद्धार गर्न, पीडितहरूको संरक्षण एवम् पुनर्स्थापना गर्न, पीडितलाई आवश्यक क्षतिपूर्ति दिलाउन, कसुरदारलाई न्यायको कठघरामा ल्याई दण्ड सजाय दिलाउन सामाजिक संस्था एवम् नागरिक समाजको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । अतः यसतर्फ नागरिक समाज बढी सजग रहनुपर्छ । यसै परिप्रेक्ष्यमा नागरिक समाजको भूमिका निम्न रहने देखिन्छ[४८] :

१. मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर हुन नदिन सामाजिक चेतना ल्याउने कार्य गर्ने,
२. मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर हुनाको सामाजिक, आर्थिक तथा अन्य कारणहरू पहिल्याई त्यस्तो समस्या समाधान गर्न प्रयास गर्ने,
३. मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर भएको जानकारी प्राप्त भएमा तत्काल पीडितलाई उद्धार गर्ने, स्वास्थ्य उपचार गर्ने, मानसिक उपचार गर्ने लगायत अन्य सहयोग पुऱ्याउन अग्रसर रहने,
४. मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको जानकारी आफ्नै पहलमा नजिकको प्रहरी कार्यालयमा दिन लगाई कसुरजन्य वारदातलाई कानुनी दायरामा ल्याउने,

[४८] मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्य सञ्चालन मापदण्ड, राष्ट्रिय न्यायिक प्रतिष्ठान र द देवाल्का फाउन्डेसन, नेपाल, २०६५

५. कसुरको अनुसन्धान प्रक्रिया, भौतिक सबुत प्रमाण सङ्कलन प्रक्रियामा अनुसन्धान अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउने,
६. अभियुक्तको पहिचान गर्न, पक्राउ गर्न र निजलाई न्यायको दायराभित्र ल्याउन हरदम प्रयासरत रहने,
७. मुद्दाको सुनवाइको क्रममा अदालतलाई सहयोग पुऱ्याउने,
८. आवश्यकता अनुसार पीडितको तर्फबाट कानुन व्यवसायीको सेवा उपलब्ध गराउन प्रयास गर्ने,
९. पीडितको तर्फबाट अदालती प्रक्रियामा आवश्यक पर्ने सहयोग पुऱ्याउने, मुद्दाको फैसला कार्यान्वयनमा अदालतलाई आवश्यक सहयोग पुऱ्याउने ।

## कार्य सम्पादन सूची

### सरकारी वकिल, नागरिक समाज तथा गैरसरकारी संस्थाको भूमिका

१. पीडितको उद्धार र सुरक्षाको लागि सदैव क्रियाशील रहने,
२. पीडितको तत्काल प्राथमिक उपचारको व्यवस्था गर्ने,
३. पीडितलाई आवश्यक पर्ने स्वास्थ्य उपचार र लत्ता कपडाको लागि गैरसरकारी संस्थाहरूको क्रियाशीलता बढाउनुपर्ने,
४. पीडितको घर परिवार, आफन्त वा नातेदारलाई तत्काल खबर गर्ने,
५. पीडितलाई मानसिक उपचार गर्ने संस्थाहरूलाई सहयोगको लागि अनुरोध गर्ने,
६. पीडितलाई सुरक्षित स्थानमा राख्ने,
७. पीडितसँग भद्र, शिष्ट, मर्यादित र मानवीय व्यवहार गर्ने,
८. पीडितलाई मुद्दाको कारबाही तथा अदालती कारबाहीबारे सविस्तार जानकारी गराउने,
९. पीडितलाई निजको अधिकारबारे जानकारी गराउने,
१०. पीडितको पुनर्स्थापना एवम् व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने ।

**हेर्नुहोस् परिशिष्टहरू :** नेपालले अनुमोदन गरेको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एवम् पीडितप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूका मुख्य व्यवस्थाहरू

# परिच्छेद-छ

## मानव बेचबिखन र ओसारपसारका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित महत्वपूर्ण नजिरहरू

१. कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोही अनुरूप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण भए नभएतर्फ नहेरिने हो भने जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ को कानुनी प्रावधानको दुरुपयोग हुन सक्ने भएकाले उक्त दफा ७ को प्रावधानलाई एकतर्फी रूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउनेको सन्दर्भमा मात्र नहेरी अपराध घटे/नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे/नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके/नसकेको समग्र वस्तुतर्फ अदालतको ध्यान जानुपर्ने । (**निर्णय नं. ८०७३, ने.का.प.** जेठ २०६६, मुद्दा : जीउ मास्ने बेच्ने, *शान्ता तामाङको जाहेरीले नेपाल सरकार*विरुद्ध *रवीन्द्र सिलवाल)*

२. कसुरको अनुपातमा सजाय गर्नुपर्ने गरी तजबिजी अधिकार (Discretionary power) अदालतलाई प्रदान गरेको पाइदा सजायको न्यूनतम र अधिकतम हद ऐनले नै निर्धारण गरेको अवस्थामा कसुरको गम्भीरताको आधारमा कसुरको मात्रा निर्धारण गरी सोही अनुपातमा सजाय गर्ने गरी न्यायपूर्ण ढङ्गले तजबिजी अधिकारको प्रयोग गर्नुपर्ने ।
अन्य प्रतिवादीहरू तथा पीडितको साथमा लागि जानुसम्मको क्रियाकलाप कसुरको रूपमा मानेको अवस्थामा पनि त्यसबापत अधिकतम वा उच्चतम सीमाको सजाय गर्नु न्यायपूर्ण नहुने । (*सावित्री वि.क. को जाहेरीले नेपाल सरकार* विरुद्ध *शेरे भन्ने शेरबहादुर लामासमेत,* मुद्दा : जीउ मास्ने बेच्ने, ने.का.प. २०६५, अंक ७)

३. जाहेरवालीको बयान जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ६(२) बमोजिम प्रमाणित भएको अवस्थामा र प्रमाण ऐन, २०३१ को दफा १०(१) क बमोजिम पीडित व्यक्तिले घटनाका तत्कालपछि व्यक्त गरेको कुरा अदालतले प्रमाणमा ग्रहण गर्न हुने व्यवस्थासमेत रहेको अवस्थामा पीडित जाहेरवालीको जाहेरी एवम् प्रमाणित बयानलाई अन्यथा हो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादीसमक्ष पर्न आउने ।
जहाँसम्म जाहेरवाली अदालतमा आई बकपत्र नगरेको अवस्थामा निजको जाहेरी प्रमाणमा ग्रहणयोग्य हुने भन्ने जिकिरका सम्बन्धमा जाहेरवाली पीडित स्वयम्ले किटानी जाहेरी दिएको र निजको बयानसमेत अदालतबाट प्रमाणित भइसकेको सो जाहेरी एवम् बयानमा वर्णित घटनाक्रमलाई अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा स्वीकार गरेको अवस्थामा पीडितलाई पुनः अदालतसमक्ष झिकाई बकपत्र गराई निजको वेश्यालयमा रहँदाको नारकीय जीवनको उल्झन गराइरहनु पीडित जाहेरवालीको निमित्त न्यायोचित नदेखिने ।
स्वास्नी बनाउने प्रलोभन देखाई पीडितलाई वेश्यालयमा लगी बिक्री गरेको र पीडित वेश्यालयको नारकीय जीवनबाट उम्की स्वयम् जाहेरी दिई अदालतमा निजको बयान प्रमाणितसमेत भएको देखिएको र पीडितलाई न्यायोचित व्यवहार, सहयोग, सम्मान, पुनर्स्थापना, मानवोचित व्यवहार गरिनुपर्ने पीडित शास्त्रको (Doctrine of Victimology) सिद्धान्तसमेतका सन्दर्भमा जाहेरवाली पीडितको अदालतसमक्ष बकपत्र नभएको हुँदा जाहेरी एवम् प्रमाणित बयान प्रमाणमा ग्रहण गर्न मिल्ने । *सुनिल लामा भन्ने कृष्णबहादुर लामा*विरुद्ध *सम्झना लामाको जाहेरीले श्री ५ को सरकार,* फैसला मिति : २०६१।९।१६।६, मुद्दा : जीउ मास्ने बेच्ने ।

४. अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको र बलपूर्वक बयान गराएको भन्नेसमेत पुष्टि हुन नसकेको अवस्थामा प्रमाणयोग्य हुने ।

मानिस अपहरण गरी विदेशमा लगी रकम लिई बिक्री गरेको कार्य तत्कालीन अवस्थामा प्रचलनमा रहेको कानुन जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ले निषेध गरेको आपराधिक कार्य मान्नुपर्ने ।

मानिस बेच्नेजस्तो जघन्य अपराध गरेको पुष्टि भएको र त्यस्तो अपराध रोक्न एवम् अपराधीलाई सजाय गर्न बनेको विशेष ऐन कार्यान्वयनमा रहेकै अवस्थामा उक्त कानुन नै आकर्षित हुने ।

सार्वजनिक अपराध र सजाय ऐन, २०२७ र जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ का कुनै प्रावधान बाझिएका भएमा समेत पछिल्लो अर्थात् २०४३ सालको ऐनको प्रावधान लागू हुन्छ । अर्कातर्फ यो २०४३ सालको खास अपराधको रोकथामका लागि बनेको विशिष्ट ऐनले आफ्नो परिधिमा समावेश गरेको अपराधका लागि अन्य प्रयोजनका लागि २०२७ सालमा बनेको ऐन आकर्षित नहुने । (मुद्दा : जीउ मास्ने बेच्ने र डाका, करिमन भन्ने राजदेव हजरा दुसाधविरुद्ध देवेन्द्रप्रसाद केसरीको जाहेरीले नेपाल सरकार, निर्णय नं.८४२१, फैसला मिति : २०६७।१।१५।४)

५. मौकामा जिल्ला न्यायाधीशसमक्ष प्रमाणित बयानमा उल्लेख गरेको कुरालाई मिसिलबाट देखिएको परिस्थिति र प्रमाणबाट समर्थित भएको खण्डमा महत्वहीन र निस्प्रभावी रूपमा लिन नमिल्ने ।

अदालतमा पीडितको भनाइ प्रमाणित भएपछि निजले अदालतमा बकपत्र गर्दा अन्यथा भन्नुले खास असर पार्ने हुँदैन । मौकामा प्रमाणित भएको त्यस्तो भनाइलाई मिसिलबाट देखिएको परिस्थिति र अन्य प्रमाणबाट समर्थित भएको खण्डमा प्रमाणमा लिनुपर्ने ।

मिसिल संलग्न प्रमाण एवम् मिसिल संलग्न तथ्यले देखाएको परिस्थितिले प्रतिवादीउपरको अभियोग पुष्टि हुने अवस्था निःसन्देहात्मक रूपमा देखापर्दछ भने अदालतमा प्रमाणको रूपमा पेस गरिएको व्यक्तिले प्रतिकूल भनाइ राखे पनि फौजदारी न्यायको उद्देश्यलाई अनदेखा गरी निर्णय गरिन नहुने । (निर्णय नं. ८१६६, ने. का. प. असोज, २०६६, कमलादेवी चौलागाईको जाहेरीले नेपाल सरकारविरुद्ध खेमराज पाण्डेसमेत, मुद्दा : जीउ मास्ने बेच्ने)

६. पीडितहरूलाई बम्बै वेश्यालयमा बिक्री गरेको र पछि विभिन्न मितिमा उम्की भागी आएको कुरामा विवाद नहुँदा पीडितहरूलाई बम्बै लगी बिक्री गर्ने अपराधीहरू को हुन् भन्ने कुराको बारेमा पीडितहरूको भनाइ विश्वसनीय हुने हुनाले प्रमाणको लागि बढी ग्राह्य हुने । ( ने.का.प.२०६१ अंक ९ नि.नं. ७४३७ पृ. ११८३, रेनुका पौडेलसमेत वि. श्री ५ को सरकार मुद्दा : जीउ मास्ने बेच्ने)

७. मुद्दा कारबाहीरत अवस्थामा विद्यमान कार्यविधि व्यवस्था नै सो मुद्दामा अवलम्बन गर्नुपर्ने हुँदा पीडितले मौकामा दिएको बयान अदालतबाट प्रमाणितसमेत भएको समेत कुरालाई आधार मान्दा प्रतिवादीले कसुर गरेको ठहर्ने । (स.अ.बु. वर्ष १० अंक १५ पृष्ठ ६ पासाङ्ग दावा तामाङ्गविरुद्ध श्री ५ को सरकार),

८. पीडितलाई विदेशमा वेश्यावृत्तिमा लगाएको कार्य पीडितको किटानी जाहेरी, जाहेरीलाई सोही रूपमा अदालतमा आई गरेको बकपत्र एवम् साक्षीको बकपत्रबाट प्रतिवादीहरूले कसुर गरेको पुष्टि हुने । (स.अ.बु.२०६१ वर्ष १३ अङ्क ११ पूर्णाङ्क २९३ पृष्ठ १६ *कमल बस्नेत*विरुद्ध *श्री ५ को सरकार*)

९. जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी थमबहादुरबाहेकका अन्य प्रतिवादीहरूले बिक्री गरेको भनी आफ्नो मौकाको अदालतबाट प्रमाणित भएको बयान विपरीत हुने गरी बयान गरेकोसम्म देखिए पनि निजको सो बयान मिसिल संलग्न अन्य प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन । आफ्नो सहोदर दाजु र छोरालाई सामान्य रिसइवीका कारणले मात्र जीउ मास्ने बेच्नेजस्तो संगीन अपराधमा बहिनी र बाबुसमेतले फसाएको होला भनी सहज रूपमा अनुमान गर्न मिल्ने अवस्थासमेत मिसिलबाट देखिन नआएकोले अभियोग दाबीको कसुर ठहर गरेको फैसला

मिलेकै देखिँदा सदर हुने । (*थमबहादुर थापा*विरुद्ध *श्री ५ को सरकार*, मुद्दा जीउ मास्ने बेच्ने, संवत् २०५७ सालको फौ.पु.नं. २३५४, फैसला मिति २०५८ भाद्र १४ गते ।)

१०. जाहेरवाली तारा बदेनीले अदालतमा प्रतिवादीहरूलाई सफाइ दिने गरी बकपत्र गरे पनि दिल्लीसम्म गएको तथ्यलाई स्वीकार गरेको छ । ... यस स्थितिमा प्रतिवादी अपिसरा बदेनीले जाहेरवाली तारा नेपाली बदेनीलाई दिल्ली लगी बिक्री गरेको उपरोक्त आधार प्रमाणबाट पुष्टि हुन आएको देखिँदा सुरु बाँके जिल्ला अदालतले अभियोग दाबी अनुसार ठहर गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन्छ । (*अपिसरा बदेनी*विरुद्ध *श्री ५ को सरकार*, मुद्दा जीउ मास्ने बेच्ने, संवत् २०६० सालको फौ.पु.नं. ३३२४, फैसला मिति २०६१ जेष्ठ २९ गते ।)

# परिशिष्ट १

## विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४

**प्रस्तावना**

नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हक अन्तर्गत गोपनीयताको हक समावेश गरी न्यायिक उपचारको हकसमेतको प्रत्याभूत गरेको भए तापनि सोको संरक्षणका लागि निश्चित कानुनी व्यवस्थाको अभावमा एच.आई.भी/एड्स सङ्क्रमित व्यक्तिले आफू सङ्क्रमित भएको स्थितिमा, महिलाले आफूविरुद्ध हिंसा भएको स्थितिमा र बालबालिकाले कानुनसँगको द्वन्द्व बेहोरेको स्थितिमा आफूउपर भएको अन्यायविरुद्ध उपचार माग्न वा न्यायमा पहुँच पाउन व्यवधान महसुस गरेको अनुभव भइरहेको, मुद्दा मामिलाको अनुसन्धानदेखि फैसला कार्यान्वयनसम्मका कारबाहीका क्रममा र सोपश्चात्को अवधिमा समेत निजहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखी दिएको कारण आत्मसम्मानपूर्वक जीवनयापन गर्नमा थप सङ्कट र असुविधा बेहोर्नुपरिरहेको सन्दर्भमा यस्ता वर्गका व्यक्तिको गोपनीयताको अधिकारको संरक्षण गर्न कार्यविधिसहितको आवश्यक कानुनी व्यवस्था गर्न नेपाल सरकारको नाममा यस अदालतबाट निर्देशात्मक आदेश जारी गर्ने निर्णय भएको र सो बमोजिम आवश्यक कानुन बनाई व्यवस्थित नभएसम्मका लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) द्वारा प्रदत्त अधिकारअन्तर्गत यस अदालतको अन्तर्निहित अधिकार प्रयोग गरी उपरोक्त विशेष प्रकृतिका मुद्दा मामिलाको कारबाहीका हरेक चरणमा लागू हुने गोपनीयताको हक संरक्षणको लागि गोपनीयता कायम राख्ने सम्बन्धी यो निर्देशिका जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस निर्देशिकाको नाम "विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४" रहेको छ ।

(२) यो निर्देशिका आजका मितिले तीस दिनपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

(क) "मुद्दा" भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भनी सम्बन्धित अधिकारीले निर्णय गरी तोकिदिएका देहायका प्रकृतिका मुद्दा सम्झनुपर्छ :

(१) मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जीउ मास्ने, बेच्ने, हाडनाता करणी एवम् महिलाविरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरू,

(२) बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू,

(३) एच.आई.भी/एड्सबाट प्रभावित वा सङ्क्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरू ।

(ख) "व्यक्तिगत परिचयात्मक विवरण" भन्नाले,

(१) खण्ड (क) को देहाय (१) मा उल्लिखित मुद्दाको हकमा पीडित महिलाको नाम, थर, वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ ।

(२) खण्ड (क) को देहाय (२) मा उल्लिखित मुद्दाको हकमा पक्षको रूपमा रहेका बालबालिकाको नाम, थर, वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ ।

(३) खण्ड (क) को देहाय (३) मा उल्लिखित मुद्दाहरूको हकमा एच.आई.भी/एड्सबाट प्रभावित वा सङ्क्रमण भएको व्यक्तिको त्यसरी प्रभावित वा सङ्क्रमण भएको पहिचान खुल्न सक्ने लगायतका सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ ।

(ग) "सम्बन्धित अधिकारी" भन्नाले जिल्ला अदालतको हकमा जिल्ला न्यायाधीश, पुनरावेदन अदालत र सर्वोच्च अदालतका हकमा रजिस्ट्रार र अन्य निकाय वा कार्यालयको हकमा सम्बन्धित कार्यालयका कार्यालय प्रमुखलाई जनाउनेछ ।

**३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने**

(१) अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाइ, फैसला, फैसला कार्यान्वयन लगायतका सम्पूर्ण काम कारबाहीका क्रममा र फैसला कार्यान्वयनपश्चात् पनि अनुसन्धान तहकिकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय र फैसला कार्यान्वयन गर्ने निकाय लगायतका सम्पूर्ण निकायहरूले दफा २ बमोजिमका मुद्दामा पीडित पक्षको रूपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई फिरादपत्र, प्रतिउत्तरपत्र, उजुरी, निवेदन, प्रतिवेदन, पुनरावेदनपत्र, फैसला वा अदालत वा अन्य निकायले प्रकाशन गर्ने सार्वजनिक प्रकाशन लगायत सम्पूर्ण अवस्थामा गोप्य राख्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गोप्य राखिएको परिचयात्मक विवरण खुलाउन सम्बन्धित व्यक्तिलाई बाध्य पारिने छैन ।

(४) मुद्दाहरूको कारबाहीको कुनै पनि चरणमा उपस्थित भई गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण थाहा पाउने कुनै पक्ष वा निजको कानुन व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारी लगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण कसैसँग पनि प्रकाश गर्नु हुँदैन ।

(५) यस निर्देशिका बमोजिम गोप्य राखिएका विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य राख्नुपर्नेछ ।

**४. गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुला गर्न सकिने**

गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण देहायको अवस्थामा आवश्यकता देखिएको हदसम्म खुला गर्न अनुमति दिन सकिनेछ :

(१) कानुन बमोजिम खुला गर्न आवश्यक ठहऱ्याई गोप्य राख्नुपर्ने अधिकारीले अनुमति दिएमा,

(२) स्वच्छ न्यायिक सुनुवाइको संरक्षणका लागि आवश्यक देखिएमा,

(३) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिले सो विवरण गोप्य राख्न जरुरी नभएको भनी लिखित निवेदन दिएमा ।

**५. गोपनीयता कायम गर्ने प्रक्रिया**

(१) दफा ३ बमोजिम गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू छुट्टै पानामा लेखबद्ध एवम् सिलबन्दी गरी गोप्य राखिएको विवरणलाई सङ्केत गर्न छुट्टै परिचयात्मक नाम वा सङ्ख्या वा चिन्ह दिनुपर्नेछ र सोको प्रमाणीकरण सम्बन्धित अधिकारीले गर्नुपर्नेछ ।

(२) यस निर्देशिका बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नुपर्ने भएमा सोलाई सिलबन्दी गरी सोको बेहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्नुपर्नेछ ।

(३) गोप्य राखिएको विवरणहरूको गोप्यता संरक्षणको लागि सम्बन्धित अदालत वा कार्यालयले त्यस्तो मिसिलहरूको छुट्टै लगत खडा गर्ने, सङ्केत चिह्न दिने र अभिलेख संरक्षण गर्ने व्यवहार गर्नुपर्नेछ ।

(४) कसैले आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी पाउन माग गरेमा सो बमोजिम गोप्य राख्ने वा नराख्ने भन्नेबारेमा सम्बन्धित अधिकारीले निर्णय गरे बमोजिम हुनेछ । यसरी माग भएका मुद्दामा व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने भए त्यसको कारणसहितको पर्चा खडा गर्नुपर्नेछ ।

**६. परिचय**

(१) मुद्दाको अनुसन्धान वा कारबाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरू उल्लेख गर्दा निजलाई सङ्केत गर्न दिइएको नाम, नम्बर वा चिन्हद्वारा नै गरिनेछ । निजको दस्तखतसमेत सोही सङ्केत, नाम, नम्बर वा चिन्हबाट गर्नुपर्नेछ ।

(२) यस निर्देशिका बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको सङ्केत, नाम, नम्बर वा चिन्ह उल्लेख भएको परिचयपत्र दिनुपर्नेछ ।

**७. म्याद, सूचना र पत्राचार**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा समाह्वान, इतलायनामा वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको सङ्केत, नाम, नम्बर वा चिन्हबाट गर्नुपर्नेछ । सो सम्बन्धी आधिकारिक परिचयको लागि अर्को पक्षले माग गरेमा गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण अनावश्यक रूपले खुला नहुने व्यवस्था मिलाई सिलबन्दी गरिएको विवरण खोली जानकारी दिनुपर्नेछ र काम सकिएपछि पुनः सिलबन्दी गरी राख्नुपर्नेछ ।

**८. सूचना प्रकाशनमा बन्देज**

यस निर्देशिका बमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचार प्रसार गर्न हुँदैन ।

**९. गोपनीयता भङ्ग गरेमा कारबाही हुने**

(१) यस निर्देशिका विपरीत कसैले परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको वास्तविक पहिचान खुल्ने गरी नाम र विवरणहरू सार्वजनिक गरेमा निजले अदालतको आदेशको उल्लङ्घन गरेको मानी अदालतको अवहेलनामा कारबाही चलाइनेछ ।

(२) बन्द इजलासको कारबाहीको सिलसिलमा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरू बन्द इजलासबाहिर कुनै पनि तेस्रो पक्षसमक्ष खुला गर्न पाइने छैन । सो विपरीत कुनै काम गरेमा अनुशासन सम्बन्धी विभागीय कारबाहीसमेत गर्न सकिनेछ ।

**१०. उजुर गर्ने निकाय**

यो निर्देशिकाको बर्खिलाप कार्य गरेकाले कारबाही गरी पाऊँ भनी कुनै कर्मचारीको विरुद्धमा उजुरी दिनुपर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखसमक्ष र कार्यालय प्रमुखको हकमा एक तहमाथिको सम्बन्धित निकायमा उजुरी दिनुपर्नेछ । यसरी पर्न आएको उजुरीका सम्बन्धमा सात दिनभित्र टुङ्गो लगाइसक्नुपर्नेछ ।

**११. निर्देशिकाको पालना**

यो निर्देशिका बमोजिम कार्य गर्नु सम्बन्धित कार्यालय, अदातल एवम् सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१२ . निर्देशिकाको कार्यान्वयन सम्बन्धी व्यवस्था**

(१) यो निर्देशिका सर्वसाधारणको जानकारीको लागि आम सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्नुपर्नेछ ।

(२) यो निर्देशिका सबै तहका अदालत, प्रहरी कार्यालय तथा सरकारी वकिल कार्यालयको सूचना पाटीमा टाँसिनेछ ।

(३) यो निर्देशिका कार्यान्वयन गर्दा बाधा अड्काउ पुग्न गएमा सम्बन्धित अधिकारीले उपयुक्त तरिका अपनाई बाधा अड्काउ फुकाउनेछ । तर सम्बन्धित अधिकारीबाट बाधा अड्काउ फुक्न नसकेमा प्रतिवेदन पेस गरी सर्वोच्च अदालतले बाधा अड्काउ फुकाई निकास दिनुपर्नेछ ।

(४) यो निर्देशिका बमोजिमका प्रावधानहरू हाल चालू अवस्थामा रहेका मुद्दाहरूका हकमा समेत अबको काम कारबाहीमा अनुसरण गर्नुपर्नेछ ।

**१३. प्रचलित कानुन बमोजिम हुने**

यो निर्देशिकामा व्यवस्था भएदेखि बाहेकका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

# परिशिष्ट २

## अभियोगको ढांचा

अभियोग

अदालतले भर्ने :-
दर्ता नं. :-
दर्ता मिति :-

श्री ...........................अदालतमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १८ अन्तर्गत दायर गरेको ।

**अभियोगपत्र**

**२० ......... सालको नम्बर :-**

.............. को जाहेरीले श्री ५ को सरकार ......................... .. वादी

**विरुद्ध**

१)
२)
३)................ ........ ............ ............. ....... ... . ||||प्रतिवादी

मुद्दा :-

केशको व्यहोरा :-
१)
२)
३)
अभियोग :-
सबुत प्रमाण :-
दसी प्रमाण तथा अपराधसँग सम्बन्धित चिज वस्तु :-
गवाह :-
देख्ने :-
(क)
(ख)
(ग)
सुन्ने :-
(क)
(ख)
दसीको सामान वा अपराधीसँग प्रमाण लाग्ने अरू चिज वस्तु :-
(क)
(ख)
(ग)

प्रस्तुत कागज पत्रहरू :-
(क)
(ख)
(ग)

यो अभियोगपत्रबाट कारबाही सुरु गर्न अदालतसँग सादर अनुरोध गरिन्छ ।

कार्यालयको छाप :-

सरकारी वकिलको :-
नाम :-
दर्जा :-
कार्यालय :-
मिति :-

द्रष्टव्य :-

(१) अभियोगको कुरा लेख्दा ऐनको दफा १८ बमोजिम खुलाउनुपर्ने कुरासमेत सोही सिलसिलामा खुलाई लेख्नुपर्छ,
(२) तहकिकातबाट अभियुक्त देखिएका सबैको नाम, थर, वतनविरुद्ध खण्डमा सिलसिला नम्बर मिलाई लेख्नुपर्छ ।
(३) सबुत प्रमाण कागजको हकमा जो भएको माथिको ढाँचामा मिलाई लेख्नुपर्छ ।

# परिशिष्ट ३

## आफन्तसाग भेटघाट र मानवोचित व्यवहार सम्बन्धमा विकसित अन्तर्राष्ट्रिय कानुन तथा अभ्यास

### १. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

(Universal Declaration of Human Rights, 1948. Article 11 (1) and (2))

धारा ११

(१) दण्डनीय कसुरको आरोप लागेको प्रत्येक व्यक्तिलाई उसको प्रतिरक्षाको लागि आवश्यक सबै कानुनी प्रत्याभूतिसहितको खुला पुर्पक्षपश्चात् दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार रहेको छ ।

(२) कसैलाई पनि निजले कुनै कार्य गरेको वा नगरेको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनले सो कार्य वा अकार्यलाई दण्डनीय अपराध कायम नगरेको अवस्थामा दण्डनीय कसुरको दोषी बनाइने छैन । कसुर गर्दाको समयमा कायम रहेको भन्दा बढी सजायको भागीदार पनि बनाइने छैन ।

### २. संयुक्त राष्ट्रसङ्घद्वारा पारित जुन सुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिहरूको सुरक्षा सम्बन्धी सिद्धान्त संग्रह, १९८८

(United Nations Body Principles for the Protection of All Persons under any form of Detention or Imprisonment, 9 December 1988. Article 11,17,18)

धारा ११

(१) न्यायिक वा अन्य अधिकरीबाट अविलम्ब सुनुवाइ हुने प्रभावकारी अवसर नदिने गरी कसैलाई पनि थुनामा राखिने छैन । थुनिएको व्यक्तिलाई कानुनले तोके अनुसार प्रतिरक्षा गर्ने वा परामर्शदाताहरूको सहयोग पाउने अधिकार हुनेछ ।

(२) थुनिएको व्यक्ति वा निजको परामर्शदाता भए परामर्शदाताले समेत कारणसहितको थुनछेकको कुनै पनि आदेशको जनाउ पाउनेछन ।

धारा १७

(१) थुनिएको व्यक्तिलाई कानुनी परामर्शदाताको सहायता लिने हक हुनेछ । निजलाई पक्राउ गरिएको लगतै पछि यस हकको जानकारी सक्षम अधिकारीबाट दिइनेछ र यसको प्रयोजनको लागि मुनासिब सरसुविधा उपलब्ध गराइनेछ र यसको प्रयोजनको लागि मुनासिब सरसुविधा उपलब्ध गराइनेछ ।

(२) थुनिएको व्यक्तिको निजैले इच्छाएको कानुनी परामर्शदाता नभएमा, न्यायको हितले आवश्यक हुने सबै मामिलामा र पारिश्रमिक दिन निज असमर्थ भएमा निःशुल्क रूपमै, न्यायिक वा अन्य अधिकारीबाट निजका निमित्त नियुक्त वा निर्दिष्ट कानुनी परामर्शदाता प्राप्त गर्ने हक हुनेछ ।

धारा १८

(१) थुनिएको कैद ठेकिएको व्यक्तिलाई कानुनी परामर्शदातासँग संवाद सम्पर्क र परामर्श गर्ने हक हुनेछ ।

(२) थुनिएको वा कैद ठेकिएको व्यक्तिलाई निजको कानुनी परामर्शदातासँग परामर्शका लागि पर्याप्त समय र सरसुविधा दिइनेछ ।

(३) अपवादजनक परिस्थितिमा बाहेक थुनिएको वा कैद ठेकिएको व्यक्तिको कानुनी परामर्शदातासँग बिनाढिलाइ वा बिनासेन्सरसिप र पूर्णतः गोपनीयतापूर्वक परामर्श र संवाद सम्पर्क गर्ने अधिकार

निलम्बन वा सीमित गरिने छैन । सुरक्षा र अमनचैन कायम गर्न अपवादजनक परिस्थिति अपरिहार्य छ भन्ने कुरा न्यायिक वा अन्य अधिकारीद्वारा विचार गरिने गरी कानुन वा कानुनसम्मत नियमद्वारा तोकिनुपर्नेछ ।

(४) थुनिएका वा कैद ठेकिएको व्यक्ति र निजको कानुनी परामर्शदाताबीचको वार्तालाप कानुन कार्यान्वयन गर्ने अधिकारीले देख्ने तर कुरा सुन्न नपाउने गरी हुन सक्नेछ ।

(५) थुनिएका वा कैद ठेकिएको व्यक्ति र निजको कानुनी परामर्शदाताबीचको सञ्चारलाई अपराधको निरन्तरता दिने वा सोको इरादा गर्ने नभएसम्म थुनिएको वा कैद ठेकिएको व्यक्तिविरुद्ध प्रमाणमा लिइने छैन ।

## ३. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

(International Covenant on Civil and Political Rights, 1966 Article 14)

धारा १४

(३) प्रत्येक व्यक्तिविरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहाय बमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछ :-

(ख) आफ्नो प्रतिरक्षाको तयारीको लागि पर्याप्त समय एवम् सरसुविधा पाउने र आफूले रोजेको कानुनी सल्लाहकारसंग कुराकानी गर्न पाउने ।

(घ) आफ्नो उपस्थितिमा सुनवाइ हुने, तथा आफू स्वयम्ले वा आफूले रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोका लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानुनी सहायता पाउने ।

## ४. बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम निर्देशिकाको नियमावली, १९५५

(Standard Minimum Rules for the Treatment of Prisoners, 1955 Article 93)

नियम ९३ निजको प्रतिरक्षाको प्रयोजनका लागि पुर्पक्ष नगरिएको बन्दीलाई त्यस्तो सहायता उपलब्ध रहेका ठाउँमा निःशुल्क कानुनी सहायताका लागि आवेदन गर्न, प्रतिरक्षाका दृष्टिले निजको कानुनी सल्लाहकारसँग भेटघाट गर्न र निजलाई गोप्य निर्देशन तयार तथा हस्तान्तरण गर्न दिइनेछ । यी प्रयोजनहरूका लागि निजले चाहेमा लेखन सामग्रीहरू उपलब्ध गराइनेछ । बन्दी र सुन्न नसक्ने गरी हुनेछ ।

## ५. कानुन व्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९०

(Guidelines on the Role of Prosecutors 1990 Article 1,5,6,7,8)

धारा १. सबै व्यक्तिलाई आफ्ना अधिकारको संरक्षण तथा स्थापना र फौजदारी कारबाहीका हरेक चरणमा प्रतिरक्षाका लागि आफूले रोजेको कानुन व्यवसायीको सहयोग माग्ने हक छ ।

धारा ५. पक्राउ वा थुनछेक वा फौजदारी कसुरको आरोपित हुँदा आफूले रोजेको कानुन व्यवसायीबाट सहयोग लिने अधिकारका बारेमा सबै व्यक्तिलाई सक्षम अधिकारीद्वारा तुरुन्तै सुसूचित गरिने कुरा सरकारहरूले सुनिश्चित गर्नेछन् ।

धारा ६. आफ्नो कानुन व्यवसायी नभएका व्यक्तिहरूलाई, न्यायको हितमा आवश्यक भएका सबै मामिलामा, प्रभावकारी कानुनी सेवा उपलब्ध गराउनका लागि, उनीहरूसित त्यस्ता सेवाको

सेवा शुल्क तिर्ने पर्याप्त माध्यमको कमी भए निःशुल्क रूपमै, कसुरको प्रकृतिसित तालमेल हुने गरी सक्षमता र अनुभव भएको कानुन व्यवसायी राख्न पाउने हक हुनेछ ।

धारा ७. फौजदारी आरोप साथ वा रहित जे भए पनि पक्राउ परेका र थुनिएका सबैं व्यक्तिलाई, जुनसुकै मामिलामा पक्राउ गरिएको वा थुनिएको समयबाट ४८ घन्टाभित्रै शीघ्रतासाथ कानुन व्यवसायीसँगको पहुँच पाउने कुरा सरकारहरूले थप सुनिश्चित गर्नेछन् ।

धारा ८. पक्राउ गरिएका, थुनिएका वा कैद गरिएका सबै व्यक्तिलाई, ढिलाइ, हस्तक्षेप वा सेन्सरसिप नगरीकन र पूर्ण गोपनीयतासाथ कानुन व्यवसायीसँग भेटघाट, कुराकानी र सरसल्लाह गर्न पर्याप्त अवसर, समय र सरसुविधा उपलब्ध गराइनेछ ।

## ६. अन्तरदेशीय सङ्गठित अपराधविरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००१

United Nation Convention Against Transnational Organized Crime 2001, Art. 24 & 25

## ७. मानव ओसारपसार विशेषगरी महिला तथा बालबालिकाको रोकथाम गर्ने दबाउने र सजाय गर्ने सम्बन्धमा अन्तरदेशीय सङ्गठित अपराधविरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पूरकको प्रोटोकल, २००१

Protocal to Prevent, Supress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the United Nations Convention Against Transitional Organized Crime 2001, Art.6-11

## ८. अपराध र शक्तिको दुरुपयोगबाट पीडित भएकाहरूको लागि न्यायका आधारभूत सिद्धान्त सम्बन्धी घोषणा, १९८५

Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Authority 1985

# परिशिष्ट ४

## महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्रको मुख्य व्यहोरा

क) अभियोग लगाउदा सरकारी वकिलबाट अपराध भएको हो होइन अपराध भएको वा घटेको प्रमाण तथा को को अभियुक्तउपर के के आधार प्रमाणमा क-कसलाई कुन कुन अपराधमा सजाय गरिनुपर्ने हो स्पष्ट उल्लेख भएको हुनुपर्दछ। अभियुक्तको नाम र सजाय माग गरेको कानुनको दफा मात्र उल्लेख गर्नु उपयुक्त होइन तसर्थ अभियोगपत्र तयार गर्दा माथि उल्लेख भएका कुराहरू स्पष्ट उल्लेख गरी अभियोगपत्र तयार गर्ने । (सबै पुनरावेदन तथा जिल्ला सरकारी वकिल कार्यालयहरूलाई मिति २०५५।१०।११ मा च.नं. ४४६७ नं. को परिपत्र)

ख) सरकारी वकिलले अभियोगपत्र तयार गरी मुद्दाको अभियोजन गर्दा अभियोग सम्बन्धमा ऐन, कानुन तथा सम्बन्धित दफाहरूबारे विस्तृत अध्ययन गरी यकीन भई मात्र गर्ने गराउने । (ऐ. ऐ. २०५६।१।२४ मा च.नं. ६४२४ नं. को परिपत्र),

ग) अनुसन्धानको सिलसिलामा पक्राउमा परेका विदेशी नागरिकहरूको हकमा कागज गराउँदा निजको स्थायी वतनको अतिरिक्त नेपाल सरहदभित्रको अस्थायी वतनसमेत खोली कागज गराई सोही वतन अभियोगपत्रमा उल्लेख गरी मुद्दा दायर गर्ने गराउने । (ऐ.ऐ. २०५७।३।२६ मा च.नं. ९०३० नं. को परिपत्र)

**द्रष्टव्य :** महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकिलहरूलाई जारी गरिएको कार्य निर्देशिका, २०६७ मा उल्लेख भएको व्यवस्थाहरूलाई समेत दृष्टिगत गर्नुपर्ने ।

# परिशिष्ट ५

## नेपालले अनुमोदन गरेको मानब बेचबिखन तथा ओसारपसार नियन्त्रणमा केन्द्रित विशेष तथा सामान्य अन्तर्राष्ट्रिय दस्तावेजहरू

(क) **विशेष महासन्धि**

- ❖ मानव बेचबिखन तथा अरूको वेश्यावृत्तिको शोषण नियन्त्रणको महासन्धि, १९४९
- ❖ मानव विशेषगरी महिला तथा बालबालिकाविरुद्धको बेचबिखनलाई रोक्न, दबाउन र सजाय गर्न अन्तर्राष्ट्रिय रूपमा सङ्गठित अपराधविरुद्धका महासन्धिको उपलेख, २०००,
- ❖ बेश्यावृत्तिको लागि महिला र बालबालिकाको बेचविखनविरुद्धको सार्क महासन्धि, २००२,
- ❖ बाल अधिकार महासन्धिको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लीलता प्रदर्शन सम्बन्धी इच्चाधीन आलेख, २०००

(ख) **सामान्य महासन्धि**

- दासत्व सम्बन्धी महासन्धि, १९२६
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धि, १९६५
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र, १९६६
- यातना तथा क्रूर, अमानविय र अपमानजनक व्यवहार तथा सजायविरुद्धको महासन्धि, १९८४
- बाल अधिकार महासन्धि, १९८९
- बालश्रमको निकृष्ट प्रकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १८२ १९९९

# सन्दर्भ सामग्री


१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, कानुन किताब व्यवस्था समिति,

२) सरकारी वकिल दिग्दर्शन, २०६३, महान्यायाधिवक्ताको कार्यालय,

३) यौन शोषणको लागि महिला तथा बालिका ओसारपसार तथा बेचबिखन अपराधको अभियोजन तथा न्यायिक कारबाही सम्बन्धी दिग्दर्शन, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) २०५९

४) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्य सञ्चालन निर्देशिका, राष्ट्रिय न्यायिक प्रतिष्ठान र द देवाल्का फाउन्डेसन, नेपाल, २०६५

५) नेपालको अन्तरिम संविधान, २०६३ कानुन किताब व्यवस्था समिति,

६) मुलुकी ऐन, २०२०, कानुन किताब व्यवस्था समिति,

७) महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकिलहरूलाई जारी गरिएको कार्य निर्देशिका, २०६७, महान्यायाधिवक्ताको कार्यालय,

८) बन्द इजलास सम्बन्धी निर्देशिका, २०६४, राष्ट्रिय न्यायिक प्रतिष्ठान,

९) श्री नृपध्वज निरौलाको मानव बेचबिखनको अपराध, यसविरुद्धको कानुन र रोकथामका उपायहरू भन्ने लेख,

१०) अपराधसंहिता, फौजदारी कार्यविधिसंहिता तथा फौज्दारी कसुर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा तथा प्रतिवेदन २०६७, कानुन तथा न्याय मन्त्रालय,

११) अपराध पीडित महिला/बालबालिका तथा साक्षीको संरक्षण दिग्दर्शन, २०६५, न्यायाधीश समाज, नेपाल

१२) http://en.wikipedia.org/wiki/Human_trafficking ,

१३) US Department of State, TIP Report 2010,

१४) US Department of State TIP Report 2008,

१५) http://www.unitar.org/ny/sites/default/files/Trafficking%20presentation_12%20June%202008.pdf,

१६) US Department of State, TIP Report 2010,

१७) http://www.gaatw.org/index.php?option=com_content&view=article&id=94&Itemid=47,

१८) http://gaatw.org/books_pdf/hrs_eng2.pdf,

१९) Protocal to Prevent, Supress and punish trafficking in Person, Especially Women and Children, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000, Art 3(a),

२०) Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, Adopted by General Assembly resolution 40/34 of 29 November 1985, Art 1.

२१) Human Rights Standards for the Treatment of Trafficked Persons 1999; Global Alliance Against Traffic in Women Foundation Against Trafficking in Women Global Rights,